सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ साउन २०८२, शनिबार (2 Aug 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १११ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्नयाँ



■ कटुताउन्मुख केपी-विद्या सम्बन्ध

मिलापको ढोकामा निर्णयको चुकुल

मदन भण्डारी फाउन्डेसनको जगमा शक्तिशाली बनेका ओली अहिले फाउन्डेसनकै त्रासमा छन्। ओलीले एमालेको ढोका बन्द गरेपछि विद्या अहिले मदन भण्डारी फाउन्डेसनलाई नै उपयोग गर्दै राजनीतिक मुभ गर्ने तयारीमा छिन्।

साउने झरीमा सुर्मासरोवर



बिरेहरू स्थानीय विशेष पहिरनसहित खाली खुट्टा अपि हिमाल गाउँपालिकाका विभिन्न गाउँबाट घाजिर र क्षेत्ती गाउँ पुग्छन्। त्यहाँबाट २४.५ किलोमिटर टाढा बझाङको सिमानामा पर्ने सुर्मासरोवर पुग्ने गर्छन्। सुर्मासरोवरमा देवीको आराधना गरी तलाउको माटोलाई प्रसादको रूपमा लिएर फर्कन्छन्।

डिस्यालिनेसन

तिर्खाएको विश्वका लागि महँगो समाधान



बर्सेनि पानीको अभाव बढ्दै जाँदा केही सम्पन्न देशले समुद्रको पानीलाई पिउनयोग्य बनाउने संयन्त्र अर्थात् 'डिस्यालिनेसन'लाई तीव्र रूपमा प्रयोगमा ल्याइरहेका छन्।

■ तेलमा उपभोक्तामाथि सर्धै झेल

अन्तर्राष्ट्रिय बजारको तुलनामा आधा मात्रै मूल्य घटाएर निगमले कमायो १४ अर्ब नाफा



कच्चा तेल १३.६४% घट्दा नेपालमा पेट्रोल-डिजेल बढीमा ७.५% मात्रै घट्यो

(विस्तृत पृष्ठ ७)

पाँच विधेयकले कांग्रेस-एमालेबिच किचलो

सत्तासाझेदार दल एक-अर्काको नियतमै प्रश्न उठाएर आरोप-प्रत्यारोपमा, विवाद संसद् र समितिको घेरा तोड्दै सामाजिक सञ्जालसम्म

■ भूमि विधेयक पुनर्लेखन गर्न प्रदेश र स्थानीय सरकारको सुझाव

विधेयक अधुरो रहेको भूमिमन्त्रीको स्वीकारोक्ति

■ संसदीय समिति भन्छ-

चालू अधिवेशनमा शिक्षा विधेयक पास नहुने लगभग निश्चित

कमलराज भट्ट/नयाँ पत्रिका

संसद्मा विचाराधीन सार्वजनिक सरोकारका पाँच प्रमुख विधेयकको विषयमा सत्तारूढ दलहरू कांग्रेस र एमालेबिच गहिरो मतभेद देखिएको छ। मतभेद मात्र नभई उनीहरू एक-अर्काको नियतमै प्रश्न उठाउँदै आरोप-प्रत्यारोपमा उत्रेका छन्। सत्तारूढ दलमै रहेको यो विवादले कैयौं विधेयक संसद्मा थाती छन्।

खास गरेर भूमि र शिक्षा विधेयकमा धेरै मतभेद छ। यसबाहेक निजामती, संवैधानिक परिषद् र अख्तियार विधेयकमा पनि उनीहरूबिच सहमति बनेको छैन। सत्तासाझेदार दलबिचको अन्तरविरोध संसद् र समितिको घेरा तोड्दै सामाजिक सञ्जालसम्म आइपुगेको छ।

भूमि र शिक्षा विधेयकमा कांग्रेसले बाधा गरेको एमालेको गुनासो छ। जनसरोकारका महत्त्वपूर्ण विषयमा एमालेले देखाएको अतिरिक्त हतारोले उसको नियतमाथि प्रश्न उठेको कांग्रेसको टिप्पणी छ। मूलतः कांग्रेस महामन्त्रीद्वयले 'दोहोरो चरित्र' देखाएको एमाले सांसदहरूको आरोप छ।

कांग्रेसले निजामती विधेयकमा कुलिङ पिरियड हटाउने एमालेको संशोधनले पाइला-पाइलामा शंका गर्नुपर्ने अवस्था आएको टिप्पणी गरेको छ। कांग्रेस सांसदहरूका अनुसार उक्त

» पृष्ठ २ मा क्रमशः

■ भूमि र विद्यालय शिक्षा विधेयकमा दुई दलबिच धेरै मतभेद



सरकारले भूमि ऐन, २०२१, वन ऐन, २०७६ र निकुञ्ज ऐन, २०२९ गरी तीनवटा ऐन संशोधन गर्न ल्याएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश निष्क्रिय भएपछि हुबहु प्रावधान राखेर भूमि विधेयक ल्याएको छ। विधेयकमा घरजग्गा व्यवसायीले राखेको हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने, कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गरेर बेचबिखन गर्न पाउनेलगायतका विवादास्पद प्रावधान छन्। वन र निकुञ्जको पुनः सीमांकन गरेर जग्गा सरकारको नाममा ल्याई बाँड्न मिल्ने गरी आफैं निर्देशिका र कार्यविधि बनाउन प्रस्ताव गरिएको छ। कांग्रेसले चारवटै प्रावधान नमिलेको र भूमिको दुरुपयोग हुन सक्ने भन्दै संशोधन हालेको छ। हदबन्दीसम्बन्धी संशोधन गर्न खोजिएको पहिलो विषयमा कांग्रेस महामन्त्रीद्वयसहित सांसदहरूले हदबन्दी छुटको जग्गा बेचबिखन गर्न नपाइने संशोधन राखेका छन्। दोस्रोमा अव्यवस्थित बसोबासीको छानबिनका लागि स्पष्ट मापदण्ड र वर्गीकरण गर्नुपर्ने कांग्रेसको माग छ। तेस्रोमा वन र निकुञ्जको जग्गा चलाउने नहुने र चौथो आफैं कार्यविधि बनाउने कुराले स्वेच्छाचारी बनाउने भएकाले हटाउनुपर्ने माग अघि सारेको छ।



● **महेश बर्तौला**
मुख्य सचेतक, एमाले

भूमिसम्बन्धी विधेयक अध्यादेश जे हो, त्यसको कपी हो। अध्यादेश लेखन प्रक्रियामा भूमिमन्त्रीज्यू सहभागी हुनुभएकै छैन। त्यो लेखन प्रक्रियामा गगन थापाको सहभागिता छ। उहाँ उच्चस्तरीय राजनीतिक संयन्त्रमा पनि हुनुहुन्छ। समस्या भए त्यहीं राख्नुपर्‍यो। तर, उहाँ आफैंले संशोधन हाल्नुभयो।



● **विश्वप्रकाश शर्मा**
महामन्त्री, कांग्रेस

भूमि विधेयकमा प्रश्न उठिसकेपछि समितिमा लगेर छलफल गर्नुपर्छ, सबैको आवाज समेटिनुपर्छ भनेको हो। अर्को, हामीले राखेको संशोधन समेटिनुपर्छ भन्ने हो। अब कहाँ कसले के टिप्पणी गर्‍यो, संयन्त्रमा के भयो त्यो हाम्रो सरोकारको विषय होइन। विधेयकलाई अधिकतम सहमतिबाट अपनत्व दिनुपर्छ।

शिक्षा विधेयकमा आवधिक बढुवाको विषयमा विवाद

विद्यालय शिक्षा विधेयकमा पनि कांग्रेसको भूमिकामाथि एमालेले प्रश्न उठाएको छ। २७ भदौ ०८० मा दर्ता भएर २५ असोजमा शिक्षा समितिमा पुगेको विधेयक कांग्रेस-एमालेकै मतभेदले टुंगिन सकेको छैन। उपसमितिबाट सर्वसम्मत आएको विधेयक १६ असारमा पारित गर्ने समितिको तयारी थियो। यसमा कांग्रेसका डिगबहादुर लिम्बूलगायत सबै दल एकमत थिए। तर, लेखा समितिबाट शिक्षामा सरुवा भएर आएका कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले रोकिदिए।

सहमति जुटाउन शिक्षामन्त्री रघुजी पन्त केन्द्रीय समिति बैठक चलिरहेको कांग्रेस कार्यालयसम्म धाए, सभापति शेरबहादुर देउवालाई पनि भेटे। तर, कांग्रेस नेतृत्वले समय मागेपछि पारित हुने लागेको विधेयक रोकियो। समिति सभापति अम्मरबहादुर थापाका अनुसार अन्तिम समयमा अस्थायी प्रकृतिका शिक्षकको पदपूर्ति र कार्यसम्पादन मूल्यांकन नम्बरमा कांग्रेस पछि हटेपछि विधेयक अड्किएको हो।

उपसमितिले अस्थायी प्रकृतिका शिक्षकको पदपूर्ति ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुलाबाट गर्ने तथा आवधिक बढुवाका लागि कार्यसम्पादन मूल्यांकनमा ९० अंक ल्याउनुपर्ने सहमति गरेको थियो। समिति पनि यसलाई स्वीकार गरेर एकमत थियो। तर, अन्तिम समयमा शिक्षक महासंघलाई देखाउँदै कांग्रेस पछि हट्यो। शिक्षक महासंघले आन्तरिक ७५ प्रतिशत र खुला २५ प्रतिशत गर्नुपर्ने, कार्यसम्पादन मूल्यांकन नम्बर ८० राख्नुपर्ने माग गरेको भन्दै कांग्रेसले सहमतिका लागि विधेयक होल्ड गर्‍यो। शिक्षक महासंघले भने २२ साउनभित्र विधेयक नटुंगिए आन्दोलन गर्ने चेतावनी दिएको छ।



● **रघुजी पन्त**, शिक्षामन्त्री

सबै कुरा सकारात्मक छ, सत्तापक्षका दलबिच छलफल भइरहेको छ। अब केही दिनमा टुंगिन्छ, त्यस्तो विवाद भन्ने होइन।

■ निजामती, संवैधानिक परिषद् र अख्तियार विधेयकमा पनि दाउपेच

● **संघीय निजामती विधेयक**

संघीय निजामती विधेयकको दुईवर्षे कुलिङ पिरियड प्रावधानमा कांग्रेस-एमाले मतभेद उत्कर्षमा छ। राष्ट्रिय सभामा प्रमुख सचेतकसहित पाँच एमाले सांसदले संस्थागत रूपमै कुलिङ पिरियड हटाउनुपर्ने संशोधन राखेपछि कांग्रेस सशंकित बनेको छ। उसले संशोधन फिर्ता नलिए सत्तागठबन्धनमै दरार आउने चेतावनी दिएको छ।

● **संवैधानिक परिषद्सम्बन्धी विधेयक**

प्रतिनिधिसभाले प्रधानमन्त्री र ५० प्रतिशत सदस्यको बहुमतले संवैधानिक परिषद् बैठक बस्ने र निर्णय गर्न सक्ने व्यवस्था गरेकोमा राष्ट्रिय सभाले त्यसलाई व्याख्या गरेर अध्यक्ष र एकजना सदस्यसहित दुईजनाले निर्णय गर्न सक्ने व्यवस्था गरेपछि कांग्रेसले आपत्ति जनाएको थियो। प्रतिनिधिसभामा कार्यसूचीमा चढेर पनि कांग्रेसकै कारण हटाइएको थियो। पछि दुई दलबिच सहमति भएरै पारित गरेर पठाइएकोमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको मर्म तथा भावनाविपरीत भन्दै पुनर्विचारका लागि फिर्ता पठाएका छन्। यसलाई गलत भन्दै राष्ट्रपतिलाई कांग्रेसले उचालेको एमालेको टिप्पणी छ।

● **अख्तियारसम्बन्धी विधेयक**

राज्य व्यवस्था समितिको उपसमितिबाट सर्वसम्मत टुंगिएको अख्तियारसम्बन्धी विधेयक पनि कांग्रेस-एमाले मतभेदकै कारण ६ महिनादेखि समितिमै अड्किएको छ। खासगरी प्रधानमन्त्री केपी ओली व्यक्ति र संस्थाको हितमा गरिने निर्णय नीतिगत भ्रष्टाचारको परिभाषाभित्र राखेपछि असन्तुष्ट छन्। त्यसैले विधेयक रोकिएको कांग्रेसको बुझाइ छ।

■ मधेशको आर्तनाद- सालभर के खाने सरकार ?



खडेरीले आक्रान्त मधेशमा सुक्खा प्रभावित किसानलाई तत्काल राहत उपलब्ध गराउन माग गर्दै काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गर्दै युवा। विगत वर्षमा साउन दोस्रो सातासम्म ९२ देखि ९५ प्रतिशतसम्म रोपाइँ सकिने गरेकोमा यसपटक ५१ प्रतिशत मात्रै भएको छ। रोपाइँ भएको आधा क्षेत्रफल पनि सुक्खाका कारण धाँजा फाटेको छ, धान सुक्न थालेको छ। तराई-मधेश जोगाउन चुरे संरक्षण गर्नुपर्ने भन्दै उनीहरूले 'सेभ तराई, सेभ चुरे', 'चुरे खायो डोजरले, फाइदा खायो ब्रोकरले', 'भात छैन थालमा, राहत छैन हातमा !!!' जस्ता नारा लगाउँदै प्रश्न गरेका छन्- वर्षभरि के खाने सरकार ?

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

एकल अंकमा झरेको विद्युत् चुहावट फेरि पुग्यो १०.२६%

एक वर्षमा एक अर्ब ३६ करोड युनिट बिजुली 'लस' भएको विद्युत् प्राधिकरणको प्रारम्भिक तथ्यांक

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पछिल्ला तीन वर्ष निरन्तर घट्दै आइरहेको वितरणतर्फको विद्युत् चुहावटको हिस्सा ०८१/८२ मा भने बढेको छ। अघिल्लो आव ०८०/८१ मा वितरणतर्फको विद्युत् चुहावट ९.५९ प्रतिशत थियो। गत आवमा बढेर १०.७६ प्रतिशत पुगेको छ।

नयाँ पत्रिकालाई प्राप्त प्राधिकरणको तथ्यांकअनुसार गत आवमा वितरण प्रणालीमा १२ अर्ब ६४ करोड युनिट विद्युत् आएको छ। तर, ११ अर्ब २८ करोड विद्युत् मात्रै खपत भएको छ। यो हिसाबअनुसार एक अर्ब ३६ करोड युनिट विद्युत् 'लस' भएको छ। ०८१ असारसम्म प्राधिकरणको औसत

» पृष्ठ २ मा क्रमशः

चुहावट बढेको तथ्यांक सच्याउन हितेन्द्रको दबाब

प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले तथ्यांक तोडमोड गर्न प्रदेश प्रमुख तथा वितरण केन्द्रका प्रमुखहरूलाई दबाब दिइरहेका छन्। शनिबार दिउँसो उनले प्रदेश प्रमुख तथा वितरण केन्द्रका प्रमुखसँग चुहावट दर पुनरावलोकनका लागि छलफलसमेत राखेका छन्। तथ्यांक तोडमोड गर्न निरन्तर दबाब आएपछि एक वितरण केन्द्रका कर्मचारीले त्यसो गर्न नसकिने भन्दै प्राधिकरणका एक निर्देशकलाई ह्वाट्सएपमा म्यासेज गरेका छन्। 'मैले गाली खाएँ। हाम्रो केन्द्रको लस टारगेटभित्र छ। आई एम नट गोइङ टु इडिट एनी डाटा (म कुनै पनि तथ्यांक सम्पादन गर्नेछैन)। दिनलाई दिन, रातलाई रात,' ती अधिकारीले पठाएको ह्वाट्सएप म्यासेजमा भनिएको छ। यो म्यासेजबाट पनि तथ्यांक तोडमोड गर्न कर्मचारीलाई दबाब आइरहेको देखिन्छ।



हितेन्द्रदेव शाक्य

खानेपानी थाप्न गएकी महिलामाथि कुटपिट



छिमेकीको साथमा प्रहरीमा जाहेरी दिन पुगेकी पीडित ममताकुमारी मुखिया (दायाँबाट दोस्रो)

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार नगरपालिका- ५, निपनिया मलहाटोलमा खानेपानी थाप्न गएकी स्थानीय ३५ वर्षीया ममताकुमारी मुखियामाथि कुटपिट भएको छ। स्थानीय कपिल साह र उनका छोराहरूले मुखियालाई बिहीबार बिहान करिब ६ बजेतिर कुटपिटसहित दुर्व्यवहार गरेका हुन्। साहले घरछेउमै विद्युतीय मोटरबाट पानी तानेर आफ्नो खेतमा लगाइरहेका बेला खाना पकाउने पानी थाप्न गएकी मुखियालाई 'मेरो निजी खर्चमा चलाएको मोटरमा किन पानी थाप्न आएको' भन्दै कुटपिट गरेको स्थानीय मञ्जु सदायले बताइन्।

'पानीजस्तो नभइनहुने वस्तु, त्यसमा पनि खडेरी छ,' उनले भनिन्, 'एक बाल्टिन पानी थाप्न जाँदा गालीगलोज

» पृष्ठ २ मा क्रमशः

रुपन्देहीको डिंगरनगर सहकारीमा १३ करोड अपचलन

कांग्रेस नेतासमेत रहेका अध्यक्ष र सचिव फरार, दुवैका श्रीमतीसहित सञ्चालकहरू बचतकर्ताको घेरामा



घनश्याम तिवारी, अध्यक्ष



रामबहादुर क्षेत्री, सचिव

● सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर क्षेत्री कांग्रेसका स्थानीय नेता हुन्। तिवारी ०७९ को चुनावमा वडाध्यक्षको उम्मेदवारमा सिफारिस भएका थिए भने क्षेत्री कांग्रेसका नगर सचिव हुन्। सहकारीको १३ सदस्यीय सञ्चालक समितिमध्ये १० जना कांग्रेसका छन्।

● छानबिन प्रतिवेदनअनुसार सहकारीमा १३ करोड आठ लाख २८ हजार १३१ रुपैयाँ अपचलन भएको देखिन्छ। त्यस्तै, २४ करोड ६६ लाख ५८ हजार जोखिमपूर्ण क्षेत्रमा लगानी गरिएको छ। धितो मूल्यांकन समितिले मूल्यांकन गरेभन्दा बढी लगानी गरेको पाइएको पनि प्रतिवेदनले स्पष्ट पारेको छ। धितो मूल्यांकन समिति कोषाध्यक्ष र ऋण लगानी समिति सचिवको नेतृत्वमा छ।



सहकारीमा बचतकर्ताहरू। उनीहरूले सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापाका श्रीमतीसहित सहकारीका सञ्चालकलाई सहकारीको कार्यालयभित्रै नजरबन्दमा राखेका छन्। सहकारीका सल्लाहकारसमेत रहेका छानबिन व्यवस्थापन तथा समन्वय समितिका संयोजक बेलप्रसाद शर्माका अनुसार सेयर सदस्यहरूले तीन दिनदेखि उनीहरूलाई कार्यालयभित्रै राखेका हुन्। परिवारका सदस्यहरूले खाना ल्याइदिने गरेका छन्।

भैरहवामा **दिपेश पछाई**

रुपन्देहीको तिलोत्तमा नगरपालिका- ३ जानकीनगरमा रहेको डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारीमा साढे १३ करोड हिनामिना भएको छानबिनबाट देखिएको छ। लेखापरीक्षक योगचन्द्र बास्तोलाको नेतृत्वमा गठन भएको स्वतन्त्र लेखापरीक्षण समितिले २८ दिन लगाएर तयार गरेको छानबिन प्रतिवेदनअनुसार १३ करोड आठ लाख २८ हजार १३१ रुपैयाँ अपचलन भएको देखिन्छ। त्यस्तै, ऋण लगानी सम्बन्धमा धितोको मूल्यांकनभन्दा बढी २१ करोड ७४ लाख ६६ हजार र बचत नियमित मुद्दती खातालगायत विषयमा दुई करोड ९१ लाख ९२ हजार गरी २४ करोड ६६ लाख ५८ हजार जोखिमपूर्ण क्षेत्रमा

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पाँच विधेयकले...

पृष्ठ १ बाट क्रमशः

संशोधनले राजनीतिक निष्पक्षता र पेसागत स्थायित्वमा शंकाको वातावरण बनाएको छ।

अर्कातर्फ, भूमि र शिक्षा विधेयकमा कांग्रेसले अनावश्यक अवरोध गरेको भन्दै एमाले असन्तुष्ट देखिएको छ। राजनीतिक संयन्त्रमा भएको सहमति कांग्रेसले पालना नगरेको एमालेको आरोप छ। सरकारले भूमि ऐन, २०२१, वन ऐन, २०७६ र निकुञ्ज ऐन, २०२९ गरी तीनवटा ऐन संशोधन गर्न ल्याएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश निष्क्रिय भएपछि हुबहु प्रावधान राखेर विधेयक ल्याएको छ। विधेयकमा घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान छन्। वन र निकुञ्जको पुनः सीमांकन गरेर जग्गा सरकारको नाममा ल्याई बाँड्ने र यसका लागि आफैँ निर्देशिका र कार्यविधि बनाउने भनेर सरकारले उल्लेख गरेको छ।

कांग्रेसले चारवटै प्रावधान नमिलेको र भूमिको दुरुपयोग हुन सक्ने भन्दै संशोधन राखेको छ। हदबन्दीसम्बन्धी संशोधन गर्न खोजिएको पहिलो विषयमा कांग्रेस महामन्त्रीद्वयसहित सांसदहरूले हदबन्दी छुटको जग्गा बेचबिखन गर्न नपाइने संशोधन राखेका छन्। दोस्रोमा अव्यवस्थित बसोबासीको छानबिनका लागि स्पष्ट मापदण्ड र वर्गीकरण गर्नुपर्ने कांग्रेसको धारणा छ। तेस्रोमा वन र निकुञ्जको जग्गा चलाउन नहुने र चौथो आफैँ कार्यविधि बनाउने कुराले स्वेच्छाचारी बनाउने भएकाले हटाउनुपर्ने धारणा कांग्रेसले अघि सारेको छ।

एमालेले सरकारले प्रस्तुत गरेको विधेयकलाई पहिले ल्याइएको अध्यादेशकै निरन्तरता भएको दाबी गरेको छ। कांग्रेस-एमाले उच्चस्तरीय राजनीतिक संयन्त्रमै उक्त अध्यादेशको मस्यौदा तयार गरिएको र त्यसमा कांग्रेसका महामन्त्री गगन थापा स्वयं सक्रिय रूपमा संलग्न रहेको भन्दै अहिले कांग्रेसले संशोधन प्रस्ताव गरेर बेइमानी गरेको निष्कर्ष एमालेले निकालेको छ। संयन्त्रमा जनसरोकारका विषय समेटिएकाले विधेयकलाई फास्ट ट्र्याकमा प्रक्रियाबाट संसद्बाटै पारित गर्ने सहमति भएको, तर अहिले कांग्रेसले दोहोरो चरित्र देखाएको भन्दै एमालेले असन्तुष्टि जनाएको छ।

'भूमिसम्बन्धी विधेयक अध्यादेश जे हो, त्यसको कपी हो। अध्यादेश लेखन प्रक्रियामा भूमिमन्त्रीज्यू सहभागी हुनुभएकै छैन। त्यो लेखन प्रक्रियामा गगन थापाको सहभागिता छ। उहाँ उच्चस्तरीय राजनीतिक संयन्त्रमा पनि हुनुहुन्छ। समस्या भए त्यहीँ राख्नुपर्‍यो। तर, उहाँ आफैँले संशोधन हाल्नुभयो,' एमाले मुख्य सचेतक महेश बर्तौलाले भने। दुईदलीय संयन्त्रमा पटक-पटक भएका छलफलमा सहभागी बर्तौलाले प्रधानमन्त्री, कांग्रेस सभापतिबिच भूमिसम्बन्धी केही विषयमा अप्ठ्यारो रहेको भन्दै यसलाई छिटो र सिधै अगाडि बढाउने विषयमा थापाले सहमति जनाएको दाबी गरे। तर, अहिले कांग्रेसभित्र थापालगायत सांसदमा पब्लिक कन्जम्सनमा हिँड्ने प्रवृत्तिले आफूहरूले दुःख पाएको उनले टिप्पणी गरे।

एमाले स्थायी कमिटी सदस्य राजन भट्टराईले त संयन्त्रमा कांग्रेसले छिटो टुंग्याउने भन्ने तर व्यवहारमा अड्काउने काम गरेको आरोप लगाए। 'जनसरोकारको धेरै ठुलो पंक्तिलाई असर गर्ने विधेयक छिटो टुंग्याउने भनियो। तर, पछि लिंगरिङ गर्नका लागि कांग्रेसभित्रैबाट चलखेल भयो,' उनले भने, 'नेतृत्वमा भएको मान्छेले दोहोरो भूमिका खेल्नुभयो। भित्र बसेर एउटा टुंगो गर्ने अनि बाहिर आएर अर्को कुरा र व्यवहार भयो। यति ठुलो सरोकारको विषयमा चलखेलको गतिविधिमा आफ्नो पार्टीको इन्ट्रेस्ट हेर्नुभएन।'

कांग्रेसले भने भूमिसम्बन्धी विषय दूरगामी प्रभाव पार्ने खालको भएकाले हतारमा लैजान नहुने मत राखेको छ। संयन्त्रभन्दा पनि जनताको प्रश्न महत्त्वपूर्ण भएको ठहर कांग्रेसको छ। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भूमि विधेयकको प्रक्रिया र विषयवस्तुमा प्रश्न उठेकाले त्यसको सम्बोधन गरेर जानुपर्छ भनेको बताए। 'जसरी भूमि विधेयकमा प्रश्न उठ्यो, समितिमा लगेर छलफल गर्नुपर्छ, सबैको आवाज समेटिनुपर्छ भनेको हो। त्यो सम्बोधन भइसकेको छ,' उनले भने, 'अर्को हामीले राखेको संशोधन समेटिनुपर्छ भन्ने हो। अब कहाँ कसले के टिप्पणी गर्‍यो, संयन्त्रमा के भयो त्यो हाम्रो सरोकारको विषय होइन। भूमि विधेयकलाई अधिकतम सहमतिबाट अधिकतम अपनत्व दिनुपर्छ। हतारो नगरीकन साझा बनाउने प्रयास गर्नुपर्छ।'

कांग्रेस सांसद दिलेन्द्र बडूले भूमिसम्बन्धी विधेयकबारे संयन्त्रभित्र भएको सहमतिबारे आफूहरूलाई जानकारी नदिइएको र यसमा पर्याप्त छलफल आवश्यक रहेको बताए। 'अघिल्लोपटक अध्यादेश ल्याउँदा राष्ट्रपतिबाट होल्ड भयो। मधेशकेन्द्रित दलहरूले आफ्नो ढंगले जंगल मासिने र मरुभूमिकरण हुने चिन्ता व्यक्त गरे। हदबन्दी छुटको दुरुपयोग हुने विषय उठ्यो। अव्यवस्थित बसोबासीको स्पष्ट सीमांकन छैन। विधेयक ल्याउन हतार किन भयो ? फास्ट ट्र्याकमा लैजानुपर्ने जरुरी के थियो ? जस्ता प्रश्न उठेका छन्,' उनले भने, 'यसलाई सम्बोधन गर्न पार्टीभित्र व्यापक छलफल गर्ने, यथार्थ जनतासामु राख्ने र अन्ततः छलफलकै माध्यमबाट निष्कर्षमा पुग्ने निर्णय गरिएको हो। भूमिहीन दलित र सुकुम्बासीलाई जमिन दिने भनिएको विधेयकमा अव्यवस्थित बसोबासीलाई पनि समेटिएपछि शंका बढेको बडूको भनाइ छ।

२३ वैशाखमा प्रतिनिधिसभामा दर्ता भएको भूमि विधेयकलाई सरकारले सिधै सदनबाट पारित गर्न १४ जेठ र २५ असारमा दुईपटक प्रतिनिधिसभाको कार्यसूचीमा राखेको थियो। पहिलोपटक विपक्षीको अवरोध र दोस्रोपटक कांग्रेसको चेतावनीपछि सरकार विधेयक समितिमा पठाउन तयार भएको हो। २५ असारमा सदनबाट पारित गर्न कार्यसूचीमा राख्दा कांग्रेस महामन्त्री शर्माले सामाजिक सञ्जालमार्फत प्रतिवाद मात्र गरेनन्, सदनभित्र फ्लोर क्रस गर्ने चेतावनी दिए।

५ साउनमा भूमिमन्त्रीसँगको छलफलमा महामन्त्री थापासहित सांसदहरूले समितिमै पठाउनुपर्ने अडान लिएका थिए। भूमिमन्त्री अधिकारीले कांग्रेसले राखेका संशोधन स्वीकार गर्ने भन्दै सदनबाटै पारित गर्न अनुरोध गरेका थिए। तर, महामन्त्री थापाले सार्वजनिक रूपमा प्रश्न उठेकाले त्यसको निरूपणका लागि पनि समितिमै पठाउनुपर्ने अडान लिएका थिए। कांग्रेसको अडानपछि प्रतिनिधिसभाले ८ साउनमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा पठाएको विधेयकमा ५५ संशोधन प्रस्ताव राखेका संशोधनकर्तासँग छलफल सकिएको छ। विधेयकमा बुधबारदेखि दफावार छलफल हुँदै छ।

शिक्षा विधेयक

एमालेले कांग्रेसको भूमिकामाथि प्रश्न उठाएको अर्को विधेयक हो- विद्यालय शिक्षा। २७ भदौ ०८० मा दर्ता भएर २५ असोजमा शिक्षा समितिमा पुगेको विधेयक कांग्रेस-एमालेकै मतभेदले टुंगिन सकेको छैन। उपसमितिबाट सर्वसम्मत आएको विधेयक १६ असारमा पारित गर्ने समितिको तयारी थियो। यसमा कांग्रेसका डिगबहादुर लिम्बूलगायत सबै दल एकमत थिए। तर, लेखा समितिबाट शिक्षामा सरुवा भएर आएका कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले रोकिदिए।

सहमति जुटाउन शिक्षामन्त्री रघुजी पन्त केन्द्रीय समिति बैठक चलिरहेको कांग्रेस कार्यालयसम्म धाए, सभापति शेरबहादुर देउवालाई पनि भेटे। तर, कांग्रेस नेतृत्वले समय मागेपछि पारित हुनै लागेको विधेयक रोकियो। सभापति अम्मरबहादुर थापाका अनुसार अन्तिम समयमा अस्थायी प्रकृतिका शिक्षकको पदपूर्ति र कार्यसम्पादन मूल्यांकन नम्बरमा कांग्रेस पछि हटेपछि विधेयक अड्किएको छ। उनले यसमा सहमति खोज्ने प्रयास भइरहेको बताए। शिक्षक महासंघले २२ साउनभित्र विधेयक नटुंगिए आन्दोलन गर्ने चेतावनी दिएको थियो।

उपसमितिले अस्थायी प्रकृतिका शिक्षकको पदपूर्ति ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुलाबाट गर्ने र आवधिक बढुवाका लागि कार्यसम्पादन मूल्यांकन ९० अंक ल्याउनुपर्ने सहमति गरेको थियो। समितिले पनि यसलाई स्वीकार गरेर एकमत थियो। तर, अन्तिम समयमा शिक्षक महासंघलाई देखाउँदै कांग्रेस पछि हट्यो। शिक्षक महासंघले आन्तरिक ७५ प्रतिशत र खुला २५ प्रतिशत गर्नुपर्ने, कार्यसम्पादन मूल्यांकन नम्बर ८० राख्नुपर्ने भनेको भन्दै कांग्रेसले सहमतिका लागि विधेयक होल्ड गर्‍यो। सहमति भइसकेको विधेयक अड्काएपछि एमाले स्थायी कमिटी सदस्य राजन भट्टराईले मंगलबार फेसबुकमै लेखे, 'कांग्रेसको शिक्षासम्बन्धी विधेयकहरूमाथिको दोहोरो चरित्र अति नै तल्लो स्तरको राजनीतिक दाउपेचजस्तो लाग्यो। माथि संयन्त्रमा एउटा कुरा बाहिर आएपछि अर्को ? सत्ता साझेदारी गरिरहेको दलको यो व्यवहार लोकतन्त्रमा कति उचित हो ?'

शिक्षा समिति सदस्यसमेत रहेका कांग्रेस प्रमुख सचेतक घिमिरेले मुख्य पक्षको सरोकार सम्बोधन गर्न शिक्षा विधेयकमा केही ढिलाइ भएको बताए। 'विधेयक ल्याएपछि आन्दोलन सुरु हुने अवस्था आउन दिनुहुँदैन। आन्दोलनबाट तर्सिएर सहमति गर्ने र आन्दोलन रोकिएपछि बेवास्ता गर्न पाइएन,' उनले भने, '१५ दिन वा एक महिना ढिलो भए पनि भोलि समस्या नआओस् भनेर शिक्षा विधेयक अलिकति ढिलो भयो।'

निजामती, संवैधानिक परिषद् र अख्तियार विधेयकमा पनि मतभेद

भूमि र शिक्षा विधेयक मात्र होइन, संघीय निजामती, संवैधानिक परिषद् र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक पनि कांग्रेस-एमालेकै मतभेदले टुंगोमा पुग्न सकेको छैन। संघीय निजामती विधेयकको दुईवर्षे कुलिङ पिरियड प्रावधानमा कांग्रेस-एमाले मतभेद उत्कर्षमा छ। खासगरी राष्ट्रिय सभामा एमाले प्रमुख सचेतकले संस्थागत रूपमा दुईवर्षे कुलिङ पिरियड हटाउनुपर्ने संशोधन राखेपछि कांग्रेसले संशोधन फिर्ता नलिए सत्तागठबन्धनमै दरार आउने चेतावनी दिएको छ।

निजामती विधेयकको दफा ८२(४) को अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने कुलिङ अफ पिरियडको प्रावधानलाई निष्प्रभावी बनाउने गरी 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक' भन्ने व्यवस्था राज्य व्यवस्था समितिको प्रतिवेदनको उपदफा (५)मा परेपछि प्रतिनिधिसभाले विशेष समिति गठन गरेर छानबिन गरिरहेको छ। छानबिनमा एमालेको पनि सहभागिता छ। यस्तोमा राष्ट्रिय सभामा प्रमुख सचेतक गोपाल भट्टराईसहित ६ सांसदमार्फत ८२ (४) को दुईवर्षे कुलिङ पिरियड हटाउने संशोधन राखेर एमालेले दोहोरो चरित्र देखाएको भन्दै कांग्रेस सशंकित छ।

कांग्रेस सांसद दिलेन्द्र बडूले एमालेले राष्ट्रिय सभामा प्रस्ताव ल्याउनुले आशंका जन्माएको बताए। 'एकातिर हटाउने प्रस्ताव ल्याउने, अनि कसरी हट्यो भनेर छानबिन गर्ने, यो त हामीले नै हटाएको हो भनेजस्तो संशोधन ल्याउनुभयो। आशंका भयो,' उनले भने, 'उहाँहरूले नै स्पष्ट पार्नुपर्छ। उहाँहरूले फिर्ता लिएर जवाफ दिनुपर्छ।'

एमाले मुख्य सचेतक बर्तौला प्रतिनिधिसभाबाट भएको त्रुटि सच्याउन एमालेले राष्ट्रिय सभामा संशोधन राखेको दाबी गर्छन्। यसैलाई लिएर गठबन्धन नै धरापमा पर्छ भन्नु गलत भएको उनको भनाइ छ। 'करेक्सनका लागि संशोधन हाल्दा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले गठबन्धनमै दरार आउँछ भन्नुहुन्छ,' उनले भने, 'उहाँहरूलाई विश्वास गरेर पारित गर्‍यौँ। राष्ट्रिय सभामा संशोधन हाल्दा किन हालिस् र सरकार तलमाथि हुन्छ भनेर थर्काउनुहुन्छ।'

कांग्रेस प्रमुख सचेतक घिमिरे कुलिङ पिरियडको विवाद सहमतिबाट टुंग्याउने बताउँछन्। 'कुलिङ पिरियडको विषयमा एमालेको तर्फबाट केही सांसदले संशोधन हाल्नुभएको छ। नेतृत्वले एउटा निर्णय गरेर सहमतिबाट टुंगिन्छ,' उनले भने।

कांग्रेस-एमालेबिच संवैधानिक परिषद्सम्बन्धी विधेयकमा पनि मतभेद छ। प्रतिनिधिसभाले प्रधानमन्त्री र ५० प्रतिशत सदस्यको बहुमतले बैठक बस्ने र निर्णय गर्न सक्ने व्यवस्था गरेकोमा राष्ट्रिय सभाले त्यसलाई व्याख्या गरेर अध्यक्ष र एकजना सदस्यसहित दुईजनाले निर्णय गर्न सक्ने उल्लेख गरेपछि कांग्रेसले आपत्ति जनाएको थियो। प्रतिनिधिसभामा कार्यसूचीमा चढेर पनि कांग्रेसकै कारण हटाइएको थियो। पछि दुई दलबिच सहमति भएरै पारित गरेर राष्ट्रपतिकहाँ पठाइएकोमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको मर्म तथा भावनाविपरीत भन्दै पुनर्विचारका लागि फिर्ता पठाएका छन्। यसलाई एमाले पंक्तिले गलत भनेको छ भने राष्ट्रपतिलाई कांग्रेसले उचालेको टिप्पणी गरेको छ। तर, कांग्रेस सांसद बडू राष्ट्रपतिको संवैधानिक निर्णयमाथि टिप्पणी गर्नु गलत रहेको बताउँछन्। 'संवैधानिक परिषद् ऐन प्रतिनिधिसभामा सर्वसम्मत रूपमा निर्णय भएको छ। अपव्याख्या गरेर राष्ट्रिय सभाबाट आयो। दुईजना भए पुग्छ भन्नेले लोकतान्त्रिक मूल्य, संविधानको सन्तुलन र नियन्त्रणको स्पिरिट समात्न सकेन। त्यसकारणले राष्ट्रपतिले औँल्याउनुभएको छ,' उनले भने, 'राष्ट्रिय सभाको संशोधन हामीले रोक्न खोजेका थियौँ। दुई पार्टीबिच सहमतिका नाममा ह्विप भयो। जसरी गएको थियो, फर्किनै पर्थ्यो, फर्कियो।'

प्रमुख सचेतक घिमिरे संवैधानिक परिषद् विधेयक छलफल गरेर निष्कर्षमा पुर्‍याउने बताउँछन्। 'छलफल गरेर निष्कर्षमा पुग्छौँ। राष्ट्रपतिको कन्सर्नको विषयमा दुवै सभामा छलफल गरेर निष्कर्षसहित पठाउँछौँ,' उनले भने। एमाले मुख्य सचेतक बर्तौला दुवै सदनबाट बहुमतले पारित भएर गएको यो विधेयक राष्ट्रपतिले फिर्ता पठाउनु गलत भएको बताउँछन्। फिर्ता आइसकेपछि प्रक्रियाअनुसार अगाडि बढाइने उनको भनाइ छ।

त्यति मात्रै होइन, उपसमितिबाट सर्वसम्मत टुंगिएको अख्तियारसम्बन्धी विधेयक पनि कांग्रेस-एमाले मतभेदकै कारण ६ महिनादेखि राज्य व्यवस्था समितिमै अड्किएको छ। खासगरी प्रधानमन्त्री केपी ओली व्यक्ति र संस्थाको हितमा गरिने निर्णय नीतिगत भ्रष्टाचारको परिभाषाभित्र राखेपछि असन्तुष्ट छन्। उनले विधेयक अगाडि बढाउन चाहेका छैनन्। 'अख्तियार विधेयक ढिलाइमा सरकारले जवाफ दिइरहेको छैन। सर्वसम्मत निर्णय भइसकेको कुरा रोकिँदा गलत भइरहेको छ,' राज्य व्यवस्था समिति सदस्य बडू भन्छन्।

■ संसदीय समिति भन्छ-

चालू अधिवेशनमा शिक्षा विधेयक पास नहुने लगभग निश्चित

शिवहरि घिमिरे/नयाँ पत्रिका

बर्खे अधिवेशनमै विद्यालय शिक्षा ऐन जारी गर्ने वाचा गरेको सरकारले अन्ततः वाचाअनुसार ऐन जारी नहुने भएको छ। शिक्षकको आवधिक बढुवासम्बन्धी विषय थप पेचिलो बन्दै जाँदा चालू अधिवेशनमा विधेयक पास हुने अवस्था नदेखिएको हो।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले यस अधिवेशनमा शिक्षा ऐन आउन नसक्ने दाबी गरे। 'यस्तो अवस्थामा कसरी ऐन आउन सक्छ ? प्रतिनिधिसभासम्म पुगे पनि त्यसपछि राष्ट्रिय सभामा जानुपर्छ, त्यहाँ फेरि छलफल हुने होला, अनि दुवैतिरका सदनमा जाँदा आजको भोलि ऐन आउँदैन, अब हिउँदे अधिवेशनसम्म लम्बिने भयो,' उनले भने, 'ढिलाइ हुनुमा सरकार र शिक्षक महासंघ दुवैको कमजोरी छ। शिक्षक महासंघ, कांग्रेस र शिक्षामन्त्रीज्यूले आवधिक बढुवामा अडान लिइरहेको अवस्था थियो, तर अहिले सहमति भइसकेको छ, सरकारले आवश्यक छलफल गरेर नटुंग्याउन विधेयक धकेलिएको हो, शिक्षामन्त्रीज्यूले समयमै यसको निचोड निकाल्नुपर्ने हो, तर चासो कम भएर यस्तो भयो।' उनले अहिलेको मुख्य विवाद शिक्षकको आवधिक बढुवाको विषय रहेकाले त्यसमा सहमति भएको दाबी गरे।

सभापति थापाका अनुसार आवधिक बढुवामा कांगेसले दाबी गर्दै विधेयक रोकेको थियो। शिक्षामन्त्रीले शिक्षकको आवधिक बढुवा हुनुपर्छ भन्दै आइरहेका थिए। तर, अब सहमति भइसकेको सभापति थापाको दाबी छ। 'मन्त्रीज्यू र कांग्रेसले रोकेको प्रमुख विषय शिक्षकको आवधिक बढुवा हुनुपर्छ भन्ने थियो। तर, अब आवधिक बढुवाको विषय नराखौँ, कार्यसम्पादन र क्षमताका आधारमा हुनुपर्छ भन्ने सहमति जुटिसकेको छ,' उनले भने, 'सिनियारिटी, कार्यसम्पादन र क्षमताका आधारमा बढुवा हुनुपर्छ, बढुवा कसैको खल्तीबाट गर्ने होइन, शिक्षकहरू पेसाप्रति जिम्मेवार बन्नुपर्छ, पार्टी र नेताको ढोका-ढोकामा पुगेर बढुवा गर्ने स्थिति ल्याउनुहुन्न।' उनका अनुसार शिक्षक महासंघले आवधिक बढुवाको विषयमा 'सरकारले आवश्यक परे निर्णयसमेत गर्न सक्नेछ' भन्ने विषयसमेत ऐनमा राख्न दबाब दिइरहेको छ। तर, आवधिक बढुवाको विषयमा समिति स्पष्ट रहेको र शिक्षकहरूले जे माग्यो त्यही नहुने सभापति थापाले बताए।

शिक्षामन्त्रीले सकेनन् सहमति जुटाउन

२२ असारमा बसेको समिति बैठकमा सभापति अम्मरबहादुर थापाले सहमति जुटाउन शिक्षामन्त्री पन्तलाई पाँच दिनको समयसीमा दिएका थिए। तर, १५ दिन बित्दा पनि शिक्षामन्त्री पन्तले सहमति जुटाउन सकेका छैनन्। यसअघि २२ असारको बैठकमा मन्त्री पन्तले अनिश्चितकालका लागि बैठक स्थगन गर्न दबाब दिएका थिए। सभापति थापाले दिएको पाँच दिनमा शिक्षामन्त्रीले सहमतिका लागि वार्ता प्रक्रियासमेत सुरु नगरेपछि विधेयक अन्योल बनेको हो। हाल कतिपय सांसद उपत्यकाबाहिर रहेका र शिक्षामन्त्रीले समय नदिँदा उपसमितिको बैठकसमेत बस्न सकेको छैन।

संसद्मा भदौ ०८० मा शिक्षा विधेयक, २०८० दर्ता भएको थियो। एक वर्षभन्दा धेरै समयदेखि छलफल चलाए पनि विधेयक अझै टुंगोमा पुग्न सकेको छैन। यसअघि १५ असारभित्र विधेयक टेबुल गर्नेगरी शिक्षक महासंघ र सरकारपक्षबिच सहमति भएको थियो। तर, सहमतिअनुसार ऐन आउने अवस्था टरिसकेको छ। अझ पछिल्लो समय सरकारले गरेको बेवास्ता देख्दा ऐन तत्काल नआउने प्रस्ट छ।

शिक्षामन्त्री रघुजी पन्तले शिक्षा विधेयकमा सत्तापक्ष दलबिच छलफल भइरहेको बताए पनि कहिले पास हुन्छ भन्नेबारेमा बोलेनन्। 'सबै कुरा सकारात्मक छ, सत्तापक्षका दलबिच छलफल भइरहेको छ,' उनले भने, 'अब केही दिनमा टुंगिन्छ, त्यस्तो विवाद भन्ने होइन।' विधेयकका एमाले र कांग्रेसको कुरा नमिल्दा रोकिएको शिक्षक महासंघले बताउँदै आएको छ।

■ भूमि विधेयक पुनर्लेखन गर्न प्रदेश र स्थानीय सरकारको सुझाव

विधेयक अधुरो रहेको भूमि व्यवस्थामन्त्रीको स्वीकारोक्ति

नयाँ पत्रिका

प्रदेश सरकार र स्थानीय तहका प्रतिनिधिले अहिलेको भूमिसम्बन्धी विधेयकले भूमिसम्बन्धी समस्या समाधान नहुने भएकाले यसको पुनर्लेखन गर्नुपर्ने प्रस्ताव राखेका छन्। प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा विधेयकमाथि भइरहेको छलफलमा शुक्रबार उनीहरूले विधेयक अपूरो रहेको र हदबन्दी छुटको जग्गा बिक्री गर्न दिने प्रावधान उचित नभएको बताए।

छलफलमा गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघले ऐन मात्रै बनाउने र जग्गा नबाँड्ने काम नगर्न सरकारको ध्यानाकर्षण गराएका थिए। नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले भूमिसम्बन्धी सबै समस्या समाधान हुने गरी ऐन आउनुपर्ने धारणा राखे। 'यति मात्रै संशोधन गर्दा केही हुँदैन। हामी कति सन्तुष्ट हुन्छौँ यसबाट ? निर्वाचनमा गरेका वाचा पूरा गर्न सक्छौँ ? शून्यबाट सुरु गरेर पूर्णता दिन पाए हुन्थ्यो कि,' उनले भने। ऐन पटक-पटक संशोधन हुँदा पनि अहिलेसम्म भूमि प्राप्त नगरेको भन्दै उनले पुनर्लेखन गरेर जानुपर्ने धारणा राखे।

अव्यवस्थित बसोबासीको व्यवस्थापनका वेला लिइने राजस्वको ६० प्रतिशत पालिकाले पाउनुपर्ने भन्दै त्यसो नभए आन्दोलनमा आउन बाध्य हुने ढुंगानाले चेतावनी दिए। 'अव्यवस्थित बसोबासीले जग्गा लिँदा बुझाउने राजस्व विभाज्य कोषमा राखी राजस्व बाँडफाँट हुनुपर्दछ र कम्तीमा ६० प्रतिशत स्थानीय सरकारले पाउने व्यवस्था हुनुपर्दछ। लगानी स्थानीय सरकारले गर्ने, राजस्व केन्द्रमा मात्र आउने कुरा न्यायिक हुन सक्दैन,' उनले भने।

गाउँपालिका महासंघकी सचिव पार्वती सुनुवारले भूमिहीनलाई फारम भराउने काम मात्र हुँदै आएको बताइन्। 'कि भूमि आयोगले लालपुर्जा बाँड्नुपर्‍यो कि आयोग नबनाएर स्थानीय तहले नै जग्गाधनी पुर्जा बाँड्नुपर्‍यो। समस्या राखिराख्नुहुँदैन,' उनले भनिन्, 'भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको काम यसैपटक गरौँ। भूमिहीनलाई सधैँ फारम भराउने काम मात्र नगरौँ।'

सुदूरपश्चिम प्रदेशका कृषिमन्त्री वीरबहादुर थापाले वनको स्पष्ट परिभाषा जरुरी रहेको बताए। 'वनलाई कसरी बुझ्ने भन्ने व्यापक छलफल आवश्यक छ। जंगल, हरियोलाई भनिन्छ कि ? वनको परिभाषा स्पष्ट पार्नुपर्‍यो,' उनले भने। सुदूरपश्चिममा मुक्त कमलरी, मुक्त कमैया, मुक्त हलिया, आरक्ष विस्थापितलगायत भूमिसम्बन्धी थुप्रै समस्या रहेको भन्दै उनले यो विधेयकले नसमेटेको गुनासो राखे। 'कमलरी, कमैया, आरक्ष विस्थापितलाई पनि यो ऐनले हेर्नुपर्छ,' उनले भने।

स्थानीय सरकारका प्रतिनिधिले अव्यवस्थित बसोबासीको जग्गा जोड्दा तीन बिघाभन्दा बढी नहुने र बढीमा दुई स्थानको भन्दा माथि नदिने व्यवस्था हुनुपर्ने सुझाव दिएका छन्। अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा कति ठाउँमा जग्गा उपलब्ध गराउने भन्ने नतोकिएको र मूल्य न्यून हुँदा अव्यवस्थित बसोबासीले लगतमा भर्न छुटेको भनी वडा कार्यालयबाट सिफारिस बनाई कार्यपालिकामा पेस गर्नेको भिड बढेको उनीहरूले बताए। यसरी एकै व्यक्तिले विभिन्न आठ-दश स्थानमा जग्गाको दाबी गर्न थालेकाले यस प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्ने स्थानीय तहका जनप्रतिनिधिको भनाइ छ।

भूमिहीन दलित र सुकुम्वासीलाई सहरी क्षेत्रमा न्यूनतम १३० वर्गमिटर दिने व्यवस्था उचित भए पनि ग्रामीण क्षेत्रमा उक्त जग्गा साह्रै कम भएकाले कम्तीमा पनि दुई कट्ठा अर्थात् ६८० वर्गमिटर दिने व्यवस्था हुनुपर्ने सुझाव पनि दिइएको छ। स्थानीय सरकारले ५० वर्षदेखि भोगचलन गरिरहेकालाई न्याय दिने गरी ऐन संशोधन गर्नुपर्ने माग स्थानीय सरकारको छ। छलफलमा उठेका जिज्ञासाको जवाफ दिने क्रममा मन्त्री अधिकारीले अहिलेको विधेयक अधुरो रहेको स्विकार्दै एकीकृत ऐनको पनि तयारी भइरहेको जवाफ दिए। 'यो विधेयक आउनेबित्तिकै सबै समाधान हुन्छन् भन्ने कुरा होइन। तर, आवश्यकता हो भन्ने कुरो मन्त्रालयलाई महसुस भएको छ। मन्त्रालयले केही कुरा अगाडि बढाएको छ,' उनले भने, 'एकीकृत भूमि ऐन बनाउन समिति बनाएर ड्राफ्ट भइरहेको छ। नयाँ ऐनमा प्रस्ट ल्याउँछौँ।'

'भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न संविधानले नै भनेको छ। तर, अहिलेको कानुनले व्यवस्थित गर्न दिँदैन। भूमि आयोगले काम गर्न सकेको छैन। त्यसैले संशोधन गर्न खोजिएको हो,' उनले भने।

मन्त्री अधिकारीले अहिले कानुनी जटिलताका कारण चार वर्षका लागि अन्तिमपटक भनेर गठन भएको भूमि आयोगले काम गर्न नसकेको भन्दै जटिलता फुकाउनका लागि विधेयक अगाडि बढाएर सहयोग गर्न अनुरोध गरे। भूमि मन्त्रालयले समिति गठन गरेर भूमिसम्बन्धी एकीकृत ऐनको मस्यौदा पनि प्रारम्भ गरिसकेको भन्दै उनले अहिले यही विधेयक पारित गर्न जोड दिएका थिए।

घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधानसहित सरकारले ल्याएको विधेयकमा अहिले समितिमा छलफल भइरहेको छ।

एकल अंकमा...

पृष्ठ १ बाट क्रमशः

विद्युत् बिक्री दर प्रतियुनिट ९.७४ रुपैयाँ थियो। उक्त दरबाट हिसाब निकाल्दा गत आवमा १३ अर्ब २४ करोड ६४ लाख रुपैयाँको विद्युत् चुहावट भएको देखिन्छ। ०७७/७८ मा ११.६४ प्रतिशत, ०७८/७९ मा १०.८६ प्रतिशत, ०७९/८० मा ९.७६ प्रतिशत र ०८०/८१ मा ९.५९ प्रतिशत चुहावट थियो।

प्राधिकरणले चुहावटको पूर्ण तथ्यांक तयार भइनसकेको दाबी गरेको छ। तथ्यांक तयार भइसकेको, तर विवाद हुने देखिएपछि सार्वजनिक नगरिएको स्रोतले जनाएको छ।

ट्रिपिङ धेरै हुँदा बढ्यो चुहावट

विद्युत् चुहावट प्राविधिक र गैरप्राविधिक गरी दुई प्रकारका हुन्छन्। प्राविधिकतर्फ गत आवमा विद्युत् ट्रिपिङ धेरै भयो। त्यस्तै, वितरण लाइन सुदृढीकरणको काम पनि राम्रोसँग हुन सकेन र चुहावट बढेको स्रोतको भनाइ छ। मुख्यतः वितरण लाइन सुदृढीकरणमा प्राधिकरणले पर्याप्त काम गर्न नसक्दा यस्तो समस्या आएको स्रोतको दाबी छ। गैरप्राविधिकतर्फ चोरी नियन्त्रणजस्ता काम पनि प्रभावकारी भएनन्। वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठले विद्युत् चुहावटको तथ्यांक अन्तिम हुन बाँकी रहेको बताए। 'तथ्यांक कलेक्सन भइरहेको छ। त्यो गणना गरेर अन्तिम तथ्यांक निकाल्न बाँकी छ,' उनले भने, 'गत आवकै हाराहारीमा विद्युत् चुहावटको तथ्यांक आउने आशा छ।' तर, तथ्यांक तयार भइसकेको, विवाद हुने देखिएपछि सार्वजनिक नगरिएको स्रोतको दाबी छ।

खानेपानी...

पृष्ठ १ बाट क्रमशः

गर्दै कुटपिट नै गरे,' उनले भनिन्। कुटपिटबाट टाउको र अनुहारमा चोटपटक लागेकी मुखिया रुँदै घर आएपछि तत्काल छिमेकीहरूले उपचारका लागि सिराहा प्रादेशिक अस्पताल पुर्‍याएको उनले बताइन्। 'विद्युतीय मोटर चलाउँदा घरको हातेकल सुकेकाले राति चलाउनुस् मात्र भनेकी थिएँ,' पीडित मुखियाले भनिन्, 'उल्टै मुखमुखै लाग्छेस् भन्दै बाबुछोरा मिलेर कुटे।' पीडित मुखियाले खडेरीका वेला घरमा पिउनसमेत नभएपछि पानी लिन जाँदा कुटपिट र दुर्व्यवहार गरेका बाबुछोराविरुद्ध जिल्ला प्रहरी कार्यालय सिराहाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेलमा उजुरी दिएकी छिन्। घटनाको विषयमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

कांग्रेस नेतासमेत...

पृष्ठ १ बाट क्रमशः

लगानी गरिएको प्रतिवेदनमा उल्लेख रहेको लुम्बिनी प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयका वरिष्ठ शाखा अधिकृत बाबुराम पन्थीले बताए। पन्थीका अनुसार धितो मूल्यांकन समितिले मूल्यांकन गरेभन्दा बढी लगानी गरेको पाइएको पनि प्रतिवेदनले स्पष्ट पारेको छ। धितो मूल्यांकन समितिको संयोजक कोषाध्यक्ष र ऋण लगानी समिति सचिव रामबहादुर क्षेत्रीको नेतृत्वमा छ।

अध्यक्ष घनश्याम तिवारी र सचिव क्षेत्री १७ असारमा फरार भएपछि सहकारीका अन्य सञ्चालक र बचतकर्ताले छानबिनका लागि समिति गठन गरेर लेखापरीक्षणका लागि बास्तोलासहितको टिमलाई जिम्मा दिएका थिए।

तिवारीले ०७९ को चुनावमा कांग्रेसबाट वडाध्यक्षको उम्मेदवारमा सिफरिस भए पनि टिकट पाएका थिएनन् भने क्षेत्री कांग्रेसका नगर सचिव हुन्। यो सहकारीमा १३ सदस्यीय सञ्चालक समितिमध्ये १० जना कांग्रेसका छन्।

स्रोतका अनुसार विनाधितो र सेयर सदस्य नै नभएका व्यक्तिलाई ऋण प्रवाह गरिएको छ। त्यस्तै, सहकारीको मूल रकमबाहेक अन्य शंकास्पद रकम पनि सहकारीमा आउने-जाने गरेको देखिन्छ भने सहकारीको सफ्टवेयरमा हजारौँपटक ऋणी-धनीको विवरण इन्ट्री र डिलिट गर्ने गरिएको प्रतिवेदनले औँल्याएको छ। बचतकर्ताले सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिएर बचत रकम फिर्ता माग्न थालेपछि १७ असारमा सचिव रामबहादुर थापाले माइन्युट च्यातेका थिए। त्यसपछि उनीसँगै अध्यक्ष घनश्याम तिवारी र व्यवस्थापक वसन्त पराजुली फरार भएका थिए। पराजुली पक्राउ परे पनि दुईजना फरार छन्। पीडितहरूले अध्यक्ष र सचिवलाई तत्काल झिकाउन माग गर्दै बचत फिर्ता नभएसम्म आन्दोलन नरोक्ने बताएका छन्। सहकारीमा १८ सय सदस्य छन्। ३४ करोड निक्षेप संकलन रहेको सहकारीमा २८ करोड लगानी भएको र साढे चार करोड नगद मौज्दात रहेको सहकारीका सल्लाहकारसमेत रहेका छानबिन व्यवस्थापन तथा समन्वय समितिका संयोजक बेलप्रसाद शर्माले बताए। सहकारीको १० देखि १२ करोड मूल्य पर्ने जग्गा र दुधसँग सम्बन्धित उपकरण पनि रहेको उनले बताए।

अध्यक्ष र सचिवका श्रीमतीसहित सञ्चालकहरू बचतकर्ताको घेरामा

बचतकर्ताले अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापाका श्रीमतीसहित सहकारीका सञ्चालकलाई सहकारीको कार्यालयभित्रै नजरबन्दमा राखेका छन्। सहकारीका सल्लाहकारसमेत रहेका छानबिन व्यवस्थापन तथा समन्वय समितिका संयोजक बेलप्रसाद शर्माका अनुसार सेयर सदस्यहरूले तीन दिनदेखि उनीहरूलाई कार्यालयभित्रै राखेका हुन्। परिवारका सदस्यहरूले खाना ल्याइदिने गरेका छन्। प्रहरीले व्यवस्थापक वसन्त पराजुलीलाई बिहीबार नै हाजिरी जमानीमा छाडे पनि उनी रिहा हुन मानिरहेका छैनन्। बचतकर्ताले सहकारीको कार्यालयमा राख्ने भयले उनी छुट्न मानिरहेका छैनन्। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले हिरासतबाट हाजिरी जमानीमा छाडे पनि बाहिरको माहोलले गर्दा उनी भित्रै बस्न खोजेको र प्रहरी कार्यालयभित्रै रहेको बताए। पदाधिकारीमध्ये उपाध्यक्ष भने अस्वस्थ्य भएपछि काठमाडौंमा उपचाररत रहेको पनि शर्माले बताए।

बुटवल प्रहरीमा पुग्यो छानबिन प्रतिवेदन

सहकारीको छानबिन प्रतिवेदनमाथि आवश्यक कारबाहीका लागि लुम्बिनी प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयले शुक्रबार प्रहरीमा पठाएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयबाट शुक्रबार पत्रसहितको प्रतिवेदन आएको र प्रतिवेदन अध्ययनसहित थप अनुसन्धान अगाडि बढाइएको बताए। 'पत्रसहितको प्रतिवेदन इलाका प्रहरी कार्यालय बुटवलमा पुगेको छ, थप अध्ययन तथा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयबाट एकजना डिएसपी पठाएका छौँ,' उनले भने, 'आवश्यक अध्ययन तथा अनुसन्धानपछि आइतबारसम्ममा थप कारबाही प्रक्रिया अगाडि बढ्छ।' इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डिएसपी इन्द्रबहादुर रानाले प्रतिवेदन अध्ययनपछि सूचना नै जारी गरेर बचतकर्तालाई जाहेरी दिन आह्वान गरिने बताए। 'जाहेरीका आधारमा अनुसन्धान हुन्छ। फरारका हकमा अदालतबाट पक्राउ पुर्जी लिन्छौँ,' उनले भने।

मिडिया सोसाइटीको अध्यक्षमा लम्साल



काठमाडौं/ मिडिया उद्यमीहरूको संस्था नेपाल मिडिया सोसाइटीको अध्यक्षमा मदन लम्साल चयन भएका छन्। शुक्रबार काठमाडौंमा सम्पन्न सोसाइटीको २२औँ वार्षिक साधारणसभाले आर्थिक अभियानका लम्सालको नेतृत्वको कार्यसमिति चयन गरेको हो।

उपाध्यक्षमा धर्मराज भुसाल (हिमालय टिभी) र महेश स्वाँर (कान्तिपुर दैनिक), महासचिवमा बोधराज त्रिपाठी (सौर्य दैनिक), सचिवमा नवराज कुँवर (बुटवल टुडे दैनिक) र कोषाध्यक्षमा जनक पन्त (टिभी टुडे) चयन भएका छन्। त्यस्तै, सदस्यहरूमा डा. बालकृष्ण चापागाईं (दैनिक पत्र दैनिक), निकिता पौडेल (गोपीकृष्ण टिभी फिल्मी), विनोद पौडेल (मिसन टुडे), सुरेन्द्रबहादुर सिंह (गौरीशंकर टिभी) र राजन पोखरेल (द हिमालयन टाइम्स) छन्। निवर्तमान अध्यक्ष शुभशंकर कँडेल (एबिसी टिभी) हुन्।

मिडिया सोसाइटीका संस्थापक अध्यक्ष कैलाश सिरोहिया (कान्तिपुर मिडिया ग्रुप) र क्याप्टेन रामेश्वर थापा (अन्नपूर्ण मिडिया नेटवर्क) लाई सल्लाहकार समितिमा चयन गरिएको छ। साधारणसभाले सातबुँदे काठमाडौं घोषणापत्र पनि जारी गरेको छ। संविधान र प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मर्म र भावनाविपरीतका कार्य बन्द गर्न माग गरेको छ।

नेपाल-चीन सम्बन्धका ७० वर्ष

नयाँ पत्रिका

नेपाल र चीनबिच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पूरा भएको अवसरमा दुई देशका शीर्ष नेताबिच शुभकामना सन्देश आदानप्रदान भएको छ। दुई देशबिच १ अगस्ट १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो।

परराष्ट्र मन्त्रालयका अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले चीनका समकक्षी सी जिनपिङलाई पठाएको सन्देशमा दुई देशबिचको सम्बन्ध आपसी विश्वास, सार्वभौम समानता र शान्तिपूर्ण सहअस्तित्वमा आधारित रहेको उल्लेख गरेका छन्। राष्ट्रपति पौडेलले दुवै मुलुकबिच शान्ति, प्रगति र समृद्धिको साझा दृष्टिकोण साकार पार्न मिलेर काम गर्न इच्छुक रहेको जनाएका छन्। आपसी सहयोगलाई अझ प्रगाढ बनाउने, समन्वय विस्तार गर्ने र विविध क्षेत्रमा सहकार्य सुदृढ गर्ने आवश्यकतामा उनको जोड छ।

चिनियाँ राष्ट्रपति सीले राष्ट्रपति पौडेललाई पठाएको सन्देशमा चीन-नेपालबिच हिमाल र नदीद्वारा जोडिएको पुरानो र घनिष्ठ सम्बन्ध रहेको तथा दुई देश सधैँ परस्पर सम्मान, समान व्यवहार र द्विपक्षीय सहकार्यमा आधारित सम्बन्धका आदर्श उदाहरण भएको उल्लेख छ। दुई देशबिच सम्बन्ध थप मजबुत बन्दै गएको पनि सीले उल्लेख गरेका छन्। उनले राजनीतिक विश्वास बढेको, बिआरआईमा सहकार्य भएको र रणनीतिक साझेदारी प्रगाढ हुँदै भन्दै भविष्यमा परम्परागत मित्रतालाई अगाडि बढाउने, सबै क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्ने कार्यले दुवै देशका जनतालाई लाभ दिने बताएका छन्।

प्रधानमन्त्री केपी ओलीले चिनियाँ राष्ट्रपति सी र प्रधानमन्त्री ली छ्याङलाई सन्देश पठाएका छन्। ओलीलाई लीले पनि सन्देश पठाएका छन् भने सीले पठाएका छैनन्। ओलीले नेपाल-चीन सम्बन्ध सात दशकदेखि समस्यारहित रहेको उल्लेख गर्दै नेपाल एक चीन सिद्धान्तमा प्रतिबद्ध रहेको उल्लेख गरेका छन्। चीनले सधैँ नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रतालाई सम्मान गरेको ओलीको सन्देश छ।

दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्षका अवसरमा काठमाडौंस्थित चिनियाँ दूतावासमा आयोजित समारोहमा प्रधानमन्त्री केपी ओलीले सम्बोधन गरेका छन्। उनले बितेका दशकमा, नेपाल-चीन सम्बन्ध आपसी विश्वासमा आधारित हुँदै अझ सुदृढ र गहिरो बनेको बताए। 'चीन हाम्रो नजिकको छिमेकी मात्र होइन, विश्वसनीय विकास साझेदार पनि हो,' प्रधानमन्त्रीले भने, 'यस दीर्घकालीन र समयले परीक्षित मित्रतालाई हामी अत्यन्तै महत्त्व दिन्छौँ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १७ साउन ०८२
nayapatrikaofficial @nayapatrika


कटुताउन्मुख केपी–विद्या सम्बन्ध

मिलापको ढोकामा निर्णयको चुकुल

सम्बन्ध



● शुरोजंग पाण्डे



केपीले राजनीतिको ढोका बन्द गरेपछि विद्या अहिले मदन भण्डारी फाउन्डेसनलाई नै उपयोग गर्दै राजनीतिक मुभ गर्ने तयारीमा छिन्

केपी ओली र विद्यादेवी भण्डारी झन्डै साढे चार दशकदेखिका राजनीतिक सहयात्री । पार्टी र सत्ता राजनीतिको सर्वोच्च कार्यकारी पद एमाले अध्यक्ष र प्रधानमन्त्री पदमा रहेका ओली र मुलुकको सर्वोच्च पद राष्ट्रपति सम्हालेर अवकाश पाएकी भण्डारीबिचको तीस वर्षदेखिको सौहार्दपूर्ण सम्बन्ध जीवनको उत्तरार्द्धीतर कटुताउन्मुख छ ।

खासगरी एक-अर्काको राजनीतिक उचाइमा घनिष्ट र परिपूरक सम्बन्धमा रहेका ओली-भण्डारीको कटुताले एमालेपंक्ति तरंगित बनिरहँदा मुलुककै ध्यान खिचेको छ । राष्ट्रपतिबाट अवकाशपछि एमाले नेतृत्व लिने लक्ष्यसहित पार्टी राजनीतिमा प्रवेश गरेकी भण्डारीको पछिल्लो घोषणासँगै कटुताउन्मुख उनीहरूबिचको सम्बन्ध सम्भावित प्रतिस्पर्धीका रूपमा त्रास र अविश्वासले जेलिएको छ । लामो समयदेखि एउटै गुटमा रहेर राजनीतिका कमजोर र निर्णायक मोडमा साथ दिएका उनीहरूको सम्बन्ध कटुताउन्मुख भएसँगै दुवैतिर बराबरी सम्बन्धमा रहेका पार्टीको नेता-कार्यकर्तापंक्ति बिस्तारै आपसमा ध्रुवीकृत बन्दा गुटको आकार लिइरहेको छ । पर्दाभित्र-बाहिर समर्थकहरूले एक-अर्काको आलोचनामा शब्द खर्चिरहेका छन् ।

६ साउनमा सम्पन्न केन्द्रीय कमिटी बैठकबाट ओलीले भण्डारीको पार्टी सदस्यता नवीकरणलाई अवैध करार मात्रै गराएनन्, राजनीति प्रवेशको ढोका बन्द गराएर निषेधको नीति अवलम्बन गरे । उता, भण्डारीले पनि 'माझ किरातकी छोरी' 'ब्याक नहट्ने' जवाफ फर्काएर पार्टी सदस्यता कायमै रहेको सन्देशसहित अगाडि बढ्ने योजना सार्वजनिक गरेकी छिन् । यहीबिच आगामी २० देखि २२ भदौसम्म ललितपुरको गोदावरीमा विधान महाधिवेशनको आयोजना हुँदै छ । तर, भण्डारीका लागि ओलीले विधान महाधिवेशनमै पार्टी प्रवेशको ढोका बन्द गराएपछि पार्टीको पूर्वउपाध्यक्षको हैसियतमा भण्डारीले देशैभर मुभ गर्ने योजना बनाएकी छिन् । जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीलाई वर्षभरि जबजको उपादेयताको बहस चलाएर मनाउने गरी उनी संरक्षक रहेको मदन भण्डारी फाउन्डेसनले हालै सात सय ५३ वटै पालिका र ७७ वटै जिल्लामा कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । सबैतिर भण्डारीको उपस्थिति रहने गरी प्रदेश र जिल्लामा रहेका फाउन्डेसनका शाखाले कार्यक्रमको सूची बनाउने गरी गृहकार्य गरिरहेका छन् । यस पृष्ठभूमिमा दुईबिचको कटुताउन्मुख संघर्ष सम्झौतामा टुंगिएर एमालेलाई मिसन ८४ केन्द्रित गराउने गरी एकताबद्ध बनाउँछ या विगतझैं एमालेलाई विभाजनको नियतिमा पुऱ्याउँछ, उनीहरूको आगामी मुभले नै आपसी सम्बन्ध र पार्टीको भविष्य निर्धारण गर्ने विश्लेषकको बुझाइ छ ।

मदन भण्डारीबाट सदस्यता लिएर पूर्णकालीन यात्रा

५ असार २०१८ मा भोजपुरको मानेभञ्ज्याङमा सामान्य किसान परिवारमा जन्मिएकी विद्या पाण्डे (भण्डारी) स्थानीय विद्योदय माविको कक्षा ८ मा अध्ययन गर्ने क्रममा सानै उमेरमा कम्युनिस्ट राजनीतिमा आकर्षित भएर युथ लिगमा संगठित भइन् । भोजपुर बहुमुखी क्याम्पस, महेन्द्र मोरङ क्याम्पस हुँदै तत्कालीन अखिलबाट पूर्वाञ्चल ब्युरो सदस्य र स्ववियुमा निर्वाचित कोषाध्यक्ष बनेर उनले पूर्णकालीन राजनीतिको यात्रा तय गरिन् । ०३५ मा तत्कालीन मालेमा संगठित भएकी उनले ०३७ मा तत्कालीन कोशी-सगरमाथा इन्चार्ज मदनकुमार भण्डारीको हातबाट पार्टी सदस्यता लिएकी थिइन् । छोटो समयमै लोकप्रिय विद्यार्थी नेतृका रूपमा स्थापित हुँदै सक्रिय भइन् ।

०३९ मा मदन भण्डारीसँग जनवादी बिहेपछि केही वर्ष शिक्षक र महिला अभियन्ताका रूपमा उनी सक्रिय भइन् । ०४६ को बहुदललगत्तै विद्या अनेमसंघको राष्ट्रिय परिषद् सदस्य मनोनीत भइन् । 'उहाँ बहुदललगत्तै अनेमसंघको राष्ट्रिय परिषद् सदस्य बनेर सक्रिय बन्नुभो' एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले भनिन्, 'मैले नै मदन कमरेडसँग छलफल गरेर उहाँजत्तिको पढेलेखेको योगदान भएको व्यक्तित्वलाई अनेमसंघको केन्द्रीय भूमिकामा ल्याउन प्रस्ताव गरेकी हुँ, सुरुमा पारिवारिक कारण देखाएर मदन कमरेड कन्भिन्स हुनुभएको थिएन । तर, ध्यानाकर्षणसहितको आग्रहपछि पूर्णकालीन बनाउन तयार हुनुभयो ।' ०४७ मा तत्कालीन माले-मार्क्सवादी एकतापछि सहाना प्रधान अध्यक्ष रहेको अनेमसंघमा भण्डारी केन्द्रीय सदस्य बनिन् ।

वि.सं. २०३९ मा विद्या पाण्डेको विवाह कम्युनिस्ट पार्टीका लोकप्रिय नेता मदन भण्डारीसँग भयो । जननेता मदनको ३ जेठ २०५० मा रहस्यमय जिप दुर्घटनामा दुःखद निधनसँगै उनको दाम्पत्य जीवन ११ वर्षमै समाप्त भयो । पतिको दुःखद निधनपछि दुई छोरीको लालनपालनका साथै राजनीतिक जिम्मेवारी पनि लिँदै अगाडि बढिन् ।

विद्या-केपी राजनीतिक सम्बन्ध र सहयात्रा

उमेर र राजनीतिमा विद्याभन्दा एक दशक जेठा ओलीको प्रारम्भिक दिन तेह्रथुम हुँदै झापाको चारपानेस्थित रामनाथ दाहालको घरमा गरिबी र अभावसँग जुध्दै अगाडि बढ्यो । सानैमा आमा गुमाएका दुहुरा ओलीले १५ वर्षको किशोर उमेरमा २०२३ मै मार्क्सवादी अध्ययन दलमा संगठित भएर राजनीतिक यात्रा अगाडि बढाए । झापाको पार्टी सचिव हुँदै ०२८ सालमा वर्गशत्रु खत्तम आन्दोलन चलाएर ०३० साउनमा जेल परे । १४ वर्ष जेलजीवन व्यतीत गरेर ०४४ मा छुटेको केही समयपछि मात्र राजनीतिक सहयात्रीका रूपमा विद्यासँग ओलीको भेट भयो । ठिक त्यहीवेला मदन भण्डारी पार्टीभित्र वैचारिक नेताका रूपमा स्थापित हुँदै थिए । ०४६ मा जनआन्दोलनको सफलतासँगै सार्वजनिक भएका खुल्लामञ्चको मदनको सम्बोधनले राष्ट्रिय-अन्तर्राष्ट्रिय चर्चा पायो । ०४९ को पाँचौं महाधिवेशन एमालेको जीवनमा राजनीतिक सिफ्टको महत्त्वपूर्ण परिघटना बन्यो । जुन महाधिवेशनबाट एमालेले शान्तिपूर्ण प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने नीति अवलम्बन गरेको थियो । मदनले अगाडि सारेको जनताको बहुदलीय जनवादको कार्यक्रमको तयारीदेखि पारित गर्नेसम्मका काममा ओलीले एक निकट सहयोद्धाको भूमिका खेले । त्यही वेलैदेखि राजनीतिक र पारिवारिक रूपमा ओली-विद्या सौहार्दपूर्ण सम्बन्धमा जोडिए ।

०५० पछि विद्या-ओली सम्बन्ध

मदनको निधनपछि शोकमा डुबेको एमालेले उनको वैचारिक र पारिवारिक लिगेसी स्थापित गर्ने गरी विद्यालाई राजनीतिक मैदानमा उताऱ्यो । काठमाडौं १ को उपनिर्वाचनमा काग्रेसका उम्मेद्वार तत्कालीन पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँगको प्रतिस्पर्धामा एमालेबाट विद्यालाई उम्मेद्वार बनाएर जिताउन ओलीले महत्त्वपूर्ण भूमिका खेले । उपनिर्वाचना प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि विद्याको राजनीतिक जीवनले क्रमशः उचाइ लिँदै गयो । दुईपटक प्रत्यक्ष निर्वाचित र तेस्रोपटक समानुपातिक सांसद भण्डारीले पार्टीभित्रको अन्तरसंघर्षमा सधैं ओलीलाई साथ दिँदै गइन् ।

०५४ को छैटौं महाधिवेशनपछि ओली स्थायी समिति सदस्य निर्वाचित भए भने विद्या पहिलोपटक केन्द्रीय सदस्य निर्वाचित भइन् । ०५९ को जनकपुरमा सम्पन्न सातौं महाधिवेशनमा तत्कालीन महासचिव माधवकुमार नेपालसँग महासचिवको उम्मेद्वार बन्दा विद्याले पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई मुद्दा बनाएर नेतृत्वका लागि अग्रसर ओलीलाई नै साथ दिइन् । सर्वसम्मतिका लागि उम्मेदवारी फिर्ता लिए पनि ओलीकै समूहबाट विद्या पुनः केन्द्रीय सदस्यमा निर्वाचित भइन् । बुटवलमा सम्पन्न आठौं महाधिवेशनमा ओली झलनाथ खनालसँग अध्यक्षमा पराजित भए । तर, विद्या उनकै समूहबाट चुनावी प्रतिस्पर्धामा उपाध्यक्ष निर्वाचित भइन् ।

> ● 'विश्वासिलो मान्छे चाहिन्छ' भन्दै ओलीले नै विद्यालाई राष्ट्रपति बन्न सहमत गराए । शीतलनिवास पुगेपछि विद्याले पनि आफू विवादमा परेर दुई-दुईपटक ओलीले संविधानविपरीत गरेको संसद् विघटनलाई सदर गरिदिइन् ।
>
> ● दुईबिचको कटुताउन्मुख संघर्ष सम्झौतामा टुंगिएर यसले एमालेलाई मिसन ८४ केन्द्रित गराउने गरी एकताबद्ध बनाउँछ या विगतझैं एमालेलाई विभाजनको नियतिमा पुऱ्याउँछ ? हेर्न बाँकी छ ।

०६२/६३ को दोस्रो जनआन्दोलनपछिको पुनर्स्थापित संसद्मा महिलाका अधिकारसम्बन्धी चार विशेष प्रस्ताव पेस गरेर ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने कामको अगुवाइ विद्याले नै गरेकी थिइन् । त्यही कारण उनको लोकप्रियता मात्रै चुलिएन, पार्टीभित्र थप प्रभावशालीसमेत बन्दै गइन् । संसद्ले उनको विशेष प्रस्तावलाई सर्वसम्मत पारित गर्दै सरकारलाई कार्यान्वयन गर्न विशेष निर्देशन दियो । सोही प्रस्तावअनुरूपको विधेयक तयार गर्ने प्रक्रियामा समेत भण्डारीले अहं भूमिका खेलिन् र नेपालको संविधान २०७२ ले महिलाको हक र अधिकारका विषयमा नागरिकता, सम्पत्तिलगायत अधिकार सुनिश्चित गर्ने महत्त्वपूर्ण व्यवस्था गरेको छ । त्यस्तै, राजनीतिक प्रतिनिधित्व र सरकारी सेवामा महिलाको सहभागिता सुनिश्चित गरेको छ । यस व्यवस्थासँगै महिला सहभागिताका दृष्टिले नेपाल विश्वमा उदाहरणीय बन्न पुगेको छ । एमाले उपाध्यक्ष शाक्य ०६२ मा पार्टीको नवौं केन्द्रीय कमिटीले पास गरेको महिला अधिकारसम्बन्धी विशेष प्रस्तावमा आफूसहितको सक्रियता रहेको र संसद्बाट पास गराउन भण्डारीले अगुवाको भूमिका खेलेको बताउँछिन् । प्रस्ताव पास गराउन विद्याले ओलीबाट महत्त्वपूर्ण सहयोग लिएकी थिइन् । 'त्यो पास गराउने काममा ओली कमरेडसँग उहाँले अवश्य परामर्श गर्नुभएको थियो, उहाँलाई ओली कमरेडले सुरुदेखि नै धेरै साथ दिँदै आउनुभएको हो, अन्तिमसम्मै दिनुभएको हो,' शाक्य स्मरण गर्छिन् ।

२०५५ पछि तीन कार्यकाल लगातार अनेमसंघ अध्यक्षमा निर्वाचित भण्डारीमाथि संघभित्र भने आन्तरिक लोकतन्त्रको अभ्यास कमजोर बनाएको आरोप पनि छ । ०६९ मा पोखरामा सम्पन्न महाधिवेशनमा झलनाथ खनाल समूहबाट अध्यक्षमा उम्मेदवारमा अगाडि सारेकी उर्मिला अर्याललाई प्रतिस्पर्धा नै गर्न नदिएको आरोप भण्डारीमाथि लाग्यो । त्यही अन्तरविरोध चर्किएपछि अर्याल एमाले छाडेर माओवादी प्रवेश गरिन् ।

फाउन्डेसनको जगमा शक्तिशाली ओली अहिले त्रासमा

अनेमसंघमा पन्ध्र वर्षजति भण्डारीले नेतृत्व गरेकै कारण ओलीलाई नेतृत्वमा स्थापित गर्न भण्डारीले जति योगदान गरिन्, त्योभन्दा बढी योगदान मदन भण्डारी फाउन्डेसनको छ । सातौं महाधिवेशनपछि महासचिव माधव नेपालबाट पेलिएका ओलीले देशैभर आफूनिकट नेता-कार्यकर्तालाई संगठित गर्दै संरक्षण गर्न ओलीले विद्याको शतप्रतिशत सहयोग पाए । सुरुदेखि नै फाउन्डेशनको संरक्षक रहेका ओलीले देशैभर सञ्जाल फैलाए र पार्टीभित्र क्रमशः पकड विस्तार गरे । आठौं महाधिवेशनमा नेतृत्वमा पराजित भए पनि त्यही जगमा पार्टीको स्थायी समिति र केन्द्रीय कमिटीमा पहिलोपटक बहुमतमा पुगे । वामदेव गौतमलाई साथ लिएर ओली संसदीय दलको नेता निर्वाचित हुँदै नवौं महाधिवेशनबाट फाउन्डेसनलाई नै गुटको केन्द्र बनाएर अध्यक्षमा निर्वाचित भए । फाउन्डेसनकै भगिनी संगठनका रूपमा अहिले मदन भण्डारी स्पोर्टस एकेडेमी देशैभर सञ्चालित छ । मदनकै नाममा अनेक प्रतिष्ठान, विश्वविद्यालयदेखि प्राविधिक शिक्षालय र शैक्षिक संस्था छन् । यी सबै संस्थाले कुनै न कुनै रूपमा ओलीलाई नेतृत्वमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेले । पार्टी एकता हुँदै दसौं महाधिवेशनसम्मको यही शृंखलामा ओलीले पकड कायम राखिरहँदा साढे तीन महिनादेखि विद्यासँग उनको दूरी बढ्दै गएको छ । फाउन्डेसनसँग तलदेखि माथिसम्म जोडिएका बहुसंख्यक नेता-कार्यकर्ता विद्याको पक्षमा खुल्दै गएका छन् । ओलीले राजनीतिको ढोका बन्द गरेपछि अहिले विद्या फाउन्डेसनलाई नै उपयोग गर्दै राजनीतिक मुभ गर्ने तयारीमा छिन् । फाउन्डेसनमार्फत विद्याले सक्रियता देखाउन खोजेपछि अहिले ओलीले पदाधिकारीदेखि केन्द्रीय कमिटीसम्मका कोही पनि नेतालाई त्यहाँ संगठित नहुन अनौपचारिक निर्देशन नै दिएका छन् । पछिल्लोपटक मदन भण्डारीको ७५औं जन्मजयन्ती मनाउने कार्यक्रमको संयोजक बन्नबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई रोक लगाएको विद्याले सञ्चारकर्मीसँग नै खुलासा गरेकी थिइन् ।

'विश्वासिलो मान्छे चाहिन्छ' भन्दै राष्ट्रपति बन्न ओलीकै प्रस्ताव

०५५ मा स्वास्थ्य तथा जनसंख्यामन्त्री हुँदै ०६६ मा पहिलो महिला रक्षामन्त्री बनाउन महत्त्वपूर्ण भूमिका खेलेका ओलीले विद्यालाई नेपालकै पहिलो महिला राष्ट्रपति बनाउन विशेष जोडसहित प्रस्ताव गरेका थिए । ०७१ मा भएको नवौं महाधिवेशनपछि दोस्रोपटक निर्वाचित अध्यक्षका रूपमा विद्याले पार्टीमा भूमिका विस्तार गर्दै थिइन् । अर्को महाधिवेशनबाट अध्यक्ष बन्ने भित्री योजनासहित अगाडि बढिरहेकी भण्डारीलाई त्यहीबिचमै नयाँ संविधान जारी भएपछि ओलीले अचानक राष्ट्रपति प्रस्ताव गरे । ०७२ कात्तिक पहिलो साता भण्डारी पार्टी कामको सिलसिलामा विराटनगर थिइन् । ओलीले अचानक फोन गरेर भने, 'तपाईं राष्ट्रपति बन्नुपर्ने भो । तुरुन्त काठमाडौं आउनुस् ।' ओलीको प्रस्ताव सुनेपछि भण्डारीले मेरो रुचि छैन, उपाध्यक्ष भइसके, सक्रिय उमेर छ, म राजनीतिमै अगाडि बढ्छु भन्दै जवाफ फर्काइन् । तर, फोनमा लामै पृष्ठभूमि बाँधेर ओलीले तुरुन्त काठमाडौं आउन आग्रह गरे । भण्डारीले ५४ वर्ष टेक्दै गरेको उमेरमै राष्ट्रपति बन्दा राजनीतिको ढोका बन्द हुने नबताएकी होइनन् । तर, ओलीले राजनीतिक रूपमै सर्तसहित भण्डारीलाई कन्भिन्स गराइछाडेपछि अन्ततः भण्डारी तयार भइन् । त्यतिवेला ओलीले भण्डारीलाई गरेको प्रस्ताव थाहा पाउने एक पदाधिकारी भन्छन्, 'उहाँले विद्या कमरेडलाई अहिले मैले पार्टीको नेतृत्व गरिरहेको छु, भोलि पार्टी बहुमत ल्याएर ठुलो पार्टी बन्न पनि सक्छ, चुनाव आउँदै छ, सरकारको नेतृत्व गर्नुपर्ने अवस्था पनि छ, तपाईं राष्ट्रपति बन्दा एमालेलाई फाइदा हुन्छ, सहयोग पुग्छ, मलाई पनि काम गर्न सहज हुन्छ । आफैं अध्यक्ष हुँदा निर्णय गर्न सजिलो हुने अवस्था रहेकाले तपाईंजत्तिको नजिकको र विश्वासिलो मान्छेलाई पठाउन खोजेको हो भन्दै प्रस्ताव गर्नुभएको हो,' ती पदाधिकारीले भने,' तर पनि विद्या कमरेडले मानिरहनुभएको थिएन । त्यसपछि अध्यक्षले भोलिको दिनमा निर्णय गर्न अप्ठ्यारो स्थिति पनि आउन सक्छ, स्वास्थ्य अवस्थालाई समेत ख्याल गरेर मैले प्रस्ताव गरेको हुँ । म नै नेतृत्वमा हुँदा फर्किएर राजनीति गर्ने हो भने वातावरण बनाउँछु ।' ओलीले सर्तसहित प्रस्ताव राखेपछि भने विद्या राष्ट्रपति बन्न तयार भएकी थिइन् । तर, त्यतिवेला आफ्ना छोरीहरूदेखि शुभचिन्तक नेता-कार्यकर्ताले राष्ट्रपति नबन्न सुझाव दिएको बताउँछिन् । सञ्चारकर्मीसँगको पछिल्लो कुराकानीमा त विद्याले छोरीहरूले त राजनीतिमा बुझाको रिक्तता हुने र सपना पनि सकिने भन्दै नजान दबाबसमेत दिएको स्मरण गरेकी थिइन् । ओलीको यिनै प्रस्तावलाई पनि मध्यनजर गर्दै ११ कात्तिक २०७२ मा भण्डारी पहिलो महिला राष्ट्रपति निर्वाचित भएर २९ फागुन २०७४ मा बिदा भएकी थिइन् । तर, चुनावपछि एकताबाट नेकपा बनेपछि विद्याको अध्यक्ष बनिहाल्ने चाहना पूरा हुने अवस्था थिएन, जसले गर्दा ओलीसहित नेतासँगको परामर्श र सुझावअनुसार उनी पुनः दोस्रो कार्यकाल राष्ट्रपति बनिन् र २८ फागुन २०७९ मा बिदा भइन् । विगतको परामर्श र सम्झौताअनुसार एमालेको राजनीतिमा फर्किने उद्देश्यले भण्डारीले राज्यको सुविधा परित्याग गरेर अगाडि बढिन् । एक कदम अगाडि बढेर वैशाख २०८० बाट पार्टी सदस्यता नवीकरण नै गरिन् । तर, जब भण्डारीले पटक-पटक भेटेर आफूलाई अध्यक्षका लागि सहयोग गर्न आग्रह गरिन्, त्यसपछि चिढिएका ओलीले केन्द्रीय कमिटी बैठकबाट राष्ट्रपति बन्दा सदस्यता परित्याग गरेकाले त्यस्तो गरिमामय पदमा पुगेको व्यक्ति पुनः राजनीतिमा फर्किन नमिल्ने भन्दै बहुमतको बलमा रोक लगाउने निर्णय गराएका छन् ।

संसद् विघटनमा आफू विवादमा परेर ओलीलाई साथ

प्रधानमन्त्री केपी ओलीलाई दुईपटक संसद् विघटनमा साथ दिँदा पूर्वराष्ट्रपति विद्या एकातिरबाट प्रशंसा र अर्कोतिरबाट विवाद र आलोचनाको केन्द्रमा परिन् । 'विश्वासिलो मान्छे चाहिन्छ' भन्दै ओलीले नै विद्यालाई राष्ट्रपति बन्न सहमत गराए । शीतलनिवास पुगेपछि विद्याले पनि आफू विवादमा परेर दुई-दुईपटक ओलीले संविधानविपरीत गरेको संसद् विघटनलाई सदर गरिदिइन् । तत्कालीन नेकपाभित्रको अन्तरसंघर्षलाई कारण देखाएर ५ पुस २०७७ र ७ जेठ २०७८ मा ओलीले गरेको संसद् विघटनको निर्णयप्रति प्रमुख विपक्षी काग्रेस, तत्कालीन नेकपाभित्रको प्रचण्ड-माधव नेपाल समूहसहित संसद्का अधिकांश दलले विरोध जनाए, नागरिक समाजले पनि तीव्र आलोचना गऱ्यो । तर, ती दुवै विघटनलाई सदर गरेर विद्याले ठुलो दलका नेताका रूपमा पनि प्रधानमन्त्रीमा ओलीलाई नै नियुक्त गरिन् । पछिल्लोपटकको विघटनमा सांसदहरूको हस्ताक्षर पनि राम्रोसँग सनाखत नगरेर भण्डारीले राष्ट्रपति पदको दुरुपयोग गरेर राजनीति गरेको विपक्षीले उनीमाथि आरोप लगाए । जबकि दुवै विघटनलाई सर्वोच्चले बदर गरिदियो । ओलीसँग बढेको पछिल्लो तिक्ततापछि भण्डारीले त्यतिवेला आफूले संविधानसम्मत नै जिम्मेवारी निर्वाह गरेको तर त्यस घटनाले आफूलाई पछ्याइरहने विषयमा जानकार नै रहेको प्रतिक्रिया दिइन् ।

'जहाँसम्म विगत (संसद् विघटन सदर)को कुरा हो, त्यसले मलाई पछ्याइरहनेछ भन्नेमा म जानकारै छु । ०१७ सालको इतिहासको कुरा पनि आइरहन्छ । ०५१ को कुरा पनि आइरहन्छ । त्यसैगरी म राष्ट्रपति भएको वेलामा दुईपटक विघटन भएको कुरा पनि आइरहन्छ । मैले कुनै दबाबभन्दा पनि संविधानको व्यवस्थाअनुसार मन्त्रिपरिषद्ले निर्णय गरेर सिफारिस गरेको प्रस्ताव कार्यान्वयन गरेकी हुँ,' भण्डारीले पछिल्लोपटक ३१ असारमा मदन भण्डारी फाउन्डेसनको कार्यक्रममा भनेकी थिइन् ।

» पृष्ठ ४ मा क्रमशः

बागबजारको भट्टीबाट प्यालेस्टाइनी आमाहरूलाई सायंकालीन अभिवादन

कविता



● विनोदविक्रम केसी

पीडाको केक काटौं
आँसुका मैनबत्तीहरू बालौं
घाउको गीत गाएँ–
ह्याप्पी बर्थडे... ... ...

यसरी मनाएँ यसपालि
विश्व-कायरताको जन्मदिवस
बागबजारको भट्टीबाट

आफ्नै कायरतालाई झेल्न
मलाई अल्कोहल चाहिन्छ

जब आफ्नै मौनले
बोल्छ मविरुद्ध धावा
म रक्सीको तटैतट भागिरहेको हुन्छु
यसरी भागिनँ भने
अनिष्ट कहाँसम्म हुन सक्छ भने
मेरै हातबाट हुन सक्छ मेरो हत्या
कवि विनोदविक्रम केसीले
कायर विनोदे रट्टीको कोखामै
धस्न सक्छ छुरी
जब कुनै कवि
उत्रिन सक्छ यस हदको कारबाहीमा
सम्झिन्–
क्रूरताले नाघ्न बाँकी
सरहद कुनै
बाँकी छैन अब

बल्ल-बल्ल
जुटाएको छु दुस्साहस एउटा
तीन गिलास ठर्रा चढाएपछि

बागबजारको भट्टीबाट
तपाईं प्यालेस्टाइनी आमाहरूलाई
सायंकालीन अभिवादन टक्याउन
बल्ल-बल्ल
जुटाएको छु दुस्साहस एउटा

अभिवादन !
गुड इभिनिङ !
मसा अल खैर !

मैले गिलास उठाएँ है, आमाहरू !
प्रत्युत्तरमा तपाईंहरू के उठाउनु होला, साँच्ची
प्रस्तर या आफ्नै नानीका शवहरू ?
अथवा, बमका खोका ?
जसलाई खुनी ट्रम्पहरूको भाषामा *स्प्याग्नेल* भन्छन्

तपाईंका नानीहरू
अर्थात्
बचेखुचेका नानीहरू
अचेल चन्द्रमाट्टेषी/ताराट्टेषी भएका छन् रे

हो ?

हो भने
योभन्दा वियोगात्मक कुरा अरू केही हुन सक्दैन
सेक्सपियर बुढोले पनि यस दुर्भाग्यमाथि
अढाई अक्षर लेख्न सक्ने छैन...

खुद चन्द्रमाजस्ता नानीहरू चन्द्रमाट्टेषी ?
खुद ताराजस्ता नानीहरू ताराट्टेषी ?

जब उनीहरूलाई लाग्छ–
तारा हो एउटा खस्न ठिक्क परिबसेको बम या मिसाइल
चन्द्रमा हो एउटा खस्न ठिक्क परिबसेको बम या मिसाइल

विश्व समुदाय !
तथाकथित विश्व समुदाय !
डाडु खोज्नु विराट एउटा
तताउनु पानी लाचारीको
र डुबि मर्नु...

मलाई यसरी डुबि मर्न मञ्जुर छैन
त्यसैले म पर्छु अल्कोहलको शरणमा
तथागत ! मैले
शान्तिको परिभाषा प्राप्त गरेको छु
बागबजारको भट्टीमा
यी साराका सारा अत्याचारका बाबजेद
प्यालेस्टाइनी आमाहरूले भत्काइदिएका छैनन् यो पृथ्वी
उनीहरूको यही महान् अनुग्रहको नाम शान्ति हो

सुनेको छु, इन्द्रेनीदेखि पनि तर्सिन्छन् रे, झस्किन्छन् रे
तपाईंहरूका नानीहरू (अर्थात् बचेखुचेका नानीहरू)
कि– यो कुन सप्तरङ्गी क्षेप्यास्त्र घोप्टिबसेको हो आकाशमा ?

हाय विश्व समुदाय !
(हाय बागबजारको भट्टीमा बसेर
मदिराजनित भावुकतावश
अन्टसन्ट कविताको थिम फुराइरहेको कवि !)
धिक्कार छ, धिक्कार... धिक्कार...
इन्द्रेनीसँग त्रस्त नानीहरूसँग
कसरी पो जुधाउने हो आँखा ?
कुनचाहिँ पाल्सी तर्कको
गर्ने हो इन्तजाम ?

जब
तपाईंहरू– तपाईं प्यालेस्टाइनी आमाहरू–
मरेका
मर्दै गरेका
कुनै पनि घड्री मर्ने सम्भावना भएका
आफ्ना नानीहरूका निश्छल सवालोपर
(जस्तो कि, *हाम्रो दोष के हो ?*)
बोल्नलाई शब्द नपाएर दाह्रा किट्नुहुन्छ
म पनि बागबजारको भट्टीमा बसेर
दाह्रा किटिरहेको हुन्छु

एक दिन त छोराको एउटा सवालसँग
सम्पूर्णतः पराजित भएर म
मध्याह्नमै छिरेँ भट्टी

आउँदो अठार अगस्टमा तेह्र वर्ष लाग्दै गरेको मेरो छोरोले
एक बिहान गऱ्यो भयानक प्रश्न एउटा–
इजरायललाई कसले दियो
प्यालेस्टाइनमाथि बम खसाल्ने लाइसेन्स ?

के जवाफ दिनु मैले ?

भगौडाहरू भन्छन्,
कहिलेकाहीँ जवाफ दिनुभन्दा
भट्टी छिर्नु सुविधाजनक हुन्छ

म भगौडा होइन
बस, आफूभित्रको सन्नाटासँग लड्न
मलाई अल्कोहलको अस्त्र चाहिन्छ
यदाकदा

म तपाईं प्यालेस्टाइनी आमाहरूसँग
गरिरहेको छैन याचना, कि–
गरिदिनुहोला माफ मलाई

म त यति हेक्का दिलाउन
तपाईंहरूलाई
बागबजारको भट्टीबाट गरिरहेको छु
सायंकालीन अभिवादन, कि–
तपाईंहरूले कदापि माफ नगर्नेहरूको सूचीमा
नेतन्याहु र नेतन्याहुहरू सँगै
हुनुपर्नेछ
मेरो पनि नाम

नेतन्याहुको बम र मेरो बेफिक्री
नेतन्याहुको मिसाइल र मेरो मौन
उत्तिकै अपराधी हुन्
उत्तिकै नृशंस ।



सुर्मा भवानीको मन्दिरमा
दार्चुलाबाट गएका तीर्थयात्री

परम्परा



● लोकेश साउद

साउने झरीमा सुर्मासरोवर



सुर्मासरोवरबाट फर्किएको जात्रालाई घाजिर गाउँमा स्वागत गरिँदै

मध्य-साउनको झरीसँगै अपि, नाम्पा हिमालमुनिका बस्ती कुहिरोले छपक्कै ढाकिएका छन् । कतिखेर घाम, कतिखेर हुस्सु र कुहिरो अनि बादल वर्षाको लुकामारीले यहाँको मौसम चलायमान छ । करिब सात हजार जनसंख्या भएको अपि हिमाल गाउँपालिकाको मध्यभाग भएर आफ्नै रफ्तारमा चमेलिया नदी बगेको छ । नदी वारिपारिका घुसा, खण्डेश्वरी, खात्तीलगायत गाउँमा यतिबेला यहाँको विशेष पर्व 'सुर्माभवानीको जात'को धुमधाम तयारी चलिरहेको छ ।

साउन-८ गते औंसीका दिनदेखि औपचारिक रूपमा सुरु भएको सुर्माभवानीको जात(जात्रा)का लागि पञ्चमीदेखि तयारी अघि बढेको छ । जातका विशेष आकर्षणका रूपमा रहने 'बिरे'हरू परिवारबाट छुट्टिएर अलग्गै बसिरहेका छन् । कतिपय बिरेहरू औंसीको दिनदेखि नै घरबाट मन्दिर तथा सामुदायिक भवनमा बसिरहेका छन् भने पञ्चमीदेखि सबै बिरेहरू घरबाट छुट्टिएका छन् । 'बिरे' भन्नाले सुर्माभवानीको जातका लागि दिनमा एक छाक खाने, मुहानको पानीमा हरेक दिन दुईचोटि नुहाउने, खाली खुट्टा हिँड्ने, रुद्राक्षको माला लगाएर बिहान-बेलुका शंख बजाउँदै आराधना गर्ने व्यक्ति हो । बिरेहरूलाई दुई श्रेणीमा विभाजन गरिएको हुन्छ । पहिलोचोटि धार्मिक यात्रामा सहभागीलाई बालोबिरे भन्ने गरिन्छ । बालोबिरेहरूले निकै कडा सामाजिक अनुशासनमा बस्नुपर्ने हुन्छ । त्यस्तै एकचोटि पहिले यात्रामा सहभागी भइसकेको व्यक्तिलाई बुढो बिरे भनिन्छ ।

बिरेहरू स्थानीय विशेष पहिरनसहित खाली खुट्टा अपि हिमाल गाउँपालिकाका विभिन्न गाउँबाट घाजिर र क्षेत्री गाउँ पुग्छन् । त्यहाँबाट २४.५ किलोमिटर टाढा बभ्राडको सिमानामा पर्ने सुर्मासरोवर पुग्ने गर्छन् ।

सुर्मासरोवरमा देवीको आराधना गरी तलाउको माटोलाई प्रसादको रूपमा लिएर फर्कन्छन् । बिरेहरू सुर्मासरोवर जाँदा कापुचुली हिमालको आधार शिविर हुँदै पाँच हजार मिटरको उचाइबाट हिँड्ने गर्छन् । त्यसपछि कालिगाड हुँदै अर्को पाँच हजार मिटरको दुबई पास भएर बिरे ओडार बस्नुपर्छ । दोस्रो दिन सरोवर पुगी पुनः बिरेओडार बसी अर्को दिन क्षेत्री गाउँ फिर्ता हुने चलन छ ।

अपि हिमाल गाउँपालिका-४ खण्डेश्वरीका ज्येष्ठ नागरिक बहादुर ठेकरेका अनुसार करिब ११औं शताब्दीबाट सुर्माभवानीको जात निरन्तर रूपमा चल्दै आएको छ । सुर्माभवानीको चैत(लोक गायन)मा उल्लेख भएको प्रसंगअनुसार थार (जंगली जनावर)को भेषमा आएकी सुर्मादेवीलाई बभ्राडबाट आएका सिकारीले लखेट्दै ल्याएको र उक्त थार सरोवरमा पसेर आफ्नो साक्षात रूप देखाएपछि देवी पुज्ने क्रम थालनी भएको विश्वास गर्छन् ।

तत्कालीन समयमा घोगाडीका राउद भन्ने व्यक्तिले सुर्माभवानीको जातको सुरुवात गरेका थिए भन्ने मान्यता छ । उनीहरूमध्ये एक भाइ बभ्राड र अर्को भाइ दार्चुलाको क्षेत्री बस्न थालेपछि दुवैतर्फबाट बर्सेनी देवीका लागि कठिन धार्मिक यात्राको थालनी भएको स्थानीय जानकार ठेकरे बताउँछन् । जुन हालसम्म चल्दै आएको छ । पूजाका लागि उच्च हिमाली क्षेत्रमा कठोर यात्रा गर्दै सुर्मासरोवर

साप्ताहिक राशिफल

१७ साउन (शनिबार)
२३ साउन (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

प्रशस्त धन आर्जन गर्ने मौका छ । कर्मप्राप्तिको योग छ । सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । पढाइलेखाइमा राम्रै उन्नति हुनेछ । आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ । व्यवसायबाट प्रशस्त लाभ होला । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । बिहीबारदेखि भने अलि प्रतिकूल रहला ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मानसम्मान बढ्नेछ । बोलीकै प्रभावले महत्त्वपूर्ण काम बन्ने समय समय रहेको छ । वैचारिक क्षमता बढ्नेछ । तपाईंको अभिव्यक्तिबाट धेरैलाई प्रभाव पर्नेछ । आत्मबल बढ्नेछ । व्यवसायबाट प्रशस्त फाइदा उठाउने मौका छ । प्रतिस्पर्धीहरूले हार खालान् । बुधबारदेखि भने अरूको भर पर्दा धोकामा परिने, हानि हुने र विश्वास गुम्ने सम्भावना छ, सचेत रहनुहोला ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

बोलीकै भरमा काम गर्ने समय छ । आतिथ्यपूर्ण सम्मान र सहयोगीबाट साथ पाइनेछ । कर्मयोगमा अभिवृद्धि हुनेछ । पराक्रम बढेर जाला । प्रेम र मित्रताको गाँठो कसिने वेला छ । आम्दानी बढ्नेछ । सप्ताहान्तमा भने धोकामा परिने योग छ, सचेत रहनुहोस् । आँटेका काममा सहयोगीहरूले साथ दिनेछन् र थप हौसला मिल्नेछ ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ । शुक्रबारदेखि आफन्तजन भेटिएलान् । शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मनपर्ने खानपान, वस्त्र, अलंकार आदिबाट आनन्द मिल्नेछ । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ । मानसम्मान पाइनुका साथै प्रशस्त धन आर्जन गर्ने योग छ । सहयोगीहरू जुट्नेछन् । उत्साह थपिनेछ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

आँटेका काममा सहयोगीले साथ दिनेछन् । व्यावसायिक कामबाट राम्रो लाभ होला । श्रमको उचित मूल्यांकन हुनेछ । आरोग्य एवं स्फूर्ति बढ्नेछ । भेटघाटले प्रसन्नता मिल्नेछ । मनपर्ने वस्त्र, अलंकार आदि लाभ होला । नयाँ काम गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ । स्थान परिवर्तन वा टाढाको यात्राको योग जुरेको छ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । आम्दानी बढ्नेछ । बुधबार अनावश्यक शंका जाग्ने र आत्मीय सम्बन्धमा कमी आउने योग छ । मान्यजनको सुझाव अप्रिय लाग्नेछ । सप्ताहान्तमा स्थितिमा सुधार आउला । पारिवारिक भेटघाट होला ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

नयाँ काम र जिम्मेवारी मिल्ने समय छ । धार्मिक क्रियाकलापमा मन जाला । राजनीति र नोकरीमा उन्नति हुनेछ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । विद्यामा प्रगति हुनेछ । अरूको मन जित्न सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । प्रतिनिधिमूलक यात्राको सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट गर्ने मौका छ । दीर्घकालीन काममा लगानी गर्ने समय छ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो या, यि, यु)

व्यवसायबाट सोचेको लाभ मिल्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । दाम र प्रतिष्ठा कमाउने वेला छ । आम्दानी बढ्नेछ । बुधबार अनावश्यक शंका जाग्ने र आत्मीय सम्बन्धमा कमी आउने योग छ । मान्यजनको सुझाव अप्रिय लाग्नेछ । उच्च महत्त्वाकांक्षा र विगतका गलत निर्णयले पनि काममा चुनौती आउने देखिन्छ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सुरुमा समय मनोरञ्जनपूर्ण रहला । रमाइलो यात्रा सम्भावित छ । प्रेमको बन्धन पनि कसिने वेला छ । मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी भइएला । धर्मकर्म, समाजसेवा, परोपकारजस्ता काम हुनेछन् । आम्दानी पनि प्रशस्तै बढ्नेछ । नयाँ काम वा नोकरी पाइने समय छ । बुधबारदेखि समय अलि प्रतिकूल रहला ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मानप्रतिष्ठा र ख्याति बढ्ने समय आएको छ । सामाजिक काममा संलग्न हुनुपर्ला । घुमघाम र भेटघाटको समय छ, छरछिमेकी, कुटुम्ब वा नातागोताको कामधन्दामा सरसहयोग गर्दा सन्तुष्टि प्राप्त हुनेछ । प्रेमको बन्धन कसिनेछ । रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

व्यापार-व्यवसायमा प्रशस्तै फाइदा होला । काम गरेर अरूलाई आकर्षित गर्न सकिनेछ । तपाईंको प्रतिभाको धेरैले कदर गर्नेछन् । शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ । शत्रुबाधा समाप्त होला । प्रशस्त धनलाभ हुनेछ । अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ । प्रेम र मित्रताको गाँठो कसिने समय छ । रमाइला ठाउँको भ्रमण गर्ने योग छ ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा आफन्तसँग असमझदारी बढ्नेछ । अस्वस्थता र कमजोरी अनुभव हुनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी रहनेछ । नजिकका व्यक्तिबाट काममा अवरोध हुने देखिन्छ । शुक्रबारदेखि स्थिति अनुकूल बन्नेछ । व्यापार-व्यवसायमा फाइदा हुनेछ । पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । प्रतिस्पर्धीहरू पराजित होलान् ।

कटुताउन्मुख...
पृष्ठ ३ बाट क्रमशः

तिक्त संघर्ष, वाद-प्रतिवाद

भण्डारीले पार्टीमा फर्किएको घोषणापछि चिढिएका ओलीले तत्कालीन महासचिव मदन भण्डारीलाई समेत पुष्टि नहुने चारित्रिक आरोप लगाए । १४ असारमा मदनजयन्तीको कार्यक्रममा उनले भण्डारीमाथि भूमिगत कालमा चारवटी श्रीमती र सहकारी ठगको आरोप लागेको बताए । 'मदन भण्डारीमाथि चारवटी कि कतिवटी श्रीमती छन् भनेर आरोप लगाइयो । त्यसको प्रमाण कसले खोज्न जाने अब ? अनेक दुर्वाच्य बोलिए,' ओलीले भनेका थिए, 'सहकारीमा ठगेर हिँडेको हो भनेर आरोप लगाइयो । कुनै आधार, साइनो सम्बन्ध केही पनि थिएन ।'

भण्डारीले राजनीतिमा फर्किने घोषणा गरेको त्यस कार्यक्रममा ओली स्पेन भ्रमणको हतारो दर्साएर उनको सम्बोधन नसुनी हिँडेका थिए । कार्यक्रममा उनले पार्टीमा फर्किएको घोषणा गरेकी थिइन् ।

'फरक ढंगले राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा एमालेमा रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ पार्टी सदस्यता नवीकरण गरेको छु । अब नेकपा एमाले परिवारको एक सदस्यका रूपमा पुनः जोडिएकी छु, र यसमा गर्व गर्छु,' भण्डारीले भनेकी थिइन् ।

एक सातापछि एक टेलिभिजनसँगको अन्तर्वार्तामा भण्डारीले आफू अध्यक्ष बन्ने उद्देश्यले नै पार्टीमा फर्किएको बताइन् भने ३२ असारमा ओलीले पत्रकार विजयकुमार पाण्डेसँगको अन्तर्वार्तामा उनलाई अध्यक्ष



क्षेत्तिं गाउँ कटेपछि उकालो लाग्दै 'बिरे'हरू



सुर्मासरोवरबाट फर्किएका बिरेहरु ब्रह्मकमल फूलको मालासहित क्षेत्तिं गाउँ फर्किने क्रममा



घाजिर गाउँमा मेला समापनका क्रममा सहभागी महिला

पुगेर हरेक तेह्रौं वर्ष ठुली जात (जात्रा) मनाउने चलन चल्दै आएको स्थानीयको भनाइ छ ।

सुर्माभवानीले निर्माण गरेको भनिएको सुर्मासरोवर धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण मानिन्छ । यो समुद्री सतहबाट चार हजार तीन सय मिटरको उचाइमा छ ।

सुर्मासरोवरसम्मको यात्राका क्रममा खाली खुट्टा हिँड्ने गरिन्छ । कसैकसैले भाङ (गाजा)को दोचा लगाएर जाने गर्छन् । स्थानीयहरू प्रायः खाली खुट्टै हिँड्ने गर्छन् भने अन्य जत्तोर (जात्रामा जाने)हरूले दोचा लगाउने अनुमति पाउँछन् ।

खाली खुट्टा हिँड्नु वा दोचा लगाउनुका पछाडि धार्मिक कारण छ । स्थानीय मान्यताअनुसार जब सुर्माभवानी हिमालतिर लागिन्, उनको पछिपछि निजेरी भन्ने सुर्माकी बहिनी पनि साथसाथै हिँडिन् । सुर्माभवानीले दोचा लगाएको भएर फटाफट हिँड्दै सरोवरमा स्नान गरिन् भने जुत्ता लगाएकी निजेरी ढिला पुगिन् । निजेरीले सुर्मासँग स्नान गर्ने ठाउँ माग्दा सरोवरको आधा भाग दिएकाले अहिले पनि तालको आधा पानी कालो र आधा पानी चम्किलो देखिने स्थानीय जानकार दलजित बोहरा बताउँछन् । उनका अनुसार तलाउको चम्किलो भाग सुर्माभवानीको हो भने कालो भाग निजेरीको हो । निजेरीलाई नकारात्मक शक्ति भएकी देवी र सुर्मालाई सकारात्मक शक्तिको प्रतीकको रूपमा लिने गरिन्छ ।

सुर्माभवानीले लगाएको दोचालाई पवित्र मान्ने गरिन्छ । तर, नकारात्मक शक्तिको रूपमा चिनिने निजेरीले जुत्ता लगाएको भन्दै निषेध गरिन्छ । अपि हिमाल गाउँपालिकाको अन्तिम बस्ती क्षेत्ती र दोह्रो अन्तिम बस्ती घाजिर गाउँमा मेला अवधीभर जुत्ता, चप्पल लगाएर हिँड्न पूर्ण रूपमा निषेध गरिने घाजिरका स्थानीय केशव धामी बताउँछन् ।

उच्च लेकाली हावापानी, यहाँको मौलिक संस्कृति तथा खानपानका लागि प्रशिद्ध सुर्माभवानीको जात १७ दिनसम्म चल्छ । औंसीको दिनपछि दर्सौं दिनमा रतेडी हुन्छ । रतेडीबाट नै सुर्माभवानीको जात्रा पूर्ण रूपमा सुरु हुन्छ । त्यसपछि सात दिनसम्म यो जात्राको चहलपहलले खण्डेश्वर क्षेत्रको अन्तिम बस्ती क्षेत्ती र त्यसभन्दा तलको घाजिर गाउँमा पर्वको रौनकता छाउँछ । जुन आइतबारदेखि सुरु हुन गइरहेको छ ।

जात्राको सातौं दिन क्षेत्तीमा छैठको रौनक थपिन्छ । उबादेशी अर्थात् क्षेत्ती गर्खा पुख्यौंली भएकाले आफ्नो जेठो छोराको छैठ दिने चलन छ । छैठ दिनका लागि छोरा जन्मिने घरका हरेकले अनिवार्य रूपमा बोका वा बाख्रीको बलि दिने र भोज खुवाउने चलन रहेको स्थानीय दलजित बोहराले बताए । उनका अनुसार कुनै समय क्षेत्ती गाउँको मन्दिरमा जेठो छोरा वा छोरीको बलि दिने परम्परा थियो । कालान्तरमा आएर त्यो परम्परा पशुवलि दिने चलनमा बदलिएको हो । छैठसँगै हरेक तेह्रौं वर्ष लाग्ने सुर्माभवानीको ठुलो जात्रा औपचारिक रूपमा समापन हुन्छ ।

चुनाव जनमुखी बनाउन जोडौं वेद र बुद्ध



धर्म



● रामचन्द्र शर्मा

हिन्दु, बौद्ध, इसाई, जैन, सिख, मुस्लिम सम्प्रदायमा विभाजित मानिस र समाजले वेद र बुद्धमा समानता छ भन्नेमा झ्वाट्ट विश्वास नगर्न सक्छ । तर, समानता भेटेर नै हिन्दुहरूले बुद्धलाई नवौं अवतार मान्छन् । बुद्धलाई ईश्वर, आत्मा, परमात्मा नमान्ने नास्तिक भन्ने हिन्दु पनि छन् । बौद्ध धर्मावलम्बीमध्ये कतिले बुद्धलाई हिन्दुका देवता भन्दा ठुला र हाम्रा मात्र भगवान् हुन् भन्छन् । यो सब साम्प्रदायिक अहं मात्र हो ।

वेदको अर्थ ज्ञान हो । वेदले भन्छ 'तत्वमसि ' (त्यो ईश्वर तिमी नै हौ)। 'आत्मनः प्रतिकूलानी परेषां न समाचरेत' । (आफूलाई प्रतिकूल लाग्ने कुरा अरूलाई पनि नगर) । 'परोपकार पुण्यायः पापाय परपीडनम्' । (अरूको सेवा गर्नु धर्म र पीडा दिनु पाप हो) । 'जन्मना जायते शूद्रः संस्काराद् द्विज उच्यते । वेदाभ्यासाद् भवेद् विप्रो ब्राह्मणो ब्राह्मबोधतः ॥ अर्थात्, जन्मँदा सबै शूद्र, संस्कारले माथि उक्लँदै वेदको अभ्यास र ब्रह्मबोध भएपछि सबै ब्राह्मण हुन्छन् । वसुधैव कुटुम्बकम् । र, सर्वे भवन्तु सुखिनः । यिनै ज्ञानको सिँढी चढेर राग, द्वेष, मोहरहित हुँदै व्यक्ति, वस्तु र स्थितिको वास्तविक र यथार्थ रूपमा बुझी विषयवासनामा तृष्णा र आसक्ति नराखी निरपेक्ष भावमा शान्ति र आनन्द (निर्वाण) मा स्थित हुने गुण र क्षमता बुझाउने उपाधि हो बुद्धत्व । बुद्धत्व प्राप्त गरेपछि बुद्ध भनिन्छ । वेद र बुद्धमा फरक कति हो भने विद्युत् उत्पादनको सैद्धान्तिक कुरा वेदान्तमा थियो, त्यसको गहिरो अध्ययन र तपध्यानबाट विद्युत् उत्पादन र बल्ब आविष्कार गरेर बाल्ने काम बुद्धले गरे । प्रत्यक्ष प्रमाणित गर्न नसकिने ईश्वर, भगवान्, आत्मा र परमात्मातर्फ बुद्ध मौन बस्दै मानिस स्वयंले खोजुन् भनी खोज्ने ध्यानको विधि दिए । ध्यान नास्तिकले पनि गरे । ध्यान लागेपछि स्वतः परमात्मा अनुभूतिमा आउँने हुँदा नास्तिक पनि आस्तिकमा बदलिन्छ । बुद्धले धर्ममा विज्ञान जोडिदिए, ध्यानको विधि आविष्कार गरे । वेदमा उल्लेख ईश्वर, आत्मा र परमात्मा कहाँ छ भन्दै खोज्दै हिँड्ने मानिसले भेट्न ईश्वर । भगवान् कृष्णले सबैको हृदय मेरो वासस्थान हो भने पनि पत्याएनन् । अनि धर्मलाई अन्धविश्वास ठान्दै निःसार कर्मकाण्ड गर्नमा सीमित हुँदै गएका मानिसको जीवनमा ध्यानद्वारा शान्ति र आनन्दको अनुभूति गराएर बुद्धले धर्म जिउने कला र जीवन पद्धति हो भन्ने व्यवहारतः पुष्टि गरे ।

सम्प्रदायगत धारणासँगै साधु, असाधु, धनी गरिब, ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र यो पार्टी, त्यो पार्टी, गुट-उपगुट र आफू स्वयंलाई त भन् संसारकै श्रेष्ठ, अरूद्वारा फूलमाला पहिरिन योग्य ठान्ने धारणा मन-मस्तिष्कमा भरिरहने मानिसले स्वयं र अरूप्रति निरपेक्ष भाव राख्न कठिन देखिने काम गर्ने क्षमता बुद्धको ध्यानले विकास गऱ्यो । मानिसले आफूमा रहेको पूर्वधारणा हटाएर यथार्थ र वास्तविकता मूल्यांकन गर्ने सोच बनायो । त्यसैले बुद्धले मनुष्य चेतनामा क्रान्ति ल्याएको दाबी गरेका छन्, ओशो रजनिशले । विपश्यना ध्यान साधकलाई ओशोको दाबी सत्यतथ्यमा आधारित रहेको स्वअनुभूति हुन्छ पनि ।

मानिसमा रहेको पूर्वधारणाले कामना लिएर हिँड्छ । सिक्काको दुई पाटा भएझैं आग्रह र पूर्वाग्रह कामनाका दुई पाटा हुन्छन् । कामनाले व्यक्ति, वस्तु र स्थितिमा आफ्नो छाया पार्छ । त्यो छायाले व्यक्ति वस्तु र स्थितिको वास्तविक मूल्यमा थपघट गरिदिन्छ । आग्रहजनित कामनाले हाम्रालाई बढी अंक दिएर राम्रो बनाउँछ । हाम्रामा नपर्ने राम्राप्रति पूर्वाग्रहजनित कामनाले अंक घटाएर किनारमा मिल्काइदिन्छ । यसैलाई सांसारिक मायाको जालो भनिन्छ । चुनावमा भाग लिएका नयाँ पुराना सबै दल, नेता र कार्यकर्ता यो मायाजालबाट ग्रसित छन् । कसैले अनजस्टिस कमाइ गरेका छन् भने कोही अनजस्टिसमा परेका छन् । यो सांसारिक मायाजालको खेल सत्तामा हुने दलहरूले भनै बढी खेल्ने गरेकाले सुशासन र पारदर्शिता घट्दै जाने बेथिति र भ्रष्टाचार बढाउँदै लगेको छ ।

३० वैशाख ०७९ मा सम्पन्न स्थानीय चुनावमा काठमाडौं, धरान र धनगढीमा स्वतन्त्र व्यक्तिलाई मेयर चुने । यो पुराना दलको विकल्प खोजेको संकेत थियो । संकेतबाट डराएका पुराना दल गठबन्धन गरेर ४ मंसिर ०७९ मा सम्पन्न संघको चुनावमा गए । संकेतबाट उत्साहितहरूले ७ असार ०७९ मा राष्ट्रिय स्वतन्त्र पार्टी खोलेर चुनावी प्रतिस्पर्धामा उत्रिए । गठबन्धनलाई बहुमत नदिएका जनताले नयाँ दललाई २० सिटमा जिताए । यो देशको अवस्था बदल्ने एजेन्डा अघि सार्न नयाँ दललाई अवसर र गठबन्धनलाई नयाँ दलका एजेन्डा स्विकार्नैपर्ने बाध्यता थियो । नयाँ दलले कुनै एजेन्डा अघि सारेन । पुराना दलका नेतासँग मिलेर पटक-पटक सरकारमा गयो । मुलुकको अवस्था सुधार्ने नारा र अवसर अलपत्र पऱ्यो ।

संविधानतः ०८४ मा तीनै तहको चुनाव हुनुपर्छ, हुन्छ । पुराना दलले आ-आफ्ना कार्यकर्ता परिचालन गरी देशलाई उत्पादनउन्मुख गराउने योजना अघि सारेका छैनन् । नयाँ भनिएको दलले पनि देशको अवस्था सुधार्ने नीति र पद्धति तय गर्न देशव्यापी व्यवस्थित बहस सञ्चालन गर्न कार्यकर्ता परिचालन गर्ने जाँगर देखाएन । वर्तमान सरकार संविधान संशोधनका लागि भनिएकोमा वर्ष नाघिसक्दा पनि छलफलमा सम्म नआएकाले सत्तामा बसेर चुनाव गर्ने कुटिलताले सरकार बदलिएको बुझिन आयो । गणतन्त्र ल्याउन बढी मिहिनेत गरेको अहिलेको प्रमुख विपक्षी दलले आर्थिक क्रान्तिको योजना बनाई कार्यकर्ता परिचालन गरेर व्यवहारबाट गणतन्त्र संस्थागत गर्न बढी जिम्मेवारी लिएको देखाउनुपर्नेमा जनतासँग उधारो कुरा गरी क्रियाशील रहेको स्वाङ रचेको छ । पुराना दलले

> चुनावमा भाग लिएका नयाँ-पुराना सबै दल, नेता र कार्यकर्ता यो मायाजालबाट ग्रसित छन् । कसैले अनजस्टिस कमाइ गरेका छन् भने कोही अनजस्टिसमा परेका छन् । यो सांसारिक मायाजालको खेल सत्तामा हुने दलहरूले भनै बढी खेल्ने गरेकाले सुशासन र पारदर्शिता घट्दै गएको र बेथिति र भ्रष्टाचार बढाउँदै लगेको छ ।

बढाएको भ्रष्टाचार र बेथिति नियन्त्रण गरी सुशासन दिएर मुलुकको अवस्था बदल्ने वाचा र पुराना नेता नो नट अगेनको नाराले उदाएको नयाँ पार्टी व्यवहारले नयाँ बन्नुपर्नेमा न्यायिक हिरासतमा रहेका नेताप्रति जनसहानुभूति बटुली भोट बढाउने पुरानो शैली र तिकडम पछ्याउँदै छ । पूर्वराष्ट्रपति र उपराष्ट्रपतिको पार्टी राजनीतिमा प्रवेश सहानुभूति र भावुकता सिर्जना गर्ने औजार बनाउन खोजिएको छ । राजावादी पार्टी र समूह एक भई चुनावमा जान राजसंस्था र हिन्दु धर्म पुनर्स्थापनाको आन्दोलन सुरु गरिएको छ । दलहरूका वर्तमान गतिविधिले आगामी चुनावमा कोही सत्ताको बलले त कोही सहानुभूतिको भोट तान्ने तिकडमबाजी मात्र देखाउँछ । यो आगामी चुनावसमेत जनमुखी हुन नदिने संकेत हो । यसतर्फ हरेक दलभित्र र स्वतन्त्र रहेका सम्पूर्ण देशभक्त नेपालीले गहिरिएर विचार विमर्श गरी आगामी चुनाव जनमुखी बनाउन आजैदेखि जनस्तरबाट पहलकदमी नलिए देश थप संकटमा पर्नेछ ।

जनतालाई मालिक बनाउँछौं भन्ने नेता सत्तामा पुगेपछि आफैं मालिक बनेको देखेर अरू वेला असन्तुष्ट रहने जनता सांसारिक मायाजालमा परी चुनाव नजिकिँदै जाँदा नेताको ढाप र गुलिया चुनावी कुरामा फुस्लिएर उनै नेतालाई मत दिँदा ठुलो धनजनको क्षति गरेर ल्याएको गणतन्त्रमा पनि देश भन्-भन् कमजोर हुँदै गएको हो । जनता सांसारिक मायाको जालोबाट मुक्त भई आफू र मुलुकको वास्तविकता जाने-बुझेरै सही निर्णय गर्न सक्ने नबनेसम्म देश र जनताको अवस्था सुध्रिँदैन । जनतालाई जगाएर वास्तविकता बुझ्न सक्ने बनाउन देशैभरि बुद्धको ध्यान गर्ने-गराउने वातावरण सिर्जना गर्दै वेद र बुद्धलाई जोड्नुपर्छ ।

वेद र बुद्धले भगवान्को दर्जा दिएर मानिसलाई स्वनिर्भर बन्ने शक्ति सन्देश दिए । बाइबलले ईश्वर मालिक, भक्त नोकर हो भनेको छ । महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले वेद र बुद्धले वैज्ञानिक खोजलाई सम्भव बनाएको भनी आभार व्यक्त गरे । इसाई परिवारमा जन्मेका पश्चिमा विद्वान् ब्रटन रस्सलले त 'ह्वाई आई एम नट अ क्रिस्चियन' भन्ने किताब नै लेखे । रत्नाकर डाकु वाल्मीकिमा रूपान्तरण भई रामायण रचना गरे, अंगुलिमाल डाँका बुद्धको प्रभावले साधु बने ।

पश्चिमी विद्वान् कार्ल गुस्ताफ जुंगले हरेक पुरुषमा ४० प्रतिशत स्त्री गुण (एनिमस) र हरेक स्त्रीमा ४० प्रतिशत पुरुष गुण (एनिमा) रहने औंल्याएका छन् । पुरुषका लक्षण तर्क, ज्ञान, संकल्प, सक्रियता, आक्रमण, हमला र खुबी सत्यको खोज गर्न सक्ने तथा स्त्रीका भक्ति, प्रेम, समर्पण र कल्पनाजस्ता लक्षण र सत्य आउँछ भनी धैर्यतापूर्वक प्रतीक्षा गर्ने खुबी रहने खुलासा गरेका छन् । वेद र बुद्धको शिक्षा (धर्म) ले पुरुष र स्त्री दुवैमा रहेको पुरुष शक्ति विचार, ज्ञान, विवेक र तर्क उपयोग गरी सत्य खोज्ने प्रभावकारी ज्ञान विधि दिँदै मार्गप्रशस्त गरेको छ ।

हस्तान्तरण गर्ने अवस्था नै नभएको जवाफ फर्काए ।

'अहिले उहाँलाई नेतृत्व हस्तान्तरण गर्न सकिने अवस्था छैन, किनभने एक त उहाँ राजनीतिमा आउनुहुन्छ भनेर पार्टीले मानेको, ठानेको अवस्था नै छैन । उहाँ त पार्टी काम छाडेर धेरै वर्ष बाहिर हुनुहुन्छ । पहिले पनि उहाँले संगठनात्मक नेतृत्वमा बसेर काम गरेको अवस्था होइन,' ओलीले भने । पार्टीको पोलिटब्युरो बैठकमा पनि ओलीले विद्यालाई रोक लगाउने कुरा गरेपछि ४ साउनमा च्यासलस्थित कार्यालयमा उनीहरूबिच संवाद भयो । जहाँ भण्डारीले पार्टी सदस्यता नवीकरण नरोक्न भन्दै आफू पार्टी कार्यालयमा नियमित आएर सक्रिय हुने जानकारी गराइन् । तर, केन्द्रीय कमिटी बैठकमा पनि ओलीले भण्डारीलाई राजनीतिमा फर्काउन नसकिने बताएपछि बैठक चलिरहेकै वेला सञ्चारकर्मीसँग कुरा गर्दै माफ किरातकी छोरी हुँ, खुट्टा कमाउँदिनँ भनिन् । 'पद र पैसा बाँडेर कतिन्जेल पार्टी चल्छ ? विचार गुमेपछि पार्टी पनि गुम्छ । म अब चुप लागेर बस्दिनँ । म राजनीतिमा अघि बढ्छैं, माफ किरातकी छोरी हुँ, खुट्टा कमाउँदिनँ,' भण्डारीले भनेकी थिइन् ।

लामो समय सौहार्दपूर्ण सम्बन्धमा रहेका ओली-भण्डारीको तिक्त सम्बन्धले नेता-कार्यकर्ताले मात्र होइन, पार्टीले क्षति व्यहोर्न सक्नेतर्फ उपाध्यक्ष शाक्यले सचेत गरेकी थिइन् । 'तपाईंहरू एक-अर्काको सहयोगी नै हो, विगतमा अनेक घटनाक्रम छन् । राष्ट्रपति भइसकेको मान्छे पार्टीमा फर्काउनुहुन्न भन्ने मेरो मत हो । तर, तपाईंहरू दुईजना मिल्दा पनि दुःख, अहिले नमिल्दा पनि हामीलाई नै दुःख भएको छ, मिल्नुस्, समझदारीमै टुंग्याउनुस्,' शाक्यले भनिन् ।

सम्झौताको सम्भावना

बहस नोट कमिटीका एक सदस्यका अनुसार एमालेको पछिल्लो केन्द्रीय कमिटी बैठकमा पूर्वराष्ट्रपति भण्डारीको सवालमा तीनखाले मत प्रकट भएको थियो । विशेषगरी, बालुवाटारसँग बाक्लो संवाद र सम्बन्धमा रहेका नेताले उनलाई पार्टीमा फर्काउनै नहुने मत राखेका थिए । यो संख्या केही बढी थियो । त्यस्तै, भण्डारीलाई सदस्यताबाट रोक्न नहुने मत तुलनात्मक रूपमा कम थियो । तेस्रो मत, राजनीतिमा फर्किने निर्णय लिइसकेको परिप्रेक्ष्यमा पार्टीलाई एकतासहित मिसन ८४ मा केन्द्रित गर्न दुईबिचको संवादबाट हल गर्नुपर्ने र त्यसका लागि ओलीले अग्रसरता लिनुपर्ने प्रकट भएको थियो । ५० हाराहारी संख्याका केन्द्रीय सदस्यको यो उल्लेख्य मत र भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने मतलाई संख्यात्मक र गुणात्मक रूपले निष्कर्ष निकाल्दा दुईबिच कुनै न कुनै बिन्दुमा सम्झौता हुन सक्ने ठुलो संख्याका नेता-कार्यकर्ताको बुझाइ छ । 'जे निर्णय भए पनि केन्द्रीय कमिटीको खास मत भनेकै दुई नेताले संवाद र सहमतिबाट हल गरेर पार्टीलाई एकताबद्ध रूपमा लैजानुपर्छ भन्ने हो,' एमाले निर्वाचन आयोगका अध्यक्ष विजय सुब्बाले भने, 'त्यसैले उहाँहरूबिच विधान महाधिवेशनपहिल्यै कुनै न कुनै बिन्दुमा सहमति हुन सक्छ, देशभरका नेता-कार्यकर्ताको अभिमतलाई पनि उहाँहरूले मनन गर्नैपर्ने हुन्छ ।' त्यसो त, ओली-भण्डारीबिच संवाद रोकिए पनि बालुवाटार-भंगाल ओहोरदोहोर गर्ने नेताहरूले मिल्न दबाब दिँदै प्रस्ताव ओहोरदोहोर गराइरहेका छन् । ओलीले चौतर्फी घेराबन्दी भएकाले अबको महाधिवेशनबाटै अध्यक्ष छोड्दा आफू सरकार र पार्टी सञ्चालनमा असफल भएको सन्देश जाने भन्दै यसबिचमै मध्यमार्गी विकल्पबाट विधान महाधिवेशनसँगै भण्डारीलाई स्थापित गर्दै नेतृत्व हस्तान्तरणको प्रक्रिया आरम्भ भएको सन्देश दिन सकिने सन्देश पठाएका छन् । तर, भण्डारीले भने त्यसरी सन्देश ल्याउनेलाई कुनै विश्वसनीय आधार नबनेको भन्दै पछाडि हट्ने अवस्था नरहेको बताएर केही दिनयता मौनता साधिरहेकी छिन् ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल ओलीको स्ट्यान्डले अहिलेको परिस्थितिमा कुनै नाटकीय परिवर्तन नआएमा मिलापको सम्भावना न्यून देखिए पनि राष्ट्रिय महाधिवेशनको प्रतिनिधि छनोटको अवस्था र मिसन ८४ को दबाबले मिलनको सम्भावनालाई नकार्न भने नसकिने बताउँछन् । 'अहिलेकै अवस्थाबाट अगाडि बढ्दा मिसन ८४ मा एमाले गोलखाडीमा जान्छ, महाधिवेशनको प्रतिनिधि चुनिन पनि बाँकी छ, उनीहरू खुल्दा निर्वाचितलाई कारबाही गर्ने अवस्था पनि हुन्न,' पोखरेल भन्छन्, 'त्यसैले, अहिले ओलीको स्ट्यान्डले मिलापको सम्भावना धुमिल देखिए पनि परिस्थितिमा नाटकीय परिवर्तन आएर मिल्ने सम्भावनालाई नकारिहाल्न सकिने अवस्था छैन ।'

भ्याप्पै !



रवि मिश्र
@rabimishra



विभेदपूर्ण संस्कृति अन्त्य गर्ने चिनियाँ प्रयास

छिमेक



● झलनाथ खनाल



विश्व सभ्यता सम्मेलनमा सहभागी पूर्वप्रधानमन्त्री झलनाथ खनाल नेतृत्वको टोली

सबै सभ्यताको बिचमा एक-आपसमा समान ढंगले अन्तर्क्रिया हुनुपर्छ। उनीहरूले एक-अर्काबाट सिक्नुपर्छ र त्यो सिक्ने क्रममा नै संसारमा अग्रगति र प्रगति हुन्छ। त्यसले विश्वमा शान्ति, विकास र समृद्धि पनि सम्भव हुन्छ भन्ने कुरा अहिले स्थापित भएर गएको छ।

विश्वभरिका पाँचै महाद्वीपका मुलुक ग्लोबल सिभिलाइजेसन इनिसिएटिभको विश्व सम्मेलनमा सहभागी हुन चिनियाँ कम्युनिस्ट पार्टीले यही १०-११ जुलाई २०२५ मा चीनमा आमन्त्रण गरेको थियो। विशेष गरी नेपाल, भारत, भुटान, बंगलादेश, म्यानमार, स्टिमोरलगायत देशका नेतालाई मैले नेतृत्व गर्नुपर्ने थियो। त्यसैगरी, विश्वका विभिन्न देशका नेताहरूलाई विभिन्न स्थानबाट प्रवेश गराउने र भ्रमण गराउँदै ९ तारिख बेलुका बेइजिङ पुऱ्याउने, १० र ११ तारिखमा विश्व सम्मेलनमा सरिक गराउने भन्ने योजना रहेछ। त्यही सिलसिलामा मलाई हेनान प्रान्तमा बोलाइयो। हेनान प्रान्तमा म पुग्दा हाम्रो प्रतिनिधिमण्डलका सबै नेताहरू आइसक्नुभएको रहेछ। हामी त्यहाँ भेला भयौं। हेनानमा तीन दिनसम्म विभिन्न उद्योगधन्दा, कलकारखानाहरू, विकासका महत्त्वपूर्ण क्षेत्रमा लगियो। जस्तो इलेक्ट्रिकल भेहिकलको विकास भइरहेको कारखाना, विभिन्न एग्रिकल्चरसँग सम्बन्धित अनुसन्धानका केन्द्रहरूमा लगियो। विभिन्न फलफूलको कसरी अनुसन्धान भइरहेको छ, विकास भइरहेको छ भन्ने पनि देखाउनुभयो। ठूलो मात्रामा एकदम छोटो समयमा विकास गर्न सकिएको छ भन्ने हेरियो। कृषि र उद्योगमा भएको नवप्रवर्तनबारे देखाउनुभयो। विश्वका विभिन्न क्षेत्रहरू र देशहरूमा आर्थिक, सामाजिक, सांस्कृतिकमा एकआपसमा कसरी प्रवर्द्धन गर्न सकिन्छ भन्ने विषयमा व्यापक छलफल पनि भयो। चीन र नेपालका बिचमा पनि यस्ता सहयोग कसरी अगाडि बढाउन सकिन्छ भन्नेबारेमा सविस्तार छलफल गर्ने वातावरण पनि प्राप्त भयो।

हेनानमा एउटा टु हर्स टेम्पल (दुईघोडे मन्दिर) रहेछ। त्यो चीनमा बनेको सबैभन्दा पहिलो बुद्ध मन्दिर रहेछ। त्यहाँबाट नै बुद्धिजम चीनमा फैलिन सुरु गरेको रहेछ। त्यो मन्दिर धेरै व्यापक र विशाल छ। हेनानमा नै पहरामा कपेर बनाइएका १४ सय बुद्ध रहेछन् त्यहाँ। त्यो एउटा ठुलो पहरामा कुँदीकुँदी थुप्रै केभ बनाएको रहेछ। ठुलठुला केभहरूभित्र बुद्धका ठुल्ठुला मूर्ति राखिएका रहेछन्। त्यो १३ सय वर्षअगाडि स्थापना भएको रहेछ।

हाम्रा दुई देशबिचका सांस्कृतिक सम्बन्धहरू कसरी विकास गर्न सकिन्छ भन्ने विषयमा छलफल पनि भयो। नेपाल र चीनबिचको परम्परागत सम्बन्ध बुद्धिजमबाट पनि सुरु भएको प्रस्ट छ। यो कुरालाई पनि उहाँहरूले त्यहाँ हाइलाइट गर्नुभयो। यसरी हेनानमा हामी घुम्यौं। हेनान चीनको अन्नभण्डारजस्तै रहेछ। हेनानको अर्थतन्त्र चीनका विभिन्न प्रान्तमध्ये पाँचौं ठूलो अर्थतन्त्र रहेछ। यो प्रान्तले मात्र सिंगो चीनको १० प्रतिशत अन्न र एकचौथाइ गहुँ उत्पादन गर्दो रहेछ। हेनानको मात्र जिडिपी गत वर्ष २०२४ मा मात्र पनि ५.५ ट्रिलियन युआन पुगेको रहेछ। यो प्रान्तमा मात्र अहिले ४२०० उच्च प्रविधिका उद्योग स्थापना भएका छन्। यातायातमा बुलेट ट्रेनले ठुलो भूमिका खेलिरहेको रहेछ। हेनान साँच्चि नै एउटा आधुनिक समाजवादी प्रान्तका रूपमा तीव्र रूपले विकसित भइरहेको रहेछ। यसरी तीन दिन घुमेर हेनानको भ्रमण सकेपछि जुलाई ९ को बेलुकीपख हामी बुलेट ट्रेन चढेर बेइजिङ लाग्यौं।

अरू क्षेत्रका प्रतिनिधिमण्डल पनि त्यसरी नै विविध खालको अनुभव लिँदै बेइजिङ आइपुग्नुभयो। १० तारिखका दिन हामीले बिहान चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागका उपप्रमुख सुन हैयानसँग भेट्यौं। उहाँसँग लामो कुराकानी भयो। कसरी दुई देशबिचका सम्बन्धलाई हामीले विकास गर्न सक्छौं ? भन्ने कुरादेखि आजको विश्व व्यवस्था, विभिन्न सभ्यता, संस्कृति, इतिहास, दर्शन, जीवनपद्धति, सामाजिक बनोट, विकासका बाटा आदिमा रहेका विविधता, केही मुलुकहरूको प्रभुत्ववादी चिन्तन, प्रभुत्ववाद, मनोध्रुवीकरण र बहुध्रुवीकरण आदिका बारेमा पनि छलफल भयो। त्यसका साथै प्रभुत्ववादी चिन्तनको विरोध गर्दै सबै देश, सभ्यता, संस्कृति, भाषा आदिलाई समान ठान्नुपर्ने, उनीहरूबिच सम्पर्क, संबाद, सहकार्य र मैत्रीपूर्ण सहसम्बन्ध विकास गर्नुपर्ने आवश्यकताका बारेमा पनि छलफल गर्‍यौं।

> जति धेरै विविधता भए पनि ती सभ्यताबिचमा एक-आपसमा समानता पनि छन्। हामीले ती सबै सभ्यतालाई समान ढंगले हेर्नुपर्छ। कुनै सभ्यताचाहिँ एकदम सुपेरियर भएको अरूचाहिँ जुनियर भएको, कुनै सभ्यताचाहिँ एकदम विकसित भएको, अरूचाहिँ एकदम अविकसित भएको र कुनै सभ्यताचाहिँ बढी मात्रामा अरूलाई डिक्टेट गर्न सक्ने, प्रभुत्व स्थापित गर्न सक्ने अधिकार रहेको र अरूले अधीनस्थजस्तो हुनुपर्ने भन्ने होइन।

नेपालको कम्युनिस्ट आन्दोलन, देशको समग्र राष्ट्रिय परिस्थिति, राष्ट्रिय विकास र नेपाल तथा चीनका बिचमा के कुरामा नेपाललाई चीनले मद्दत गर्न आवश्यक छ भन्ने बारेमा उहाँहरूले जिज्ञासा राख्नुभयो। अन्य देशहरूसँग पनि उहाँहरूको जिज्ञासा थियो। नेपाल र चीनबिच बहुआयामिक क्षेत्रमा सहकार्य गर्न सकिने र कृषि, उद्योगका साथै अन्य विभिन्न इनोभेटिभ काममा पनि दुई देशबिच व्यापक विकास र विस्तार गर्नुपर्ने आवश्यकता रहेको कुरा उहाँहरूसँग गरियो।

कम्युनिस्ट आन्दोलनप्रति चासो

विदेश विभागका उपप्रमुखले नेपालको कम्युनिस्ट आन्दोलनका बारेमा पनि चासो राख्नुभयो। नेपालमा ६० प्रतिशतभन्दा बढी जनता कम्युनिस्ट पार्टीप्रति आकर्षित भएको देखिन्छ, तर कम्युनिस्ट आन्दोलनचाहिँ किन यसरी विभाजित भएको भन्ने बडो चिन्ताजनक जिज्ञासा राख्नुभएको थियो। हामी देख्दा कुनै ठुलो सिद्धान्तको र नीतिको विवादजस्तो देख्दैनौं, नेताहरूको स्वार्थको लडाइँ मात्रै हो कि भनेजस्तो हामीलाई लाग्छ भन्ने उहाँहरूको टिप्पणी थियो। यो टिप्पणीलाई नेपालका विद्वान् मानिने नेताहरूले बडो गम्भीरतापूर्वक बुझ्नु, सुन्नु आवश्यक छ भन्ने लाग्छ।

सम्मेलनको सिलसिलामा चिनियाँ कम्युनिस्ट पार्टीका स्थायी समितिका सदस्य छाई ची, पोलिटब्युरो सदस्य लि सुले, विदेश विभाग प्रमुख लिउ जिया चाओसँग सामान्य भेटघाट भए। विदेश विभागकी उपविदेशमन्त्री मेडम सुनसँग भने लामो कुराकानी भयो। सारमा भन्दा चीन आफ्नानिकट छिमेकीहरूसँगका सम्बन्ध र सहयोगलाई गहिरो र व्यापक बनाउन विशेष प्राथमिकताका साथ लागिरहेको कुरा र छिमेकी सम्बन्धलाई घनिष्ठ बनाउन चाहेको कुरा उहाँहरूले बताउनुभएको थियो।

बेइजिङ यात्रा

१० तारिखको बिहान हामीलाई बेइजिङवरिपरि घुमाउनुभयो। यो बडो रोचक घुमाइ भयो। त्यसपछि दिउँसो उद्घाटन समारोहमा लानुभयो। चीनको राष्ट्रिय गेस्ट हाउसमा उद्घाटन समारोह भव्य रूपले सम्पन्न भयो। उद्घाटन समारोहलाई बडो गज्जबको म्युजिकको धुनबाट सुरु गर्नुभयो। त्यसपछि चिनियाँ राष्ट्रपति सी जिनपिङको तर्फबाट शुभकामना सन्देश दिइयो। त्यसपछि दोस्रो शुभकामना सन्देश संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसबाट दिइयो। त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टीका स्थायी कमिटीका सदस्य छाइचीले किनोट भाषण दिनुभयो। अहिलेको अवस्थामा विश्व सभ्यता संवादको आवश्यकता किन र त्यसको औचित्य के हो भन्ने विषयमा सविस्तार व्याख्या गर्नुभयो। उहाँको वक्तव्य पढ्नलायकको छ। विश्वमा धेरै सभ्यता छन्। प्रत्येक सभ्यतामा आ-आफ्नै पहिचान र विशिष्टता छन्। त्यसभित्र धेरै विविधता छन्। त्यही नै विश्व सभ्यताको विशेषता हो। तर, जति धेरै विविधता भए पनि ती सभ्यताबिचमा एकआपसमा समानता पनि छन्। हामीले ती सबै सभ्यतालाई समान ढंगले हेर्नुपर्छ। कुनै सभ्यताचाहिँ एकदम सुपेरियर भएको अरूचाहिँ जुनियर भएको, कुनै सभ्यताचाहिँ एकदम विकसित भएको अरूचाहिँ एकदम अविकसित भएको र कुनै सभ्यताचाहिँ बढी मात्रामा अरूलाई डिक्टेट गर्न सक्ने, प्रभुत्व स्थापित गर्न सक्ने अधिकार रहेको र अरूले अधीनस्थजस्तो हुनुपर्ने भन्ने होइन। अहिले संसारमा जुन प्रकारले केही देश वा पक्षले संस्कृतिमा, सभ्यतामा पनि प्रभुत्ववाद स्थापना गर्ने प्रयत्न गरिरहेका छन् खासगरी पश्चिमी जगत्बाट। त्यो सर्वथा गलत हो। एसिया, अफ्रिका, ल्याटिन अमेरिका, युरोप यी सबै क्षेत्रमा विश्व मानव सभ्यताका आ-आफ्नै शृंखला विकसित भएका छन्। ती विविधता नै हाम्रो विश्वका पुँजी हुन्। त्यो विविधता नै आजको यथार्थता पनि हो। यो विश्वको विविधतालाई हामी सबैले स्वीकार गर्नुपर्छ र त्यो विविधताभित्र एकआपसमा एकले अर्कोलाई समान मानेर सम्मान वार्ता, संवाद र सहकार्य गर्दै एकले अर्काबाट सिक्नुपर्छ। हामीले एकआपसमा अन्तर्क्रिया गर्नुपर्छ र यो अन्तर्क्रिया र संवादको क्रममा नै हामीले शान्ति, विकास र समृद्धिको यात्रा अगाडि बढाउनुपर्छ।

अहिले केही समयअगाडि पश्चिमा जगत्का केही मानिसले अब संसार सभ्यताको द्वन्द्वतिर जान्छ भने। एउटा विद्वान्ले त एउटा किताब नै लेखे। त्यसलाई धेरैले चर्चा पनि गरे। साँच्चै नै अब सभ्यताको ठुलो द्वन्द्व सुरु हुन्छ कि भनेर। तर, अहिले हुँदाहुँदै यहाँसम्म आइपुग्दा सभ्यताको बिचमा द्वन्द्व होइन, संवाद सुरु भएको छ। यथार्थमा सबै सभ्यताको बिचमा एकआपसमा समान ढंगले अन्तर्क्रिया हुनुपर्छ। उनीहरूले एकअर्काबाट सिक्नुपर्छ र त्यो सिक्ने क्रममा नै संसारमा अग्रगति र प्रगति हुन्छ। त्यसले विश्वमा शान्ति, विकास र समृद्धि पनि सम्भव हुन्छ भन्ने कुरा अहिले स्थापित भएर गएको छ र त्यो अवधारणा गलत सिद्ध भएको छ। कमरेड छाइचीको प्रमुख संभाषणको सारतत्त्व पनि यही थियो।

प्रस्तुति : **प्रेम गौतम**

डिस्यालिनेसन
तिर्खाएको विश्वका लागि महँगो समाधान

पर्यावरण

क्लो कोर्निस, एलेनी वरविटसियोटी र अहमद अल ओमरान



बर्सेनि पानीको अभाव बढ्दै जाँदा केही सम्पन्न देशले समुद्रको पानीलाई पिउनयोग्य बनाउने संयन्त्र अर्थात् 'डिस्यालिनेसन'लाई तीव्र रूपमा प्रयोगमा ल्याइरहेका छन्। तथापि, यस प्रविधिको पनि वातावरणमाथि नकारात्मक प्रभाव देखिएको छ।

जलवायु परिवर्तनले वर्षाको पानीलाई अनियमित बनाएको र भूमिगत पानीको स्रोत घट्दै गएको अवस्थामा विश्वभर अहिले पिउने पानीको आपूर्तिका विभिन्न विकल्प खोजिरहेका छन्। यस्तै, एक विकल्पका रूपमा तव्रि गतिमा विस्तार भइरहेको छ- डिस्यालिनेसन उद्योग। यही विस्तारको कारण सन् २०२४ मा १५ अर्ब डलरको बजार रहेको डिस्यालिनेसन उद्योग सन् २०२७ मा २० अर्ब डलरमाथि पुग्ने अनुसन्धानकर्ताले प्रक्षेपण गरेका छन्।

दक्षिणी युरोपमा अवस्थित साइप्रसमा पिउने पानीको चरम अभाव छ। साइप्रस आफ्ना जनतालाई पानी आपूर्तिका लागि डिस्यालिनेसनमा धेरै भर परेका देशमध्ये एक हो। साइप्रस चार ठुला डिस्यालिनेसन प्लान्ट सञ्चालनमा छन्। सरकारले थप संयन्त्र निर्माण गर्ने योजना बनाएको छ। देशकी कृषिमन्त्री मारिया पानायियोटौले ल्याएको २८ बुँदे आपत्कालीन खानेपानी योजनाको केन्द्रमा छ, डिस्यालिनेसन। यस योजनाको उद्देश्य दुई-तीन वर्षभित्र देशको सबै पिउनेपानीको आवश्यकता डिस्यालिनेसनमार्फत पूरा गर्ने रहेको छ। यसका लागि ती संयन्त्र अहिलेजस्तो कहिलेकाहीं नभएर निरन्तर सञ्चालन गरिनेछ।

पछिल्लो समय दक्षिण एसियादेखि उत्तरी अमेरिकासम्म विश्वका धेरै भाग पानीको अभाव झेलिरहेका छन्। त्यस्तै, प्रशान्त महासागरका टापु देश र दक्षिणी अफ्रिकाका केही भाग पनि पानी संकटसँग जुधिरहेका छन्। संयुक्त राष्ट्र संघको पानीसम्बन्धी एजेन्सीको एक अनुमानअनुसार विश्वमा हरेक १० मध्ये एकजना अहिले 'उच्च र गम्भीर पानीको अभाव झेल्ने देश'को रूपमा वर्गीकृत देशमा बसोवास गर्छन्।

अबुधाबीस्थित न्युयोर्क विश्वविद्यालयको शाखाको पानी अनुसन्धान केन्द्रका निर्देशक प्रोफेसर निदाल हिलालका अनुसार अहिले विश्वमा डिस्यालिनेसन क्षमतामा बर्सेनि ६ देखि १२ प्रतिशतसम्म वृद्धि देखिएको छ। हालैका दशकमा डिस्यालिनेसन प्रक्रियामा आएको उल्लेखनीय सुधारले पनि यस वृद्धिलाई सघाएको छ। पहिले अधिकांश डिस्यालिनेसन संयन्त्रले समुद्रको पानी उमालेर वाफलाई चिस्याउने प्रविधि प्रयोग गर्थे। तर, नयाँ सयन्त्र भने पुरानो प्रविधि छाडेर थप परिष्कृत प्रविधि अर्थात् 'रिभर्स ओस्मोसिस'तर्फ गइरहेका छन्। यस प्रविधिमा समुद्री पानीमा रहेको नुनलाई फिल्टर गर्न विशेष रूपमा डिजाइन गरिएको झिल्लीका सूक्ष्म छिद्रहरू प्रयोग गरिन्छ।

तर, पुरानो पानीलाई वाफ बनाएर चिस्याउने थर्मल प्रविधि र नयाँ रिभर्स ओस्मोसिस दुवैमा दुइटा समान समस्या छ : ठुलो परिमाणमा उ,र्जा खपत र अति नुनिलो तरल फोहोर, अर्थात् ब्राइनको निष्कासन। ऊर्जा खपतमा केही सुधार देखिए पनि ब्राइनको व्यवस्थापनको उचित उपाय भेटिएको छैन। मध्यपूर्व र अन्यत्रका देशमा पिउनेपानीको माग बढेसँगै डिस्यालिनेसनको प्रयोग बढ्दा अनुसन्धानदाताहरू यस प्रविधिको प्रदूषण कसरी समाधान गर्ने भनेर संघर्ष गरिरहेका छन्। तर, यी अप्रिय असरका बाबजुद केही देशका लागि पानी अभाव समाधानका लागि तत्कालका लागि डिस्यालिनेसन एक मात्र उत्तर रहेको छ।

खाडी देशका ठुल्ठुला सहर यिनै डिस्यालिनेसनका कारण अस्तित्वमा रहन सम्भव भएका हुन्। र, यही भेगका देशले यस प्रविधिको आधुनिकीकरणमा योगदान पुऱ्याएका छन्। कुनै समय पेट्रोलियम पदार्थको धनी देश कुवेतले आफूलाई चाहिने सबै पिउनेपानी छिमेकी इराकबाट ढुवानी गर्ने गर्थ्यो। कुनै स्थायी नदी नभएको कुवेतले पानीका लागि इराकमाथिको निर्भरता कम गर्न सन् १९५१ मा आफ्नो पहिलो डिस्यालिनेसन प्लान्ट सञ्चालन गऱ्यो। योसँगै यो प्रविधि मध्यपूर्वमा भित्रियो। छिट्टै खाडीका अन्य सुक्खा देशले कुवेतलाई पछ्याए। आज विश्वको कुल डिस्यालिनेसन क्षमताको ७० प्रतिशत हिस्सा मध्यपूर्व र उत्तर अफ्रिका क्षेत्रमा फैलिएका छन्। यस भेगका सबैभन्दा ठुला डिस्यालिनेसन प्लान्टले १० लाखभन्दा बढी मानिसलाई आपूर्ति गर्न पुग्ने शुद्ध पानी उत्पादन गर्न सक्छ।

अरब सागरबाट झन्डै मान्छेको उचाइबराबरका ठुला पाइपले हजारौं घनमिटर पानी नुन छान्नका लागि डिस्यालिनेसन संयन्त्रसम्म पुऱ्याउँछ। समुद्रको पानीलाई डिस्यालिनेसन प्लान्टसम्म हाल्दा विशेष ध्यान दिनुपर्छ, समुद्री जीव पानीसँगै संयन्त्रभित्र तानिन नदिनलाई। संयन्त्रमा आइपुगेका नुनिलो पानी लेउका कारण हरियो हुन्छ, जसलाई हावाको बुलबुले प्रयोग गरेर सतहमा धकेलिन्छ। त्यसपछि सतहमा बाक्लो बनेको लेउको बाक्लो तहलाई पानी फिल्टर गर्ने नाजुक झिल्लीमा उच्च दबाबले धकेल्नुअघि नै हटाइसक्नु पर्छ। संयन्त्रले शुद्ध बनेको पानीमा फेरि आवश्यक खनिज हालिन्छ र उपभोगका लागि वितरण गरिन्छ। छान्ने क्रममा बाँकी रहेको अति नुनिलो झोल, अर्थात् 'ब्राइन' भने पुनः समुद्रमै पाइपमाफत फ्याँकिन्छ।

न्युयोर्क विश्वविद्यालय अबुधाबीको शाखामा आबद्ध हिलालका अनुसार खाडीको समुद्रको पानी विश्वमै 'डिस्यालिनेसनका लागि सबैभन्दा कठिन पर्ने पानी हो।' झन्डै चारैतिरबाट जमिनले घेरिएको पर्सियाली खाडी आन्द्र महासागरजस्ता ठुला र खुला जलराशीभन्दा धेरै नुनिलो छ। 'पानीमा जति धेरै नुन हुन्छ, डिस्यालिनेसनका लागि त्यति नै बढी ऊर्जा आवश्यक पर्दछ,' हिलाल भन्छन्। त्यसमाथि विश्वकै व्यस्त ढुवानी मार्ग यहीं रहेकाले यस समुद्रको पानी धेरै धमिलो हुने भएकाले पनि डिस्यालिनेसनलाई असर गरिरहेको छ। डिस्यालिनेसन उद्योगले ऊर्जा खपत घटाउन 'रिभर्स ओस्मोसिस'जस्ता विकल्प अवलम्बन तीव्र बनाइएको छ। 'रिभर्स ओस्मोसिस प्रविधिले थर्मल प्रविधिले भन्दा एकचौथाइ वा पाँच भागको एक भाग मात्र उर्जा खपत गर्छ,' हिलाल बताउँछन्, 'झिल्ली प्रविधिमा धेरै विकास भइसकेको छ। र, मेरो विचारमा अझै पनि यसमा धेरै विकास गर्न सकिन्छ।'

ऊर्जा खपत घट्दा डिस्यालिनेसन संयन्त्रबाट शुद्ध पानी उत्पादन गर्दा हरितगृह ग्यास उत्सर्जन र लागत पनि घटेको छ। अधिकांश डिस्यालिनेसन संयन्त्र खनिज इन्धनबाट चल्ने भएकाले यसबाट धेरै प्रदूषण उत्पन्न हुने गरेको छ। साथै, उच्च ऊर्जा खपत हुँदा खर्च पनि बढी पर्छ। तथापि, नयाँ प्रविधिको विकाससँगै इजरायलको सोरेक बी डिस्यालिनेसन प्लान्टले बनाउने शुद्ध पानीको मूल्य प्रतिघनमिटर लगभग ४० सेन्टसम्म घटिसकेको छ। त्यो भनेको २५ जनाले नुहाउन मिल्ने पानी हो। अर्को वर्षदेखि सञ्चालनमा आउने दुबईको 'हास्यान डिस्यालिनेसन प्लान्ट'ले झन् प्रतिघनमिटर ३७ सेन्ट मूल्यमा पानी शुद्ध बनाउनेछ।

'डिस्यालिनेसनको ऊर्जा खपत घटाउन अनुसन्धान र विकासमा हामीले धेरै पैसा खर्चिरहेका छौं,' ऊर्जा तथा पानीसम्बन्धी काम गर्ने फ्रान्सेली बहुराष्ट्रिय कम्पनी भेओलियाकी प्रमुख कार्यकारी अधिकृत एस्टेल ब्राचलियानोफ भन्छिन्, 'यसबाट उपलब्ध पनि देखिएको छ। हामीले विगत १२ वर्षभित्र खर्च पाँच भागले घटाउन सफल भएका छौं।' प्राज्ञिक अनुसन्धानकर्ता विशेषतः फिल्टर गर्ने झिल्ली सुधार्न केन्द्रित छन्। पानी छान्दा अवशेषले भरिँदा झिल्ली छिटोछिटो फेर्नुपर्ने हुन्छ, जसले खर्च बढाउँछ। त्यसबाहेक पनि रिभर्स ओस्मोसिस प्रविधिको डिस्यालिनेसनलाई थप ऊर्जा किफायती बनाउन सकिने वैज्ञानिकहरूको आशा छ। अमेरिकामा समुद्रको गहिराइमै डिस्यालिनेसन संयन्त्र निर्माणको प्रक्रिया चलिरहेको छ, जहाँ समुद्रको उच्च दबाब प्रयोग गरेर समुद्री पानीलाई झिल्लीमा धकेलिन्छ।

केही ठाँउमा रिभर्स ओस्मोसिस प्रविधि अँगालिए पनि खाडीका धेरै भागमा अझै पुरानो प्रविधि सञ्चालन छ। दुबईले प्रयोग गर्ने डिस्यालिनेसन पानीको ८६ प्रतिशत हिस्सा थर्मल डिस्यालिनेसनबाट आउँछ। यस क्षेत्रका कम्पनीले यसलाई परिवर्तन गर्न चाहेको बताएका छन्। दुबईलाई डिस्यालिनेसन प्रविधिमार्फत शुद्ध पानी उपलब्ध गराउने अबुधाबी युटिलिट्ज कम्पनीले सन् २०३० सम्ममा यसको डिस्यालिनेसन क्षमताको ६६ प्रतिशत पानी रिभर्स ओस्मोसिस प्रविधिमार्फत उत्पादन गर्ने लक्ष्य राखेको छ।

पानी र फोहोर पानी व्यवस्थापन सेवा प्रदान गर्ने 'सुएज इन्टरनेसनल'की व्यावसायिक समन्वय उपनिर्देशक सोफी बर्ट्रान्डका अनुसार नवीकरणीय ऊर्जाको प्रयोग पनि रिभर्स ओसमोसिस प्लान्टको वातावरणीय प्रभाव पनि कम भइरहेको छ। डिस्यालिनेसनबाट हुने हरितगृह उत्सर्जन घट्दै गए पनि यसबाट उत्पन्न हुने अति नुनिलो पदार्थ ब्राइनको जटिल समस्यामा भने कुनै सुधार भएको छैन।

एक प्रक्षेपणअनुसार विश्वभरका डिस्यालिनेसन संयन्त्रले अहिले प्रतिदिन १५ करोड घनमिटर ब्राइन उत्पादन गरिरहेको छ। यो बाक्लो, दुधजस्तो देखिने नुनिलो तरल पदार्थ सामान्यतया समुद्रमा फ्याँकिन्छ। एउटा अध्ययनले इजिप्ट, जोर्डन र इजरायल जोडिएको अकाबा खाडी क्षेत्रमा समुद्री जीव 'कोरल'को विनाशमा ब्राइन जिम्मेबार रहेको देखाएको छ। त्यस्तै, अन्य भाग पनि यसले समुद्री जीवनमा ठुलो प्रभाव पारेको पाइएको छ। अहिले प्रत्येक घनमिटर ताजा पानी बनाउँदा लगभग आधा घनमिटर ब्राइन निस्कने गरेको छ। सानो खाडी क्षेत्रको समुद्री पानी अहिले ८०० भन्दा बढी डिस्यालिनेसन संयन्त्रमा प्रयोग भइरहेको छ। यहाँको उच्च नुनको घनत्वले संवेदनशील प्रजातिलाई लिएर चिन्ता निम्त्याएको छ।

विश्वमा डिस्यालिनेसन संयन्त्रले सबैभन्दा धेरै पानी उत्पादन साउदी अरेबियाले गरिरहेको छ। त्यहाँ पनि अनुसन्धानदाता ब्राइनको समस्या समाधान गर्न लागिपरेका छन्। 'किंग अब्दुल्लाह युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजी'का प्राध्यापक जिपिङ लायीले ब्राइनबाट लिथियम र पोटासियमजस्ता बहुमूल्य तत्त्व निकाल्न सकिने विकल्पमा अनुसन्धान गरिरहेका छन्। 'सिद्धान्ततः हामीले नुनिलो पानी ब्राइनबाट लिथियम निकाल्न सक्यौं भने समस्या समाधानमा थप आर्थिक सहायता प्राप्त हुनेछ,' जिपिङ लायी भन्छन्। ब्राइनमा लिथियम निकै कम मात्रामा पाइने भए पनि 'साउदी अरब यो चुनौती समाधानार्थ खर्च गर्न तयार रहेको लायीले बताए।

*(फाइनान्सियल टाइम्सका लागि क्लो कोर्निस, एलेनी वरविटसियोटी र अहमद अल ओमरानले तयार पारेको रिपोर्ट। अनुवाद : **श्रवण उप्रेती**।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १७ साउन ०८२


संक्षेप

संस्थापक सेयर सर्वसाधारणमा परिणत नहुने व्यवस्थाको विरोध



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सले सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)द्वारा हालै जारी गरिएको 'धितोपत्र अभौतिकीकरण कार्यसञ्चालन निर्देशिका २०८२' मा प्रस्तावित नयाँ व्यवस्थालाई अव्यावहारिक, लगानी प्रतिकूल र सेयर बजारमै अनिश्चितता पैदा गराउने ठहर गरेको छ। सिडिएससीले अभौतिकीकृत धितोपत्रलाई संस्थापक र सर्वसाधारणलाई फरक आइएसआइएन नम्बर प्रदान गर्ने तथा लकिङ पिरियडपछि संस्थापक सेयर स्वतः सर्वसाधारणमा परिणत नहुने व्यवस्थाप्रति गम्भीर ध्यानाकर्षण भएको चेम्बरले उल्लेख गरेको छ। सिडिएससीको निर्देशिका लागू भएमा नेपालको सेयर बजारमा दीर्घकालीन असर पर्ने, लगानीकर्ताको भरोसा कमजोर हुने र विशेषतः ऊर्जा क्षेत्र, सिमेन्ट, होटेल, उत्पादनमूलक उद्योग, मिडियालगायतका क्षेत्रमा नकारात्मक प्रभाव पर्ने चेम्बरको ठहर छ।

सिएनआईको युवा उद्यमी मञ्चमा श्रेष्ठ



पोखरा/ नेपाल उद्योग परिसंघ (सिएनआई) युवा उद्यमी मञ्चको अध्यक्षमा मनीष श्रेष्ठ चयन भएका छन्। शुक्रबार पोखरामा सम्पन्न मञ्चको वार्षिक साधारणसभाले सन् २०२५/०२६ का लागि श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो। काजी स्टुडियोका संस्थापक श्रेष्ठ विगत चार वर्षदेखि मञ्चमा आबद्ध छन्। श्रेष्ठको कार्यसमितिमा सुगम घिमिरे (लर्निङ चेयर), पुनीत अग्रवाल (मेम्बर इन्टिग्रेसन चेयर), निदा दुन मल्ल (ग्रोथ एन्ड एक्सपान्सन चेयर), यश अग्रवाल (फाइनान्स चेयर), अंकुर अग्रवाल (इन्टरनेसनल रिलेसन्स चेयर), चिराग सरावागी (स्टार्टअप चेयर), साइनी खेतान (नेटवर्क एन्ड कम्युनिकेसन चेयर) र सुजित रेग्मी (स्टार्टअप को-चेयर) चयन भएका छन्।

खाद्य सुरक्षाका लागि कोदो प्रवर्द्धन गर्ने प्रतिबद्धता



काठमाडौं/ पहिलो कोदो दिवस भक्तपुरको चाँगुनारायण नगरपालिका- ९, ताथलीमा मनाइएको छ। कार्यक्रममा कृषिमन्त्री रामनाथ अधिकारीले स्वस्थ रहनका लागि हरेक नेपालीले दैनिक एक छाक कोदोको परिकार खानुपर्ने बताए। उनले कोदो खेतीलाई आय-आर्जनसँगै जोडेर प्रवर्द्धनमा समेत लाग्नुपर्ने र त्यसका लागि सबै पक्ष एकजुट हुनुपर्ने बताए। कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलले कोदोलाई रणनीतिक बालीका रूपमा प्राथमिकता दिइरहेको बताए। मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले कोदोलाई जलवायु परिवर्तनअनुकूल टिकाउ बालीका रूपमा प्रवर्द्धन गर्नु पर्ने बताएका थिए।

■ तेलमा उपभोक्तामाथि सर्धैं झेल

अन्तर्राष्ट्रिय बजारको तुलनामा आधा मात्रै मूल्य घटाएर निगमले कमायो १४ अर्ब नाफा

कच्चा तेल १३.६४% घट्दा नेपालमा पेट्रोल-डिजेल बढीमा ७.५% मात्रै घट्यो, सबै खर्च कटाएर निगमले दैनिक असुल्छ कम्तीमा दुई करोड



कच्चा तेलको अन्तर्राष्ट्रिय मूल्य

- १ साउन ०८१ : **८२.३३ डलर प्रतिब्यारेल**
- ३२ असार ०८२ : **७१.१०९ डलर प्रतिब्यारेल**
- घटेको मूल्य : **१३.६४ प्रतिशत**

पेट्रोल-डिजेलबाट मात्र दैनिक दुई करोड नाफा

आयल निगमले पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, ०८० अनुसार पेट्रोलमा २ प्रतिशत र डिजेलमा २.५ नाफा सुनिश्चित गरेर उपभोक्ता मूल्य समायोजन गर्दै आएको छ। देशभर दैनिक औसतमा पेट्रोल १८ लाख ५३ हजार लिटर र डिजेल ४४ लाख ६८ हजार लिटर खपत हुने गरेको छ। हालको मूल्यअनुसार २.५ प्रतिशतका दरले पेट्रोलमा दैनिक ७३ लाख ६५ हजार र डिजेलमा २ प्रतिशतका दरले दैनिक एक करोड ३४ लाख नाफा निगमले सुनिश्चित गरेको छ। जसकारण दैनिक पेट्रोल-डिजेलबाट मात्रै दुई करोड सात लाख रुपैयाँ नाफा असुल्दै आएको छ।

निगमले पेट्रोल-डिजेलबाट असुलेको नाफाबाट केही रकम ग्यासको घाटा पूर्तिका लागि खर्चने गरेको छ। तर, दुईथरी मूल्य निर्धारण गरी ग्यासको घाटा पूर्ति गर्न निगमले चासो दिने गरेको छैन।

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले गत आर्थिक वर्ष ०८१/८२ मा अन्तर्राष्ट्रिय मूल्यमा आएको गिरावटको तुलनामा आधा मात्रै भाउ घटाएर १४ अर्ब नाफा आर्जन गरेको छ।

गत आर्थिक वर्षमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउमा १३.६४ प्रतिशतले गिरावट आएको थियो। तर, आयल निगमले स्वचालित मूल्य प्रणालीविपरीत गत आवमा पेट्रोल ६.४३ प्रतिशत, डिजेल र मट्टीतेल ७.५ प्रतिशत तथा हवाई इन्धन ८.७५ प्रतिशत मात्रै मूल्य घटाएर चर्को नाफा असुल गरेको हो। खाना पकाउने एलपी ग्यासको मूल्य भने प्रतिसिलिन्डर १९ सय १० रुपैयाँ यथावत् छ।

निगमले अन्तर्राष्ट्रिय बजारमा घटबढ भएकै दरमा नेपाली बजारमा पनि मूल्य समायोजन गर्ने गरी स्वचालित प्रणाली लागू गरेको दाबी गर्दै आएको छ, तर व्यवहारमा भने उपभोक्तामैत्री मूल्य कायम गर्न सकेको छैन। निगम स्रोतका अनुसार गत आवमा कुल तीन खर्ब ६७ अर्ब रुपैयाँको पेट्रोलियम कारोबार भएको छ। त्यसमध्ये, इन्डियन आयल कर्पोरेसन (आइओसी)लाई तेल खरिद गरेबापत दुई खर्ब ६४ अर्ब भुक्तानी गरिएको स्रोतको भनाइ छ। सरकारलाई विभिन्न शीर्षकमा एक खर्ब २४ अर्ब कर बुझाएको निगमको अप्रशोधित वित्तीय विवरणमा उल्लेख छ।

गत आवमा प्रत्येक महिना एक अर्बभन्दा बढी नाफा सुनिश्चित गरेर निगमले मूल्य समायोजन गरेको स्रोतको भनाइ छ। 'स्वचालित प्रणाली भनेर हल्ला मात्रै गरिएको छ, गत आवमा अर्बभन्दा बढी नाफा सुनिश्चित नभएको कुनै महिना नै भएन,' स्रोतले भन्यो, 'ठुला पूर्वाधार निर्माण गर्न लागेकाले नाफा भएको रकम प्रयोगमा आउने देखिन्छ। तैपनि, उपभोक्तामैत्री मूल्य कायम गर्न व्यवस्थापनले ध्यान दिए संस्थाकै गरिमा माथि उठ्ने थियो।' आयल निगमका प्रवक्ता मनोज ठाकुरले भने स्वचालित मूल्य प्रणालीलाई कडाइका साथ लागू गरिएको दाबी गरे। आइओसीबाट प्रत्येक १५ दिनमा आउने नयाँ मूल्यसूची सार्वजनिक नै गरेर सोहीअनुसार मूल्य निर्धारण गर्दै आएको उनले बताए। 'हामीले खरिद गर्ने इन्धनको भाउबारे प्रत्येक १५ दिनमा जानकारी सार्वजनिक गर्दै आएका छौं,' उनले भने, 'आइओसीबाट खरिद दर कति बढेर वा घटेर आउँछ, सोहीअनुसार नेपालमा मूल्य समायोजन हुने गरेको छ।'

निगमले चर्को नाफा राख्ने मात्र होइन, अन्य शीर्षकमा छुट्याएको रकमले गर्दा पनि अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा मूल्य समायोजन हुन नसकेको स्रोतको भनाइ छ।



नेपालमा समायोजन भएको मूल्य

विवरण	पेट्रोल	डिजेल	मट्टीतेल	हवाई इन्धन	ग्यास
१ साउन ०८१	१७१	१६०	१६०	१३७	१९१०
३२ असार ०८२	१६०	१४८	१४८	१२५	१९१०
घटेको मूल्य	६.४३%	७.५ %	७.५ %	८.७५ %	-



■ स्वचालित प्रणाली पूर्ण कार्यान्वयन गरिएको छ

मनोज ठाकुर, प्रवक्ता, आयल निगम

स्वचालित मूल्य प्रणालीलाई कडाइका साथ लागू गरिएको छ। आइओसीबाट प्रत्येक १५ दिनमा आउने नयाँ मूल्यसूची सार्वजनिक नै गर्ने गरेका छौं। हामीले खरिद गर्ने इन्धनको भाउ प्रत्येक १५ दिनमा आइओसीबाट आउने गरेको छ। उक्त मूल्यबारे जानकारी सार्वजनिक गर्दै आएका छौं। आइओसीबाट खरिद दर कति बढेर वा घटेर आउँछ, सोहीअनुसार नेपालमा मूल्य समायोजन हुने गरेको छ।

चितवनको लोथरमा सबैभन्दा ठुलो डिपो निर्माण सुरु

९१ हजार नौ सय किलोलिटरको भण्डारणगृह र अमलेखगन्जदेखि लोथरसम्म ६२ किलोमिटर लामो पाइपलाइन बन्ने



आयल निगमले चितवनको लोथरमा ९१ हजार नौ सय किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण सुविधासहितको हालसम्मकै सबैभन्दा ठुलो डिपो निर्माण सुरु गरेको छ।

शुक्रबार दिउँसो लोथरस्थित २३ बिघा १२ कट्ठा जमिनमा कार्यालय उद्घाटन गरेर डिपो निर्माण सुरुवात गरिएको परियोजना संयोजक प्रदीप यादवले जानकारी दिए। 'यहाँ हालसम्मकै सबैभन्दा ठुलो ग्रिनफिल्ड टर्मिनल बन्नेछ,' उनले भने, 'डिपोसम्म तेल ल्याउन अमलेखगन्जबाट पाइपलाइनसमेत विस्तार हुनेछ।'

परियोजना संयोजक यादवले निर्माण सुरु भएको ५४ महिनामा काम सक्नुपर्ने सम्झौता भएकाले तोकिएको समयभित्रै निर्माण सक्ने योजना रहेको बताए।

उनका अनुसार ६२ किलोमिटर दूरीको अमलेखगन्ज-लोथर पाइपलाइनको चार अर्ब २८ करोड ८० लाख रुपैयाँ लागत अनुमान गरिएको छ भने लोथरमा निर्माण हुने भण्डारणगृहसहितको ग्रिन फिल्ट टर्मिनलका लागि नौ अर्ब ८० करोड ८० लाख रुपैयाँ लागत अनुमान तयार गरिएको छ। पाइपलाइनको खर्च आइओसीले र भण्डारणगृहसहितको टर्मिनल निर्माणको लागत निगमले आइओसीलाई दिने र आइओसीले आफ्नै प्रक्रियाबाट डिपो निर्माण गरिदिने 'जिटुजी' सम्झौता भएको यादवले जानकारी दिए।

दुई सय ७३ किलोलिटर प्रतिघण्टाको गतिमा पेट्रोलियम पदार्थ ढुवानी हुने पाइपलाइनमा जुनसुकै वेला नियमित रूपले ३२ सय किलोलिटर इन्धन स्टोरेज भइरहने निगमले जनाएको छ। वार्षिक २० लाख टन इन्धन ढुवानी गर्न सक्ने क्षमताको पाइपलाइन जडान हुने निगमले जनाएको छ। त्यस्तै, लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको भण्डारणगृह बन्नेछ। निगमका अनुसार पेट्रोल ३३ हजार, डिजेल ४६ हजार पाँच सय, मट्टीतेल एक हजार ६ सय र हवाई इन्धन १० हजार आठ सय किलोलिटर भण्डारण गर्न मिल्ने स्टोरेज ट्यांक बन्नेछन्। यसबाहेक दुई सय ५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स ट्यांक र पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनको समान ५० किलोलिटर क्षमताका चारवटा अन्डरग्राउन्ड रिजर्भ ट्यांकीसमेत निर्माण गरिने भएको छ।



सवारीचालक लाइसेन्स अवधि अब १० वर्ष

नयाँ पत्रिका

सवारीचालकको अनुमतिपत्र (लाइसेन्स)को अवधि पाँच वर्षबाट बढाएर १० वर्ष पुऱ्याइएको छ। सरकारले राजपत्रमार्फत केही नेपाल ऐन संशोधन जारी गर्दै सवारी तथा यातायात ऐन, ०४९ को संशोधनमार्फत लाइसेन्स प्रयोग अवधि बढाएको हो।

मागअनुसार छपाइ गरी वितरण गर्न सकस व्यहोर्दै आएको सरकारले लाइसेन्सको चाप व्यवस्थापन गर्न प्रयोग अवधि दोब्बरले बढाएको हो। लाइसेन्सको माग बढ्दै गए पनि यातायात व्यवस्था विभागले समयमा लाइसेन्स छपाइ गरेर वितरण गर्न सकिरहेको छैन।

विभागले दैनिक अत्यावश्यकतर्फ औसतमा तीन सयभन्दा बढी लाइसेन्स छपाइ गरी वितरण गर्दै आइरहेको छ। शुक्रबार मात्रै विभागले तीन सय १० वटा अत्यावश्यक सवारीचालक लाइसेन्स छापेर वितरण गरेको छ। त्यस्तै, बुधबार तीन सय ५४ अत्यावश्यक सवारीचालक लाइसेन्स वितरण भएको विभागले जनाएको छ। रोजगारी तथा अध्ययनका लागि विदेश जाने नागरिककेन्द्रित यस्तो लाइसेन्स वितरणमै कठिनाइ भोगिरहेको विभागले नवीकरण र दैनिक प्रयोजनका लागि नयाँ लाइसेन्स लिन चाहनेलाई भने एक वर्षसम्म पनि उपलब्ध गराउन नसकेकोमा आलोचित भइरहेको छ।

त्यस्तै, नयाँ र पुरानो गाडीको प्राविधिक जाँचपास प्रमाणपत्रको अवधि फरक बनाइएको छ। हालसम्म सार्वजनिक सवारी जाँचपासको प्रमाणपत्र ६ महिनासम्म मात्रै मान्य हुने व्यवस्था छ। संशोधित व्यवस्थाअनुसार नयाँ गाडी दर्ताको पाँच वर्षसम्मका लागि एक वर्ष मान्य हुने उल्लेख छ। त्यस्तै, अरू गाडीको हकमा भने ६ महिनासम्म मात्रै मान्य हुने भएको छ।

यातायात व्यवस्था विभागले कानुनबमोजिम स्थापना भई तोकिएको मापदण्ड पूरा गरेको निजी क्षेत्रको सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा प्रदूषणको परीक्षण गरी प्रमाणपत्र जारी गर्न अनुमति दिन सक्ने व्यवस्था पनि लागू गरिएको छ।

बिजुली उत्पादन गर्न मध्यभोटेकोशी तयार

काठमाडौं/ एक सय दुई मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजना उत्पादनका लागि तयार भएको छ। विद्युत् प्राधिकरण कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले शुक्रबार निरीक्षण गरी विद्युत् आयोजनाका अधिकारीहरूलाई सुरुङको चुहावट परीक्षण र पावरहाउसलगायत संरचनामा बाढी पस्न नसक्ने अवस्था सुनिश्चित गरी तयारी अवस्थामा रहन निर्देशन दिएका छन्। शतप्रतिशत स्वदेशी सिप र पुँजीबाट बनेको सर्वाधिक ठुलो अयोजना बिजुली उत्पादनका लागि तयार भएको हो। कार्यकारी निर्देशक शाक्यले आयोजनाअन्तर्गतको ७.२ किलोमिटरको सुरुङमा पानी चुहिने-नचुहिने सुनिश्चित गर्न निर्देशन दिएका हुन्।

सेयरमा कीर्तिमानी कारोबार, तर अन्तिम दुई दिन ओर्लियो

मिति	नेप्से परिसूचक	परिवर्तन (अंक)	परिवर्तन (%)	कारोबार मूल्य (रु.)
बिहीबार	२,९२२.६३	-३१.५०	-१.०६%	१५,३६५,३३७,५७१.५०
बुधबार	२,९५४.१४	-४७.९३	-१.५९%	१६,१८२,४३८,९६३.५८
मंगलबार	३,००२.०७	+३०.७६	+१.०३%	१८,२४३,४४०,५०५.१०
सोमबार	२,९७१.३१	+७.१०	+०.२३%	१८,७५०,१३०,९८६.६५
आइतबार	२,९६४.२०	-१८.४४	-०.६१%	२५,९६०,९७७,७७८.९४

स्रोत : नेपाल स्टक एक्सचेन्ज

लगानीकर्ताले हतारमा नाफा बुक गर्न खोज्दा कीर्तिमानी विन्दु पुग्नबाट रोकियो नेप्से



साताको बजार

काठमाडौं/ यो साता सेयर बजार परिसूचक नेप्से ६०.०१ अंकले बढेको छ। तीन हजार विन्दु पार गरेपछि लगानीकर्ताले नाफा बुक गर्न खोज्दा अन्तिम दुई दिन नेप्सेले ठुलो गिरावट व्यहोर्नुपऱ्यो। मंगलबार परिसूचक तीन हजार २.०७ विन्दुमा पुगेर एक वर्षयताकै उच्चतम विन्दुमा पुगेको थियो। तर, गत वर्षकै विन्दुमा नेप्से पुगेपछि अधिकांश कारोबारीले नाफा बुक गर्न खोज्दा अन्तिम दुई दिनमा नेप्से घट्यो।

सेयर कारोबार हुने अन्तिम दुई दिन बुधबार र बिहीबार बजार परिसूचक ७९.४३ अंकले घटेको छ। बजार परिसूचक बिहीबार २९ सय २२.६३ विन्दुमा रोकिएको थियो। बजारमा सर्वाधिक कारोबार भने आइतबार भएको थियो। आइतबार २५ अर्ब ९६ करोड रुपैयाँबराबरको कारोबार भएको थियो। यो साता नेप्से पुँजीकरण ५० खर्ब नाघेर कीर्तिमानी कायम भएको छ।

प्रतितोला पाँच सय सस्तियो सुन

सुन प्रतितोला (रु.)	बार	चाँदी प्रतितोला (रु.)
१,९३,६००	आइतबार	२,२९०
१,९३,६००	सोमबार	२,२९५
१,९३,०००	मंगलबार	२,३००
१,९४,४००	बुधबार	२,३१०
१,९३,६००	बिहीबार	२,२७०
१,९३,१००	शुक्रबार	२,२३५

स्रोत : नेपाल सुनचाँदी व्यवसायी महासंघ

सूचना

श्री निलबाराही बहुउद्देश्यीय सहकारी संस्था लि. को सञ्चालक समितिको मिति २०८२/०४/१६ गते सम्पन्न बैठकको निर्णयअनुसार संस्थाको चौंथो वार्षिक साधारणसभा तथा निर्वाचन कार्यक्रम निम्न मिति, स्थान र समयमा गरिने भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरूमा अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

मिति : २०८२ साल असोज ३ गते, शुक्रबार।
स्थान : संस्थाको कार्यालय, नयाँबानेश्वर, काठमाडौं
समय : बिहान ८ बजे

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१-४५३६३२५, इमेलः khanikhola.hpcl@gmail.com, वेभसाइटः www.kkhpcl.com.np

को

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **यही मिति २०८२ भदौ ०३ गतेदेखि मिति २०८२ भदौ २३ गतेसम्म** (बैंकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा।
३	कुमारी बैंक लिमिटेडको बाग्मती शाखा, ललितपुर।
४	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सार्विक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको वेभसाइट www.kkhpcl.com.np., तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेभसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन्।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
बाटुलेधर, डिलिबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७५५७
इमेलः info@citizenscapital.com.np, वेभसाइटः www.citizenscapital.com.np

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७७

एनपिएलको छानबिन गर्न तेस्रो समिति बनाइँदै

पहिलो र दोस्रो छानबिन समितिले पहिलो संस्करणको नेपाल प्रिमियर लिगमा भएको अनियमितताको छानबिन गर्न नसकेपछि खेलकुद मन्त्रालयले अब पूर्वन्यायाधीशको नेतृत्वमा तेस्रो उच्चस्तरीय छानबिन समिति गठनको तयारी गरेको छ

खेलकुदमन्त्री **तेजुलाल चौधरी** भन्छन्-



हामी अख्तियारलाई जिम्मा दिने कि आफैँ छानबिन गर्ने विषयमा छलफलकै क्रममा छौँ । मन्त्रालयभित्रबाटै उच्चस्तरीय छानबिन समिति बनाउने वा पूर्वन्यायाधीशको संयोजकत्वमा समिति बनाउने विषयमा छलफल चलिरहेको छ, सम्भवतः यो एक वा दुई दिनमा सबैले थाहा पाउनेछन् ।

रमेश सुवेदी/नयाँ पत्रिका

खेलकुद मन्त्रालयले पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा भएको आर्थिक अनियमितता विषयमा छानबिनका लागि उच्चस्तरीय समिति गठनको तयारी गरेको छ । खेलकुदमन्त्री तेजुलाल चौधरीले शुक्रबार नेपाल क्रिकेट संघ (क्यान)बाट एनपिएलमा भएको अनियमिताको अनुसन्धानमा सहयोग नभएको कारण देखाउँदै नयाँ समिति गठनको तयारी भएको जानकारी दिएका छन् ।

'एनपिएल कानुनअनुसार सञ्चालन गर्नुपर्छ । दोस्रो संस्करण आयोजना हुनुअघि नै पहिलोको अनुसन्धान पूरा हुनुपर्छ,' चौधरीले भने, 'दोस्रो संस्करण कुनै पनि हालतमा हुन्छ ।' एनपिएल सकेको सात महिनापछि क्यानले बिहीबार यसको आय-व्यय सार्वजनिक गरेको थियो । क्यानले एनपिएलबाट साढे २७ करोड आम्दानी गरेको र दुई करोड ४६ लाख रुपैयाँ बचत गरेको क्यानका सचिव पारस खड्काले बताएका छन् ।

एनपिएलको आर्थिक हिसाबकिताब सार्वजनिक भए पनि पहिलो संस्करणको सबै आर्थिक पक्ष अनुसन्धान हुनुपर्नेमा मन्त्री चौधरीले जोड गरेका छन् । नयाँ बन्ने छानबिन समितिको संयोजक मन्त्रालयका व्यक्ति वा पूर्वन्यायाधीश हुन सक्ने उनले बताए । 'हामी अख्तियारलाई जिम्मा दिने कि आफैँ छानबिन गर्ने विषयमा छलफलकै क्रममा छौँ । मन्त्रालयभित्रबाटै उच्चस्तरीय छानबिन समिति बनाउने वा पूर्वन्यायाधीशको संयोजकत्वमा समिति बनाउने विषयमा छलफल चलिरहेको छ,' उनले भने, 'सम्भवतः यो एक वा दुई दिनमा सबैले थाहा पाउनेछन् ।'

क्यानको केन्द्रीय कार्यसमिति बैठकमा एनपिएलको गभर्निङ काउन्सिलले पहिलो संस्करणको आय र व्यय प्रस्तुत गरेको थियो । केही केन्द्रीय सदस्यले हिसाबको थप विवरण मागेको र अध्ययन गर्नका लागि समय माग गरेकाले अर्को केन्द्रीय कार्यसमितिबाट आय-व्ययको हिसाब अनुमोदन गर्ने निर्णय भएको छ ।

गत १५ मंसिरदेखि ६ पुससम्म भएको पहिलो संस्करणको एनपिएलमा अनियमितता भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दुईवटा उजुरी परेका छन् । अख्तियारले १२ फागुनमा खेलकुद मन्त्रालयलाई एनपिएलको अनियमितताको सम्बन्धमा पत्राचार गरी छानबिन गर्न भनेको थियो ।

NPL
NEPAL PREMIER LEAGUE



दोस्रो संस्करण नरोक्न प्रधानमन्त्रीको निर्देशन

प्रधानमन्त्री केपी ओलीले गत साता २२ खेल संघका पदाधिकारीसँगको छलफलमा एनपिएल राष्ट्रकै गौरव भएको बताउँदै क्यानलाई दोस्रो संस्करणको तयारी थाल्न निर्देशन दिएका थिए । प्रधानमन्त्री ओलीको निर्देशनपछि मन्त्री चौधरीले तत्काल छानबिन प्रक्रिया थाती राखेका थिए ।

लिग सुरु हुनुअघि नै उजुरी

क्यानले पहिलो संस्करणको एनपिएल तयारी गरिरहँदा यसमा अनियमितता भएको भन्दै लिग सुरु हुनुअघि नै अख्तियारमा उजुरी परेको थियो । टेन्डर प्रक्रियालगायतका विषयमा कानुनविपरीत सम्झौता भएको भन्दै गत ७ मंसिरमा पहिलो उजुरी परेको थियो । त्यसपछि एनपिएल सकेको दुई महिनापछि फागुनमा अख्तियारमा दोस्रो उजुरी परेको थियो । दुईवटा उजुरी परेपछि अख्तियारले १२ फागुनमा छानबिन गर्न मन्त्रालयलाई पत्राचार गरेको थियो । त्यसपछि मन्त्रालयले अनुसन्धान प्रक्रिया अगाडि बढाएको हो ।

दुईपटक छानबिन समिति गठन

सुरुमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)का बोर्ड सदस्य अञ्जन धमलाको संयोजकत्वमा छानबिन समिति गठन भयो । धमलाको संयोजकत्वमा केही काम नभएपछि मन्त्री चौधरीले ११ जेठमा राखेप बोर्ड सदस्य रञ्जना प्रधानको संयोजकत्वमा एनपिएलको छानबिन कार्यदल गठन गरेका थिए । यो कार्यदलले क्यानका अध्यक्ष चतुरबहादुर चन्द र सचिव खड्कासँग दुईपटक छानबिनका लागि सहयोग गर्न र आवश्यक कागजपत्र उपलब्ध गराउन भनी पत्राचार गरेको थियो ।

तर, क्यानले दुवैपटक कार्यदलको अनुसन्धानमा सहयोग गरेन । त्यसपछि गत असारमा प्रधानले पदबाट राजीनामा दिँदै मन्त्रीसमक्ष कार्यदलको प्रतिवेदन बुझाएकी थिइन् । 'छानबिनका क्रममा क्यानले असहयोग गऱ्यो र यसको थप अनुसन्धान हुनुपर्छ,' कार्यदलले मन्त्रीलाई बुझाएको प्रतिवेदनमा उल्लेख छ । यसै प्रतिवेदनको सुझावका आधारमै मन्त्री चौधरीले नयाँ छानबिन समिति छिट्टै बनाइने जनाएका हुन् । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्राचार गरेपछि हामीले छानबिन कार्यदल गठन गरेका थियौँ, तर क्यानले छानबिनका लागि आवश्यक कागजपत्र उपलब्ध गराएन,' उनले भने, 'त्यसैले पहिलो संस्करणको विषयमा विस्तृत छानबिन आवश्यक छ । हामी अख्तियारलाई जिम्मा दिने कि आफैँ छानबिन गर्ने विषयमा छलफलमा छौँ ।'

कार्यदलबाट राखेपको लेटरप्याड दुरुपयोग

प्रधान संयोजक रहेको कार्यदलले क्यानलाई मन्त्रालयको नभएर राखेपको लेटरप्याडमा पठाइएको थियो । प्रधानले राखेपकै आधिकारिक लोगोअंकित लेटरप्याड प्रयोग गरी क्यानलाई छानबिनमा सहयोग गर्न भनी पत्र काटेकी थिइन् । तेस्रोपटक कार्यदलले क्यानलाई पत्र पठाउँदा राखेपका सदस्यसचिव टंकलाल घिसिङले लेटरप्याडको दुरुपयोग भएको आरोप लगाएका थिए । 'राखेपले एनपिएलको सम्बन्धमा कुनै पनि छानबिन गरेको छैन । मन्त्रालयले गठन गरेको समितिले गरेको हो । कार्यदलले हाम्रोको लेटरप्याड प्रयोग गरी पत्र पठाइको छ । यो राखेपको आधिकारिक निर्णय होइन,' राखेपका सदस्यसचिव घिसिङले भनेका थिए, 'यसमा हाम्रो गम्भीर ध्यानाकर्षण छ । भविष्यमा राखेपको लेटरप्याड प्रयोग नगर्न सूचित गरिएको छ ।'

अन्तिम चरणमा एनओसीको तदर्थ समिति गठन प्रक्रिया

खेलकुद मन्त्रालयले जीवनराम श्रेष्ठको नेतृत्वमा रहेको नेपाल ओलम्पिक कमिटी (एनओसी) विघटन गर्दै तदर्थ समिति गठन गर्ने तयारी गरेको छ । मन्त्री चौधरीले एनओसीले गैरकानुनी रूपमा काम गरिरहेको बताउँदै तदर्थ समिति गठन गर्न आफू अन्तिम चरणमा रहेको जानकारी दिएका छन् । 'श्रेष्ठ अध्यक्ष रहेको एनओसीलाई राखेपले अवैध मानेको छ । २० राष्ट्रिय खेल संघले उजुरी दिएका छन्,' उनले भने, 'अदालतको आदेश लागू गराउन राखेप लागिपरेको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)लाई पत्र फेरि लेख्छौँ र तदर्थ समिति गठन हुन्छ ।'

गत १३ पुसमा ओलम्पिक कमिटीको विधान संशोधन गर्दै श्रेष्ठ तेस्रोपटक अध्यक्ष बनेका थिए । उनी निर्विरोध भएपछि एनओसी र सरकारबिचको दूरी बढेको हो । गैरकानुनी रूपमा भएको निर्वाचनलाई मान्यता नभएको बताउँदै सरकारले सातदोबाटोस्थित ओलम्पिक कमिटीको भवनमा ताला लगाएको छ । मन्त्रालयले एनओसीका पदाधिकारीलाई विदेश भ्रमण र बैंक खाता नै रोक्का गरेको छ । 'हामीले विदेश भ्रमणमा रोक लगाएका छौँ । भर्खरै बैंक खाता रोक्का पनि भयो । तर, पदाधिकारी आफ्नो घरायसी कारण देखाएर विदेश जान सफल भइरहेका छन्,' मन्त्री चौधरीले भने ।

मन्त्री चौधरीले जापानमा अर्को वर्ष हुने २०औँ एसियाली खेलकुदको तयारी सुरु भएको बताउँदै तदर्थ समितिले नै सबै प्रक्रिया सुरु गर्ने बताए । 'अहिले खेलाडी एसियाडको तयारीमा छन् । हामी गठित तदर्थ समितिबाट नै २०औँ एसियालीका लागि प्रक्रिया अगाडि बढाउँछौँ ।' अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले अध्यक्ष श्रेष्ठ र महासचिव राजीव श्रेष्ठसहितको कार्यसमितिलाई नै मान्यता दिएको छ । यही कार्यसमितिले गत असारमा २०औँ एसियाडका लागि ३० खेलको दर्ता प्रक्रिया पूरा गरेको थियो ।

NEPAL OLYMPIC COMMITTEE

मन्त्रालयलाई २७ मध्ये २२ संघको साथ

एनओसी विघटन गर्न र तदर्थ समिति बनाउन ओलम्पिकमा आबद्ध २७ मध्ये २२ संघको साथ रहेको चौधरीले बताए । 'यसै २२ संघको साथमा हामी तदर्थ समिति गठन गरेको विषय अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)लाई गराउँछौँ,' उनले भने । ओलम्पिकमा फेन्सिङ, ट्रायथलन, हकी, फुटबल, भलिबल, तेक्वान्दो, बक्सिङ, एथ्लेटिक्स, जिम्न्यास्टिक, सुटिङ, कुस्ती, कबड्डी, बास्केटबल, घोडचढी, टेबुलटेनिस, ह्यान्डबल, पौडी, उसु, ब्याडमिन्टन, साइक्लिङ, भारोत्तोलन र नेपाल टेनिस संघका प्रतिनिधिले मन्त्रालयलाई साथ दिने भएका छन् ।

२२ मध्ये केही संघलाई अन्तर्राष्ट्रिय मान्यता नभएको विषयमा मन्त्रीले आफूहरूसँग रहेका संघले काम गरिरहेको र काम गर्ने संघलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने बताए ।

खेल संक्षेप

एभरेस्ट म्याराथन एम्समा आबद्ध

काठमाडौं/ एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)ले तेन्जिङ हिलारी एभरेस्ट म्याराथनलाई सदस्यता प्रदान गरेको छ । एभरेस्ट म्याराथन विश्व रनिङको साझा संस्था एम्समा नेपालबाट आबद्ध हुने पाँचौँ सदस्य हो । यसअघि नेपालगन्ज म्याराथन, पोखरा इन्टरनेसनल म्याराथन, काठमाडौं म्याराथन र नेपालगन्ज १० नाइट रनले एम्सको सदस्यता लिएका थिए । एभरेस्ट म्याराथनले एम्सको सदस्यता प्राप्त गरेको एम्सदूत टिएस ठकुरीले बताए । 'एम्सको सदस्य संख्या वृद्धि हुनुले नेपालमा रनिङ संस्कृति बढ्दै गएको हो,' ठकुरीले भने ।

खेल पत्रकार थापाको पुस्तक विमोचन

काठमाडौं/ खेलकुद पत्रकार विष्णु थापाद्वारा लिखित 'खेलाडी : संघर्षदेखि सफलतासम्म' पुस्तक विमोचन भएको छ । उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले शुक्रबार पुस्तकको विमोचन गरेका हुन् । सिंहले खेलकुद राष्ट्रको समृद्धि मापन गर्ने महत्त्वपूर्ण कडी भएको बताउँदै पुस्तक भावी पुस्ताका लागि प्रेरणाको स्रोत हुने बताए । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले खेलाडीका विषयमा समाचार आए पनि पुस्तकका रूपमा संगृहीत हुन नसकिरहेको बताए । लेखक थापाले करिब पाँच दर्जन खेलाडीको संघर्ष, सफलता र चर्चालाई समेटेर पुस्तक प्रकाशन गरिएको बताए ।

डब्लुकेएफओको सेमिनार सुरु

काठमाडौं/ विश्व फुल कन्ट्याक्ट किकबक्सिङ संगठन (डब्लुकेएफओ)द्वारा आयोजना गरिएको बेल्ट ग्रेडिङ, रेफ्री तथा प्रशिक्षक सेमिनार शुक्रबारदेखि सुरु भएको छ । सेमिनारमा डब्लुकेएफओका अन्तर्राष्ट्रिय अध्यक्ष ब्रायन डब्लु बेकको उपस्थिति थियो । प्रशिक्षक, रेफ्री तथा विभिन्न डोजोबाट सहभागी खेलाडीले प्रशिक्षणमा भाग लिएका छन् । यस सेमिनारले नेपालको किकबक्सिङ खेलको गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने संघले जनाएको छ । डब्लुकेएफओ अध्यक्ष बेकले नेपालमा किकबक्सिङप्रतिको लगाब रहेको बताए ।

चर्च ब्वाइजले आर्मीलाई हरायो

काठमाडौं/ चर्च ब्वाइज युनाइटेडले शुक्रबार एन्फा यू-१६ युथ लिगमा विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबलाई ३-१ ले हराएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा चर्च ब्वाइजको जितमा आर्यन नेगीले दुई र सुशन थापामगरले एक गोल गरेका थिए । आर्मीका सोहित वाइबाले एक गोल फर्काए । नेगीले खेलको ३४औँ तथा ४५औँ मिनेटमा गोल गरेका थिए । चर्च ब्वाइजका सुशनले इन्जुरी समयमा गोल गरे । आर्मीका सोहितले ५८औँ मिनेटमा सान्त्वना गोल फर्काए । चर्च ब्वाइजको १० खेलबाट १७ अंक भएको छ । समान खेलबाट आर्मीको ६ अंक छ । अर्को खेलमा न्युरोड टिम (एनआरटी) र मनाङ मर्स्याङ्दी क्लबबिच गोलरहित बराबरी भयो ।

लस एन्जलस ओलम्पिकको क्रिकेटमा महादेशीय छनोट प्रस्ताव

आइसिसीले प्रत्येक महादेशका शीर्ष टोली छनोट हुने प्रस्ताव राख्दा पाकिस्तान र न्युजिल्यान्डले ओलम्पिक गुमाउन सक्ने

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सन् २०२८ मा अमेरिकाको लस एन्जलस ओलम्पिकमा क्रिकेटका लगि महादेशीय छनोट प्रणाली प्रस्ताव राखेको छ । गत महिना अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले लस एन्जलस ओलम्पिकमा क्रिकेट विधा समावेश गर्ने निर्णय गरेको थियो । आइओसीले पुरुष र महिला दुवै विधामा समान ६ टोली सहभागी हुने जनाएको थियो । सन् १९९० पछि ओलम्पिकमा क्रिकेट विधा फर्किएको हो । एक सय २८ वर्षअघि अन्तिमपटक पेरिस ओलम्पिकमा क्रिकेट समावेश हुँदा बेलायतले स्वर्ण जितेको छ ।

दुई वर्ष आयोजना हुने संस्करणमा आइओसीले ओलम्पिकमा राष्ट्रहरूको सहभागिता र छनोट प्रक्रिया सबै अधिकार आइसिसीलाई दिएको थियो । जसअनुसार आइसिसीले पुरुष तथा महिलातर्फ महादेशीय प्रणालीअनुसार टोली निर्धारण हुने जनाएको छ । उसले आइसिसीको वरीयताअनुरूप नभएर महादेशमा शीर्ष स्थानमा रहने राष्ट्र मात्र ओलम्पिकमा सहभागी हुने जनाएको छ । यसअनुसार प्रत्येक महादेशबाट शीर्ष वरीयतामा रहेका पुरुष र महिलामा समान एक टोलीले ओलम्पिकमा स्थान बनाउनेछ ।

यो निर्णय ओलम्पिकको भावनाअनुसार विश्वभरका राष्ट्रहरूको प्रतिनिधित्व सुनिश्चित गर्न लिइएको आइसिसीले जनाएको छ । यही नियम लागू भए विश्व क्रिकेटका पाकिस्तान, न्युजिल्यान्ड र श्रीलंकाजस्ता बलिया राष्ट्रहरूले ओलम्पिक गुमाउने पक्का छ । ओलम्पिकमा क्रिकेट विधा टी-२० फर्म्याटमा हुनेछ । पछिल्लो आइसिसी टी-२०



वरीयतामा एसियामा भारत छनोट हुनेछ । यसले पाकिस्तान बाहिरिने सुनिश्चित छ । त्यसैगरी, ओसियानाबाट अस्ट्रेलिया, युरोपबाट इंग्ल्यान्ड, अफ्रिका महादेशबाट दक्षिण अफ्रिका र अमेरिका महादेशबाट आयोजक अमेरिका वा क्यारेबियन राष्ट्रमध्ये एकले स्थान बनाउनेछ ।

छैटौँ राष्ट्रका लागि ग्लोबल छनोट पनि हुने

पाँच महादेशबाट पाँच टोली वरीयताअनुसार सीधै छनोट हुनेछन् । आइसिसीले छैटौँ टोलीका रूपमा ग्लोबल क्वालिफायर आयोजना गर्ने सम्बन्धमा आइसिसीले छलफल गरिरहेको छ । आयोजक राष्ट्र अमेरिकालाई सीधै प्रवेश दिनेबारे छलफल भएको छ । तर, अमेरिकाको पुरुष टोलीका खेलाडीको नागरिकता र महिला टोली शीर्ष २० वरीयतामा पनि नरहेकाले आइसिसीले निर्णय गरेको छैन ।

इंग्ल्यान्ड, स्कटल्यान्ड र आयरल्यान्डले मिलेर 'ग्रेट ब्रिटेन क्रिकेट' नामक टोली गठन गरेका छन् । तीनवटै राष्ट्रका एकै संयुक्त टोली हुनेछन् । वेस्ट इन्डिजले पनि आफ्ना सदस्य राष्ट्रबिच छनोट प्रतियोगिता गराएर विजेतालाई पठाउने प्रस्ताव आइसिसीलाई पठाएको छ । सन् २०२८ पछि २०३२ को ब्रिसबेन र सन् २०३६ को ओलम्पिकमा आठदेखि १२ टोलीसम्म पुऱ्याउने आइसिसीको योजना छ ।

'हामीलाई आशा छ, अर्कोपटकको ओलम्पिकमा थप राष्ट्रहरूबिच प्रतिस्पर्धा हुनेछ,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यसपटक महादेशीय वरीयताका आधारमा छनोट प्रावधान अगाडि बढाइएको छ ।' सन् २०३६ को ओलम्पिकका लागि कतार, साउदी अरेबिया र भारतले दाबी प्रस्तुत गर्ने तयारी गरेका छन् ।

पलेशाले जितिन् एसियाली पारा तेक्वान्दोमा पदक

दसौँ एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जी ४) अन्तर्गत के ४४ क्याटागोरीको महिला ५७ केजी तौल समूहमा पलेशा गोवर्द्धनले हात पारिन् कांस्य पदक

नयाँ पत्रिका

पलेशा गोवर्द्धनले मलेसियामा भएको दसौँ एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जी ४) मा कांस्य पदक जितेकी छिन् । करिअरमा उनको यो छैटौँ अन्तर्राष्ट्रिय पदक हो । मलेसियाको कुचिङमा भएको च्याम्पियनसिपको के-४४ क्याटागोरीको महिला ५७ केजीमुनिको सेमिफाइनलमा पलेशा चीनकी ली युज्जीसँग १४-० ले पराजित भइन् । युज्जीविरुद्ध पलेशाले पहिलो तथा दोस्रो चरणमा राम्रो खेल्न सकिनन् । उनी चरणमा ४-० र दोस्रोमा १०-० ले पछि परिन् ।



यसअघि पलेशाले क्वार्टरफाइनलमा उज्वेकिस्तानकी जुराएभा कमोलालाई २३-६ ले हराउँदै सेमिफाइनल स्थान पक्का गरेकी थिइन् । यसअघि पलेशाले युथ एसियन गेम र पारा ओलम्पिक एसियाली छनोटमा स्वर्ण पदक जितेकी थिइन् । उनले गत वर्ष पेरिस पारा ओलम्पिकमा ऐतिहासिक रूपमा कांस्य जितेकी थिइन् । यसैगरी, एसियन खेलकुद र एसियन च्याम्पियनसिपमा पनि उनले मुलुकलाई कांस्य पदक दिलाएकी थिइन् ।

कविराज नेगी लामाको प्रशिक्षणमा नेपालले पारा तेक्वान्दोमा जितेको यो १२औँ अन्तर्राष्ट्रिय पदक हो । उनको नेतृत्वमा नेपालले तीन स्वर्ण, दुई रजत र सात कांस्य पदक हात पारेको थियो । चीनको सांघाईमा अध्ययन गरिरहेकी पलेशा त्यहीँबाट प्रतियोगितामा सहभागी हुन मलेसिया पुगेकी थिइन् । २४ जुलाईदेखि १ अगस्टसम्म भएको प्रतियोगितामा पलेशासहित पाँच खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

पुरुष ५८ केजीमुनि भरतसिंह महतो तथा ६३ केजीमुनि अमिर भ्लोनसँगै महिला ४७ केजीमुनि कामना प्रसाईं र रेणु तामाङले प्रतिस्पर्धा गरेका थिए । पलेशाबाहेक अन्य पारा नेपाली तेक्वान्दो खेलाडी पहिलो चरणबाटै बाहिरिएका थिए ।

गिलले तोडे गावस्करको ४७ वर्ष पुरानो रेकर्ड

लर्डस्/ भारतका टेस्ट कप्तान शुभमन गिलले पूर्वकप्तान सुनील गावस्करको नाममा रहेको ४७ वर्ष पुरानो रेकर्ड तोडेका छन् । इंग्ल्यान्डविरुद्धको पाँचौँ तथा अन्तिम टेस्टको पहिलो इनिङ्समा गिलले २१ रन जोडेपछि गावस्करको रेकर्ड भंग भएको हो । विदेशी भूमिमा भारतका लागि टेस्ट फर्म्याटमा एकै सिरिजमा सर्वाधिक रन बनाउने ब्याट्सम्यानका रूपमा गिल उत्कृष्ट बनेका छन् । उनले इंग्ल्यान्डविरुद्ध अहिलेसम्म सात सय ४३ रन जोडेका छन् ।



गिलले गावस्करको सन् १९७८/७९ को प्रदर्शनलाई पनि उछिनेका हुन् । गावस्करले वेस्ट इन्डिजविरुद्ध सात सय ३२ रन बनाएका थिए । इंग्ल्यान्डविरुद्धको पहिलो इनिङ्समा गिलले रन लिने प्रयासमा आफ्नो विकेट गुमाए । गावस्करले एकै टेस्टमा सबैभन्दा धेरै सात सय ७४ रन बनाउने कीर्तिमान राखेका छन् । उनले १९७१ मा वेस्ट इन्डिजविरुद्धको डेब्यु टेस्ट सिरिजमै यस्तो प्रदर्शन गरेका थिए । गिलले भारतको दोस्रो इनिङमा ४२ रन बनाउँदा गावस्करलाई तोडिनेछ ।

पाँचौँ टेस्टमा भारतले कमजोर ब्याटिङ प्रदर्शन गरेको छ । भारत ६९.४ ओभरमा दुई सय २४ रनमै समेटिएको छ । भारतका लागि करुन नायरले सर्वाधिक ५७ रन जोडेका थिए । भारतले ३८ अतिरिक्त रन पाएको थियो ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।




बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com